
ललित सन्देश



आपदामपहर्तारं दातारं सर्व सम्पदाम् ।
सीताभि रामं श्रीरामं भूयो भूयो नमाम्यहम् ।।



"जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी"

सनातनधर्म सेवा समितिको रजत जयन्ती

तथा

राम नवमी ०४८ एवं नयाँ वर्ष ०४९

को

शुभ-उपलक्ष्यमा

हार्दिक शुभकामना



– विशाल काष्ठ कार्यालय

पाटन औद्योगिक क्षेत्र

ललितपुर, फोन नं. ५२२४०१

ॐ

श्री गणेशाय नमः

ललित-सन्देश

(दोस्रो प्रकाशन)

वर्ष- ४, ❋ विक्रम सम्बत् २०४९, ❋ ने. सं. १११२, ❋ ई. सं. १९९२, ❋ अंक- १



आवरण सजावटः- आशाबहादुर नुगः

सम्पर्क फोन नम्बरहरूः- ५-२३०७०, ५-२६२८७, ५-२१३८७

श्रद्धा सुमनः- १५ रू.

प्रकाशकः- सनातनधर्म सेवासमिति, ललितपुर जिल्ला शाखा, सातदोबाटो ।

सनातनधर्म सेवासमिति


को

रजत जयन्ती

तथा नयाँ वर्ष

२०४९ को शुभ–उपलक्ष्यमा

हार्दिक शुभकामना



वगलामुखी काष्ठ उद्योग

प्रयाग पोखरी, ललितपुर ।

फोन नं.:– ५–२२०६६

सम्पादकीय

सनातनधर्म सेवासमितिको अर्थ गहन छ। यसका कारण पाँचवटा छन्, जसले सनातनलाई बुझाउँदछन्। यस समितिको उद्देश्य अनुरूप वर्तमान समयमा यसले निकै ख्याति प्राप्त गरेको छ, यसमा मुख्य कारण— साधना, सेवा र संगठन हो।

विशाल परिधि भएको यस समितिले कसैलाई तिरस्कारको भावनाले न हेरेको हुनाले पनि यो निकै लोकप्रिय बनेको हो भन्न अत्युक्ति नहोला।

यस ललितपुर जिल्ला शाखाको २०४८ आषाढ २६ गते पुनर्गठन भएर सोही वर्ष अर्थात् ५ महिनाको अवधिमै यस शाखाले विभिन्न सेवामूलक कार्यक्रमहरूका साथ–साथै अक्षयकोष स्थापनार्थ श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ गर्नु एक उदाहरणीय कार्य हो। यी कार्यक्रमहरू हुन सक्नु पनि नव गठित कार्य समितिमा एक वृहद् उमङ्ग, जोश र जांगरको परिणाम हो।

यसै गरी सनातनधर्म सेवासमिति, ललितपुर शाखाले यसभन्दा पहिले पनि वार्षिक मुखपत्रिकाको रूपमा "ललित सन्देश" प्रकाशित गरिसकेको छ। जसमा विभिन्न विद्वान, प्राज्ञमहानुभावहरूका लेख, रचनाहरू समावेश गरिएका हुनाले हाम्रो हिन्दू समाज मात्र नभएर विश्वकै सम्पूर्ण समाजहरू लाभान्वित हुने आशा छ।

यसै गरी यस दोस्रो प्रकाशनमा पनि हरेक विद्वान-हरूका लेख रचनाहरू, र सम सामयिक अन्तर्वार्ताहरू समावेश गर्न पाइएकोमा अपार हर्ष लागेको छ। जसले गर्दा हामी को हौं, हाम्रो कर्तव्य के हो, मानव भनेको के हो आदि विशेष ज्ञानबाट सम्पूर्ण पाठक–पाठिका तथा राष्ट्र प्रेमी, समाज प्रेमी, अध्यात्म प्रेमीहरू आफूबाट छुटेको मार्गलाई चिनेर सही मार्गमा लागी उन्नत जीवन जिउन सक्नुहुनेछ।

पत्र–पत्रिकाको माध्यमबाट आफ्नो पारिचयिक ज्ञान जन समक्ष पुऱ्याउन उत्साहित गर्दै सक्षम बनाउने विद्वानहरूको सहयोगले नै यो पत्रिका प्रकाशन सम्पन्न भएको हो। यसमा आफ्ना गहन लेख रचनाहरू दिने विद्वान महानुभावहरू एवं आर्थिक सहयोगार्थ विज्ञापन दिने "विज्ञापनदाताहरू"मा यसै स्तम्भबाट भगवान श्री रामको जन्म २०४८ र २०४९ नयाँ वर्षको शुभ–कामना व्यक्त गर्दछ—

〜 अस्तु 〜




शुभ-कामना

सनातनधर्म सेवासमिति जिल्ला शाखा ललितपुरले श्री रामनवमी २०४८ तथा नयाँवर्ष ०४९ को उपलक्ष्यमा वार्षिक मुखपत्र प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा मलाई खुशी लागेको छ । साथै, प्रकाशन हुन गैरहेको मुखपत्रले स्वस्थ आध्यात्मिक विकासको कार्यमा सराहनीय योगदान गर्ने छ भन्ने आशा र विश्वास राखेको छु ।

भवदीय,
कृष्ण प्रसाद भट्टराई








"वयं राष्ट्रे जागृयाम पुरोहिताः" भन्ने ऋग्वेदको मन्त्रलाई लिएर विचार गर्दा मानव मात्रको मात्रै नभएर समस्त प्राणी मात्रको आश्रयभूमि राष्ट्र नै रहेछ भन्ने इतिहासबाट प्रस्ट हुन्छ। तर प्राणीहरू वस्ने पृथ्वीमा अनेक राष्ट्रहरू बनेका छन्। ती राष्ट्रहरूमध्ये नेपाल विश्वको एक मात्र "हिन्दूराष्ट्र" हो। हिन्दूराष्ट्र नेपालमा उदारतापूर्वक अनेक धर्मावलम्वी समाज निवास गर्दछन्। तर सबैको लक्ष्य सबैले अग्रसर भएर राष्ट्रका निम्ति जागृत रहनु नै मूल उद्देश्य हो। परन्तु राष्ट्रमा कुन कुन कुराले कुन कुन क्षेत्रमा कसरी जागृत रहने भन्ने प्रश्न गरिरहनु पर्दैन विज्ञ जनहरूको सामु। हर कसैले आफ्नो राष्ट्र तथा आफ्नो धर्मसंस्कृति रक्षाको लागि सदा अग्रसर रहनै पर्छ, होइन भने त्यो राष्ट्रभक्त हुन सक्दैन, त्यो ईश्वरभक्त हुन सक्दैन। धर्मभक्त पनि हुन सक्दैन। त्यसैले राष्ट्रलाई सेवा पुऱ्याउने विविध विषय मध्ये पत्र–पत्रिका विभाग पनि एक हो। पत्र–पत्रिकाहरूमध्ये पनि धार्मिक, ऐतिहासिक, साहित्यिक, वैज्ञानिक, राजनीतिक आदि अनेक हुन्छन्। ती सबैका आ–आफ्ना लक्ष्य छन्। ती मध्ये शुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक आदि अनेक सन्देश बोकेर राष्ट्र र समाजको सामुन्ने उपस्थित हुने पत्रिका हो, "ललित सन्देश"। यो मूलतः धार्मिक पत्रिका हो। ललित सन्देश प्रथमांक निकालिसकेको छ पहिलो अङ्कलाई मनोयोगले पढ्ने अवसर पाएँ। चिन्तन सामग्रीको दृष्टिकोणले भाषा, छपाई, आकारको दृष्टिकोणले हेर्दा प्रथमांक ललित सन्देश आफ्नो उद्देश्यमा सफल भएको देखें। यस्तै दोस्रो अङ्क ललित शन्देश निकालने भयौं भनेर मुकुन्द प्रसाद निरौला मकहाँ आउनुभयो। मलाई प्रथम अङ्क जस्तै दोश्रो अङ्क ललित सन्देशले अझ बढी उत्साहको साथ ललित कला आदि सामग्री बोकेर पाठक पाठिकावृन्द सामु उपस्थित हुनेछ भन्ने विश्वास लागेको छ। यसरी नै ललित सन्देशले उत्तरोत्तर उन्नति गरोस् भन्ने शुभ–कामना गर्दछु।

– डा. स्वामी प्रपन्नाचार्य

यस प्रकाशनको प्रसाद



भगवान राम जन्म
को
पावन पर्व २०४८
एवं
नयाँ वर्ष २०४९ को
शुभ-उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना



ललितपुर उद्योग वाणिज्य संघ
पाटन दरवार मार्ग

हाम्रो आस्था र आराध्यस्थल

– डा० गोविन्द टण्डन

व्यक्ति, समाज, राष्ट्र एवं विश्वको नै समष्टिगत वास्तविक अभ्युत्थानको निमित्त धर्म एक सर्वोपरि, अपरिहार्य र आधारभूत साधन हो । धर्मकै परिपालनबाट मानव हृदयमा सत्य, दया, तपस्या, शौच, तितिक्षा, संयम, इन्द्रियदमन, अहिंसा, ब्रह्मचर्य, त्याग, सरलता, सन्तोष, समदर्शी भावना आदि जस्ता चारित्रिक एवं नैतिक गुणहरूको प्रस्फुटन हुन्छ । धर्मको रक्षा हामीले गर्न सकेमा धर्म हाम्रो रक्षा गर्न सक्षम हुनेछ । त्यसैले वेदको मन्त्रले भन्छ "धर्मो रक्षति रक्षितः" संसारका प्रत्येक देश र सभ्यतामा देश, काल, परिस्थिति अनुकूल आ–आफ्ना प्रकारका धर्महरूलाई विकास र अङ्गीकार गरिएको पाइन्छ । तिनीहरूमध्येमा विश्व मानव इतिहासमा सबभन्दा प्राचीनतम धर्म सनातन हिन्दू धर्म हो । हिन्दूधर्मभित्र वैदिक, बौद्ध, जैन र सिक्ख धर्म समेटिएका छन् । हिन्दू धर्मको अवलम्बन गर्ने व्यक्तिहरू संसारका विभिन्न देशहरूमा बसेका छन् । तर हिन्दू राष्ट्रकै रूपमा संविधानद्वारा घोषित राष्ट्र संसारमा नेपाल मात्रै छ । यसैले हिन्दू धर्म हाम्रो राष्ट्रिय धर्म हो । हाम्रो गौरव हो ।

धर्म सत्यबाट पैदा हुन्छ । दया र दानले बढ्छ । क्षमाले धर्मलाई स्थायी बनाउन सघाउ पुऱ्याउँछ । क्रोधले धर्म नष्ट हुन्छ । अशुद्धि हटाउनु, स्वभाव सुधार्नु र समष्टिमा चरित्रको निर्माण गर्नु धर्मको लक्ष्य हो । क्रोध, द्वेष, अधर्म हुन् अर्थात पाप हुन् । क्षमा, दान, दया धर्म हो, किनभने तिनीहरूले धर्मको अभिवृद्धिमा सघाउ पुऱ्याउँछन् । धर्ममा हुनुपर्ने यी सम्पूर्ण आधारभूत तत्त्वहरू हिन्दू धर्ममा सन्निहित छन् । हिन्दू धर्म केवल धर्म मात्र नभई यो एउटा जीवन पद्धति पनि हो । धर्म, उपासना र ज्ञान हिन्दू धर्मका आफ्ना अनुपम विशेषताहरू हुन् ।

जीवलाई शिवसम्म, आत्मालाई परमात्मासम्म र नरलाई नारायणसम्म पुग्न सक्ने जीवन लक्ष्यप्रति निर्देश र सङ्केत गर्न हिन्दू धर्म एउटा विशाल अक्षय वृक्ष हो जसका सहस्रौं हांगा–बिंगाहरू छन् र जसलाई हिन्दूत्वको एउटै मूलले आफूमा समेटेको छ । मुख्यतः हिन्दू धर्मका चार ठूला हांगा छन्,– वैदिक, बौद्ध, जैन र सिक्ख । फेरि ती चार हांगाबाट अनेकन उपशाखाहरू झांगिएका छन् । तिनीहरू विविध मत र सम्प्रदायका नामबाट चिनिन्छन् । ती सबैको समष्टि नाम नै हिन्दू धर्म हो । यद्यपि उनीहरूका आ–आफ्नै आचारशास्त्र, दर्शन एवं साधनापद्धतिहरू छन् । तर हिन्दू धर्म-संस्कृतिकै पुष्टिको क्रममा उद्भव एवं विकास भएको वास्तविकताको कारण ती मत–मतान्तर, शाखा, सम्प्रदायहरूमा एकताका केही अविभाज्य समान सूत्रहरू छन् । साधन र माध्यम फरक देखिन सक्छ तर लक्ष्य चाहिं एउटै छ ।

हिन्दू राष्ट्र नेपालको धार्मिक परम्परा प्राचीनकालदेखि नै ज्यादै सद्भावमय रहँदै आएको कुरा ऐतिहासिक सामग्रीहरूको परिशीलनबाट बुझ्न सकिन्छ। प्राचीनकालदेखि नै यहाँ मुख्यतः हिन्दू धर्मका वैदिक र बौद्ध मत प्रचलित रहँदै आएको देखिन्छ। यद्यपि विक्रमको छैठौं शताब्दिभन्दा अघिको नेपालको धार्मिक परम्पराको बारेमा प्रकाश पार्न सामग्रीहरूको न्यूनता छ तर अनेक त्याग तपस्या सम्पन्न त्रिकालदर्शी ऋषिमहर्षिहरूको जन्मथलो भएको नाताले कतिपय वैदिक वाङ्मय यहीं रचिए,, वेद मन्त्रहरूको साक्षात्कार भयो। यसैले यो राष्ट्र तिनका चिन्तन, मनन्, अनुसन्धान, दर्शन र सन्देश आदिको प्रभावबाट विकसित भएको चिरन्तन शास्वत आर्य संस्कृतिको सर्वोत्कृष्ट मूलथलो हो। बौद्ध दर्शन पद्धतिका प्रमुख आदि बुद्धहरूमध्ये कनक, क्रकुच्छन्द एवं शाक्यमुनि गौतम बुद्धको जन्मभूमि पनि यही राष्ट्र रहनुले यहाँ समन्वयात्मक धार्मिक परम्पराको सुखद स्थिति युगौंयुगदेखि बन्दै आएको छ। त्यस्तै जनक, गौतम, वाल्मीकि जस्ता त्यागी, सन्त, ऋषिहरू यहीं अवतरण भएको ऐतिहासिक साक्ष्य, जनश्रुति र परम्पराले छर्लङ्ग्याउँछ।

धर्म संधै नेपाली जन जीवनको मूलतत्त्व भएर रहेको छ। धर्म प्राण नेपालीहरूले धार्मिक, आध्यात्मिक समुत्थानका अतिरिक्त कला–वास्तुकला जस्ता सांस्कृतिक निधिहरूको विकासमा धर्मलाई नै अघि लाएर सम्भव तुल्याए। यसैले नेपाली जनजीवनको हरेक पक्षमा धर्मले आत्मसात गरेको छ। प्राचीनकालदेखि नै नेपालको धार्मिक वातावरण बडा सौहार्दमय र सद्भावमय रहि आएको पाइन्छ। यो कुरा एउटै आराध्यलाई उत्तिकै भक्तिभाव साथ विभिन्न मतानुयायीहरूले पूजा–अर्चना गरेको उल्लेख र त्यही चलन अहिलेसम्म अविच्छिन्न रूपमा प्रचलनमा रहनुले पनि स्पष्ट पार्दछ।

धार्मिक आस्था त्यस प्रतिको श्रद्धा र विश्वासको कारणले गर्दा नै नेपालमा यथाविधि मन्दिर, मूर्ति, स्तूप, विहारहरूको स्थापना हुन गएको हो। एकताका अहिलेको भन्दा भिन्न हाम्रो जन जीवनमा हर मानिस कीर्ति राख्न चाहन्थ्यो। कीर्ति राखे पुण्य हुन्छ, धर्म हुन्छ भन्ने भावनाले समाजमा व्यापकता पाएको थियो। फलतः मानिसहरू जीवनको लक्ष्य कुनै कीर्ति राख्नुलाई सम्झन्थे। त्यसैले गर्दा कसैले मन्दिर बनाए, कसैले विहार वा स्तूप, कसैले ढुङ्गेधारा, पाटी, पौवा जस्ता लोकोपकारी कीर्तिहरूको स्थापना गरी तिनको रेखदेख, स्याहार-सम्भार जस्ता कार्यको निमित्त सुनिश्चित व्यवस्था समेत बाँधिदिएको पाइन्छ। त्यो व्यवस्थालाई नेपाली जन जिब्रोले ''गुठी'' भन्यो।

धर्म प्रतिको लगाव र झुकावको कारण के प्राचीनकाल ? के मध्यकाल ? के आधुनिककाल ? मठ, मन्दिर, स्तूप, विहार जस्ता धार्मिक साधनास्थलहरू बनाउने प्रचलन समाजमा पाइन्छ। आधुनिक कालमा त्यसमा केही न्यूनता जरूर देखिएको छ। प्राचीन र मध्यकालमा ज्यादातर प्रचलन थियो। काठमाडौं खाल्डोमा नै यस्ता अनगिन्ती मठ, मन्दिरहरू रहेका छन्। नेपालको गौरव र प्रतिष्ठालाई बढाउन तिनीहरूको ठूलो योगदान छ।

काठमाडौं खाल्डो धार्मिक–साँस्कृतिक निधिहरूको प्रचुरताको कारण अत्यन्त सम्पन्न छ। काठमाडौं, पाटन र भक्तपुर शहरमा विद्यमान अनगिन्ती मठ, मन्दिर, स्तूप, विहार तथा मूर्तिहरूले गर्दा कुनै बेला विदेशी कला पारखीहरू ''नेपालमा जति मन्दिर छन् त्यत्ति मान्छे छन् र जति मा छे छन् त्यत्ति मन्दिर छन्'' भनी प्रशंसा गर्दथे। त्यो केही हदसम्म सार्थक पनि थियो। गल्ली, चोक, वाटो, दोबाटो, जताततै मूर्ति, मन्दिरहरू प्रशस्त छन्। हर पल, हर क्षणका कार्यहरू मांगलिक हुन् भनी बाटो–दोबाटोमा मूर्ति–मन्दिर स्थापना गर्ने चलनले व्यापकता पाएको हो। अझ बाटो, चौबाटोहरूमा विनायकका मूर्तिहरू स्थापना भएको ज्यादातर पाइन्छ। गणेश सिद्धिका प्रतीक मानिनुहुन्छ। यसैले गणेशका मूर्तिहरू प्रायशः नयाँ पुराना वस्तिको वरपर निकै पाइन्छन्। टोल–टोलको आफ्नो ''स्थान गणेश'' हुने चलन काठमाडौं खाल्डोमा प्रसिद्ध छ। व्रतबन्ध, विवाह जस्ता शुभ कार्यहरूको क्रममा आफ्नो ''स्थान गणेश''मा

गई पूजा–अर्चना गर्ने प्रचलन गणेश सिद्धिदाता हुनाले नै प्रश्रय पाएको देखिन्छ। सूर्य विनायक चन्द्र विनायक, सिद्धि विनायक र जल विनायकले काठमाडौं खाल्डोको रक्षा गरिरहनु भएको छ भन्ने जनश्रुति यहाँ पाइन्छ। शनिवार, मंगलवार जस्ता दिनहरूमा ती मन्दिरहरूमा श्रद्धालु भक्तजनहरूको विशेष भीड लाग्दछ। त्यो दिन प्रस्तरको गणेश मूर्तिमाथि पितलको पातामा उत्कीर्ण गरिएको मूर्तिले छोप्ने गरेको पाइन्छ। गणेशको आसन, स्थानमा तथा नृत्य तीनै किसिमका मूर्तिहरू यहाँ उपलब्ध छन्। दुई हातदेखि बत्तीस हात,एक टाउकोदेखि पाँच टाउकोको सम्मका गणेश मूर्तिको प्राप्तिले गणेशको सर्व सामर्थ्यता र शक्तिको सम्बन्धमा जनमानसमा रहेको धारणा अवगत हुन्छ। के वैदिक, के बौद्ध दुवैले गणेशजीलाई उत्तिकै श्रद्धा पूर्वक आराधना गर्दछन्। कुनै पनि बौद्ध विहारमा मूल ढोकाको दायाँ–बायाँ महाङ्काल र गणेश मूर्तिलाई क्षेत्रपालको रूपमा स्थापना गरी सर्वप्रथम पूजा गर्ने चलन नेपाली बौद्ध समाजमा छ। गणेश पाञ्चायन देव समूहमा अग्रगण्य स्थान राख्नुहुन्छ। यसैले कुनै पनि मांगलिक कार्यहरू गर्नुभन्दा अघि गणेशको पूजा–अर्चना हुन्छ :—

गणानां त्वा गणपतिं हवामहे
कविं कवीनामुपमश्रवस्तमम् ।
ज्येष्ठराजं ब्रह्मणां ब्रह्मणस्पत आ न ।
शृण्वन्नूतिभिः सीद सादनम् ।

आफ्ना आराध्यहरूलाई विविध शैलीका मन्दिरहरूमा राखी श्रद्धाभावसाथ राख्ने प्राचीन परम्परा हो। काठमाडौं खाल्डोमा यो प्रचलन लिच्छविकालदेखि नै पाइन्छ। लिच्छविहरूले नेपालमा निश्चित रूपले कहिलेदेखि शासन गरे भन्न गाह्रो छ। सम्भवतः विक्रमको पहिलो या दोस्रो शताब्दिदेखि वि. सं. ९३७ भन्दा अगाडिसम्म उनीहरूले निष्कण्टक राज्य चलाए। त्यसबेलाको इतिहास जान्ने शिलालेखहरू यत्रतत्र पाइन्छन्। नेपालको इतिहासमा लिच्छविकालको महत्त्वपूर्ण स्थान छ। त्यसकालका मूर्तिहरू नेपालको प्रतिनिधि कलाका नमुनाहरू हुन्। लिच्छविकालको जस्तो राम्रो, कलात्मक, र आकर्षक प्रस्तर मूर्तिहरू त्यसपछि बनेनन् भने हुन्छ। तर समयको लामो फेरले गर्दा लिच्छविकालका भव्य मन्दिरहरू बच्न सकेनन्। त्यस कालका प्रस्तर मन्दिरका अवशेषहरू भने यताउता छरिएका पाइन्छन्। शिवलिंग मात्र छोप्ने किसिमका चारस्तम्भयुक्त मन्दिर त्यति बेला प्रचलनमा थिए। लिच्छविकाल वास्तुकलाको लागि प्रसिद्धकाल मानिन्छ। "कैलासकूट" भवनको ख्याति चीनसम्म पुगेको थियो।

चाँगुनारायण, स्वयम्भू, बौद्धनाथ, पशुपतिनाथ, जयवागीश्वरी, मानमानेश्वरी धन्जो चैत्य जस्ता आराध्यहरूको ख्याति लिच्छविकालदेखि नै थियो। लिच्छवि राजा हरिदत्त वर्माले चाँगुनारायणको स्थापना गरेका थिए। त्यहाँ राजा मानदेव प्रथमले वि. सं. ५२१ मा गरुडध्वजको स्थापना गरेका थिए। युगौंयुगदेखि चाँगुनारायण मन्दिरमा नेपालीहरूले श्रद्धाभक्ति दर्शाउँदै आएका छन्। त्यहाँ भएका कलाकृतिहरू यसका उदाहरण हुन्।

स्वयम्भूलाई वंशावली र जनश्रुतिले स्वयं उत्पन्न भएको रूपमा उल्लेख गरेका छन्। स्वयम्भू, बौद्धनाथ आदिको ख्याति नेपालका बौद्ध धर्मानुयायीहरूमा मात्र प्रसिद्ध न भैकन तिब्बत र चीनसम्म पनि उहिलेदेखि नै प्रसिद्धि थियो। यस्ता स्तूपहरू प्रसिद्ध बौद्ध आचार्यहरूको अस्तु धातु राखेर संस्मरण स्वरूप निर्माण गर्ने प्राचीन परम्परा छ। स्तूपको चार दिशामा पूर्वपट्टि अक्षोभ्य, दक्षिणपट्टि रत्नसम्भव, पश्चिममा अमिताभ र उत्तरपट्टि अमोघसिद्धि र स्वयं स्तूपलाई चाहिं वैरोचनको प्रतीक मानिन्छ। तिनीहरू ती ती दिशाका अधिपति मानिन्छन्।

कलात्मक प्रस्तर चैत्यको निर्माण बौद्ध धर्मानुयायीहरूमा अत्यन्त प्रसिद्ध छ। प्राचीन कालका प्रस्तर चैत्यहरू भव्य र आकर्षक छन्। प्राचीन बस्ती र देवस्थलहरूमा अहिले पनि त्यस्ता प्रस्तर चैत्यहरू पाइन्छन्। आफ्ना आमा–बाबु तथा सम्बन्धीहरूको संझनामा प्रस्तर चैत्य बनाउने चलन अहिले पनि उत्तिकै

प्रचलनम छ। यसैले चोक, गल्लीमा प्रस्तर चैत्यहरू निकै पाइन्छन्। तर पहिलेको जस्तो कलात्मक र मनमोहक चैत्यहरू अब बन्न छोडे। त्यसो भएता पनि श्रद्धा र भावनामा चाहि फरक भएको छैन।

नेपालमा नेपाली छाना शैलीको मन्दिर जसलाई विदेशीहरू 'पेगोडा' शैली भन्छन् त्यसको प्रसिद्धि प्राचीनकालदेखि नै छ। नेपालको हावा पानी र नेपालीको कलाले त्यो शैलीलाई आत्मसात गरेकोले नै प्रसिद्धि पायो। पशुपतिनाथ, चाँगुनारायण लगायत न्यातपोल, कुम्भेश्वर, रातो मच्छेन्द्रनाथ, सेतो मच्छेन्द्रनाथ, महाङ्काल, त्रिपुरेश्वर, तलेजु आदिका मन्दिरहरू सोही शैलीमा निर्मित छन्। यस किसिमका शैलीका मन्दिरहरूमा नेपाली कालिगढका शीप स्पष्ट झल्केका पाइन्छन्। ढोका, तोरण, टुंडालमा भएका कालीगढी भव्य, मनमोहक र आकर्षक मात्र होइनन् कि हृदय विभोर पार्ने किसिमका पनि छन्। शास्त्रीय आधारमा त्यहाँ विभिन्न देवी–देवताका आकृतिहरू उत्कीर्ण गरिन्छ। त्यसको आफ्नै शास्त्रीय विधान छ। आयुध, गहना र पोशाकदेखि लिएर रङ्ग र वाहन पनि शास्त्रीय आधारमा राखिन्छ। कलाकारको कल्पनाको त्यहाँ स्थान छैन। मन्दिरको ढोकामा रहेको तोरणको बीचको मूर्ति हेरेर गर्भगृहभित्र रहेको मूर्ति के को हो भनी पारखीहरू बताउन सक्छन्। किनभने गर्भगृहभित्र राखिएको मूर्तिको ध्यानमा नै तोरणको बीचको मूर्ति बनेको हुन्छ।

ग्रन्थकुट शैली वा शिखर शैलीको मन्दिर अर्को प्रसिद्ध शैली हो। पाटनको प्रसिद्ध कृष्ण मन्दिरदेखि लिएर काठमाडौंको राधाकृष्ण, देवपाटनको लक्ष्मीनारायण, धन्वन्तरी, सूर्य आदिका मन्दिरहरू प्रसिद्ध छन्। नेपाली कालीगढका पौरखी हातहरूले हाम्रा आराध्यदेवका मन्दिरहरू भव्य बन्न पुगेका छन्। पाटन स्थित कृष्ण मन्दिर वि. सं. १६६४ मा सिद्धिनरसिंह मल्लले बनाएका हुन्। रामायण र महाभारतका कथामा आधारित दृश्यलाई प्रस्तर झलकमा उत्कीर्ण गरी त्यस मन्दिरको भित्तामा टाँसिएको छ।

गुम्वज शैलीका मन्दिरहरूले विक्रमको बीसौं शताब्दिको प्रारम्भदेखि लोक प्रियता पाउँदै आए। विश्वरूपको मन्दिर, हिरण्यहेमनारायणको मन्दिर, बत्तीस पुतलीस्थित राम मन्दिरहरू यसका केही उदाहरणहरू हुन्।

बौद्ध विहार तथा बहिलहरू एकताका विद्याका केन्द्र थिए। काठमाडौं, पाटन, भक्तपुरमा त्यस्ता कैयन विहारहरू अझै छन्। अझै पनि ती विहारहरू बौद्ध धर्मका केन्द्रको रूपमा रहेका छन्। कैयन पर्व–उत्सव त्यहाँ हुन्छन्। काठमाडौंमा १२०, पाटनमा १६७ तथा भक्तपुरमा २४ वटा यस्ता विहारहरू छन्। हस्तलिखित ग्रन्थ, मूर्ति तथा अन्य सम्पदाको दृष्टिकोणले पनि सबै विहार धनी मानिन्छन्। हिजो आज, पहिले जस्तो विद्याका केन्द्र नभए पनि बौद्ध धर्मको जगेर्नामा केही महत्त्व रहेको छ।

बिन सतसंग विवेक न होई, राम कृपा बिन सुलभ न सोई

(सत्संग विना विवेक हुन्न तथा त्यही सत्संग पनि

प्रभु श्री रामको कृपाबाट मात्र सम्भव छ)

–सन्त तुलसीदास

अहिंसा परमो धर्म

महामण्डलेश्वर श्री १००८ स्वामी ब्रम्हानन्द उदासीन

ॐ

अहिंसा, सत्य, दया, करुणा, मैत्री, सद्भाव आदि कुरा नै मानव जातिका विशेषता हुन् । भगवत्प्राप्तिका लागि सदैव शुभ कार्यमा लाग्नु, शुभ चिन्तन गर्नु, प्राणी मात्रको कल्याणका लागि निरन्तर प्रयत्नशील रहनु प्रत्येक मनुष्यको आफ्नो कर्तव्य हो । "अहिंसा परमो धर्मः" प्राणीको हिंसा नगर्नु नै सबैभन्दा ठूलो धर्म हो । मनसा, वचसा, कर्मणा, हिंसा गर्नु उचित हुँदैन । कुनै पनि देवी देवता हिंसाले प्रसन्न छैनन् । देवी देवता-हरू पवित्र भावना र सत्कर्मले नै प्रसन्न हुने गर्दछन् । आत्म चिन्तन र आत्म परीक्षणमा सदैव संलग्न रहनु पर्दछ । "मन एव मनुष्याणां कारणं वन्धमोक्षयोः प्रद्वेषो वहुमानो वा संकल्पादुपजायते" भनिएको छ । तसर्थ हामी सबैले काम क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि कुरादेखि माथि उठेर समाजमा हित हुने, राष्ट्रको कल्याण हुने कार्यमा संलग्न रही वसुधैव कुटुम्बकम्को पवित्र एवं आदर्शमय विचार लिनु पर्दछ । सात्विक भोजन र पवित्र भावना एवं विचारवाट नै मनुष्यले भगवत्प्राप्ति गर्न र समाजलाई समुचित पथ प्रदर्शन गर्न सक्छ । हरि ॐ तत्सत् ।

⇒:०:⇐

म मेरो आफन्तमा रहन्न अपितु धर्ममा रहन्छु ।
तर जसमा धर्म छ त्यो मेरो आफन्त हो ।

— भगवान श्री कृष्ण

परोपकारी गुरु नानक

ले० ई. हरदयाल सिंह



विश्वमा, जुनसुकै राष्ट्रको पनि आफ्नो मौलिक विशेषता हुन्छ। प्रत्येक राष्ट्रका आ–आफ्ना धर्म र संस्कृति हुन्छन्। आ–आफ्नो धर्म संस्कृतिको रक्षा गर्न जुनसुकै राष्ट्रले पनि व्यवस्था गरेको हुन्छ।

श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भएको छ –"हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हामी पनि मेटिन्छौं।" वास्तवमा जुनसुकै धर्मको मूल प्रयोजन हिन्दू धर्म–परिवारका वैदिक, बौद्ध, जैन सिक्ख आदि आर्य धर्मानुयायिक धर्मग्रन्थकै भावनाबाट परिपालन भएको छ।

भगवान कृष्णले पनि गीता जस्तो उच्चकोटिको आध्यात्मिक ग्रन्थ हामीलाई दिनुभएको छ। जसले हाम्रो मार्ग प्रदर्शन गर्दछ। यही गीतामा भगवान कृष्णले भन्नुभएको छ "हे अर्जुन ! जब विश्वमा धर्मको ग्लानि र पापको अभ्युदय हुन्छ तब म संसारमा अवतार लिन्छु।" वास्तवमा विश्व इतिहासको अध्ययन गर्ने हो भने यो महानवाणी ध्रुव सत्य छ।

यो आर्य भूमि, तपो भूमि, पुण्य–भूमिमा भिन्न भिन्न समयमा युग पुरुषहरूले जन्म लिए। जुन समय गुरु नानक यस संसारमा अवतरित हुनुभयो, आकाशमा चन्द्रमा र ताराहरू मानों गुरु नानकको स्वागतार्थ चम्किरहेका थिए। त्यो दिन कार्तिक शुक्ल पूर्णिमा १५२६, अर्थात् २६ अक्तुबर १४६९ थियो र पश्चिमी पाकिस्तानको ननकाना साहिब गुरु नानकको जन्मस्थल हो। जाडो भए तापनि त्यस मनोहर चाँदनी रातमा बालक नानकको सुन्दर अनुहारको ज-जसले दर्शन प्राप्त गरे उनीहरूको मुखबाट यही शब्द निस्कन्थ्यो कि बालक नानक साधारण मानिस होइनन् अपितु महापुरुष हुन्।

जसरी पूर्णिमाको रातमा चन्द्रमाको उज्यालोले अन्धकारको नाश गर्दछ त्यसरी नै संसारको अज्ञानरूपी अन्धकार नाश गरेर उज्यालो पार्नको लागि, ज्ञानको दियो बाल्नको लागि पूर्णिमाकै रात्रीमा गुरु नानकले जन्म लिएका थिए। सात वर्षको उमेरदेखि गुरु नानकले श्री गोपाल पाण्डे, पण्डित श्री वृजलाल शास्त्री र मौलवी श्री कुतव दिनहरूसंग हिन्दी, पंजावी, हिसाव, संस्कृत र फारसी विद्याको अध्ययन गरे। वाल्यावस्थामा अन्य साथीहरूसंग खेल्दा गुरु नानक भन्थे "साहिब मेरा एको है ऐको है भाई एको है" भनाईको तात्पर्य भगवान एक छन्।

एक दिन गुरु नानक गोठालो वसेको समयमा उनका गाई वस्तु स्थानीय गभर्नर श्री राए वुलारको खेतमा गहुँ तथा अन्य वालीहरू खान लागेको देखी गभर्नरका अनुयायीहरूले उक्त कुरा लगाएर गभर्नरले खेतमा हेर्न पठाए, तर गाई वस्तु त्यहाँ नभएको साथै वालीहरू यथावत रहेको देख्दा र सुनाउँदा सारा मानिसहरू आश्चर्यमा परे।

गुरु नानक र उनका साथी वाला वि. सं. १५४२ मा सुलतानपुर गए, जहाँ गुरु नानककी दिदी थिइन्। गुरु नानक तथा उनकी दिदीको परस्परमा धेरै प्रेम थियो। गुरु नानक र वालाले सुलतानपुरका नवाव दौलत खाँको नोकरी गरे। दौलत खाँले उनीहरूलाई पसलको रेखदेखमा नियुक्ति गरेको थियो। गुरु नानकको शिष्ट व्यवहारले धेरै मानिसहरूको भीड त्यस पसलमा भयो। तर गुरु नानक परोपकारी र दयालु स्वभाव भएकाले पसलको सामान आम गरीबहरूलाई दान गर्दथे। यस्तो देखेर उनका पिताजी पनि रिसाएका थिए, जसले गर्दा पसलको चीज बिज हिना मिना भएको छ भन्ने ठानेर कुनै मानिसले दौलत खाँकहाँ कुरा पुऱ्याए। तर जांच गर्दा पसलवाट अत्यधिक नाफा भएको देखियो।

गुरु नानकको १५४५ मा श्री मूलचन्दकी सुपुत्री सूलखनीसंग विवाह भयो र यिनीवाट १५५१ र १५५३ मा क्रमशः श्री चन्द र लखमी छोरा भए। भगवानको पूजा गरेपछि मनका इच्छाहरू पूर्ण हुन्छन्। समस्त पाप र दुःख नाश भएर मानिसलाई सुख एवं शान्ति मिल्दछ। पाप गरेमा दुःख पाइन्छ। देवताको पूजा गरेपछि शरीर निर्मल हुन्छ, पापहरू पखालिन्छन्। शरीर निर्मल भएपछि ज्ञान मिल्दछ।

गुरु नानकले सूर्यरूपी एक ओंकारलाई बताए। यसको मतलब हो संसारमा एकै मात्र भगवान छ। "कलियुग वाने तारीया, सतनाम पड मन्त्र सुनाया।" सत नामको स्मरण गर, तब मन शुद्ध भई नम्रता आउँछ र हरएकले मन पराउँछ। वहाँले भन्नु भएको छ— "विन सेवा धिर्ग हथ पेर।" सेवा नै धर्म हो, राष्ट्रिय सेवा, अपाङ्ग, रोगी, असहाय, अनाथ, दिन दुःखीको शुद्ध हृदयले सेवा गरेको खण्डमा ईश्वर ज्यादै खुशी हुनुहुन्छ। सेवा नगरेको खण्डमा ईश्वरवाट प्राप्त यो हात र गोडालाई धिक्कार छ। त्यसैले सेवा गर्नु वहुत जरुरी छ। भगवानले हामीलाई जीवन निर्वाह गर्नको लागि मात्र होइन, अरुको उद्धार गर्न समेत यस संसारमा पठाउनु भएको हो र राम्रो बोली बोल्नु नै सम्यक् वचन हो। भजन गर्नाले हृदयमा मैलो छ भने हट्दै जान्छ तथा उसको मन कोमल हुन्छ, विकार हटेर जान्छ। त्यतिमात्र नभई दुःखवाट टाढा रहन कीर्तन गर भनिएको छ— "हर कीर्तन सुने हर कीर्तन गावे– तिस जन दुःख निकट नहीं आवे "अर्थात् जुन मानिस भजन सुन्छ तथा गर्छ- भने त्यो मानिसलाई हतपत दुःख आउँदैन।

"गर्छ जसले दिन दुःखीको सेवा।

भगवानले पनि दिन्छन् उसलाई मीठो मेवा।"

गुरु नानकले आफ्ना भक्तहरूको परीक्षा लिनुपऱ्यो भनी विचार गरे। तसर्थ आफू वसेको ठाउँवाट निकै टाढा एक वृक्षमा फल लागेको छ, फल तोडेर ल्याउन कसैले सक्ला भन्ने पत्यार भएन, तर असली भक्त जसको नाम थियो 'श्री लेहना। असली भक्तको पहिचानको लागि गुरु नानकले भक्त लेहनालाई फल तोडेर ल्याउनको लागि अह्राए। भक्त लेहना खुशी मानेर आखिर फल तोडेर ल्याए। यो देखेर गुरु नानक धेरै प्रसन्न भए।

अर्को पटक गुरु नानकले एउटा कचौरा फोहर पानीमा खसालिदिनुभयो। कोही छ त्यो कचौरा फोहर पानीबाट निकालेर ल्याउने ? भक्तहरू राम्रो लुगा लगाएको हुनाले फोहर पानीमा जान तयार भएनन् तर श्री लेहनाले आफ्नो लुगाको पर्वाह न गरेर फोहर पानीमा गई कचौरा निकालेर ल्याए। गुरु नानकले यो देखेर धेरै खुशी भई भक्त श्री लेहनालाई भने— मांग, जो मांग्नु छ मांग, पूरा गर्नेछु। श्री लेहनाले विनीत भावले भने कि "प्रभु म तपाईंको भक्त हुँ, मेरो कर्तव्य हो हजुरको आज्ञालाई स्वीकार गर्नु।" यसबाट स्पष्ट देखियो कि श्री लेहना गुरु नानकका इमान्दार र असली भक्त थिए। गुरु नानक कवि पनि थिए। उनले सच्चा वाणीको उच्चारण गरे। गुरु नानकले श्लोक; त्रिपदे, पञ्चपदे, छेपदे, अष्टपदे र सोलहे छंद इत्यादिमा विभिन्न रागहरुका अनुसार काव्य रचना गरे। सिक्खधर्ममा दस गुरु भए। पहिलो गुरु, गुरु नानक र दशौं गुरु, गुरु गोविन्द सिंह तर नौंवा गुरु, गुरु तेग वहादुर साहेवले ५ माघ १७३२ मा चाँदनी चौकमा हिन्दूधर्म वचाउनको लागि आफ्नो वलिदान दिनु भयो साथै दशौं गुरु, गुरु गोविन्द सिंहका चार पुत्रहरू पनि आफू वलिदान भएर हिन्दू धर्म वचाए। "जगे धर्म हिन्दू सकल भाड भाजे" यसको अर्थ यो हो कि संसारमा हिन्दू धर्मको विजय होस् र झुठा धर्मको नाश होस्। गुरु नानकलाई सिक्खहरुले मात्र होइन सवै जातका मानिसहरूले मान्छन्।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया :
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जन :

⇒ :०: ⇐

सनातनधर्म सेवासमितिको ऐतिहासिक विवेचन

–बाबुराम पोखरेल

महा-सचिव, सनातनधर्म सेवासमिति,
केन्द्रीय कार्यालय

विगत २५ वर्षदेखि सनातनधर्म सेवासमितिले आफ्नो पवित्र उद्देश्य अनुरूप समाजमा धार्मिक आस्थाको अभिवृद्धि गर्ने दिशामा सक्रिय योगदान पुऱ्याउँदै आएको छ। हिन्दू राष्ट्र नेपालको गरिमा र यसको संरक्षणको निमित्त तथा नेपाल र नेपालीको अखण्ड अस्तित्व कायम राख्न हिन्दू धर्मले दिएका पावन प्रेरणाहरूको प्रचार प्रसारबाट सर्वोपरि सहयोग हुने कुरा यहाँ उल्लेखनीय छ। हिन्दू धर्मले सम्पूर्ण समाजलाई एउटा ईश्वरीय विराट रूपमा परिकल्पना गरेको छ। सबै वर्ण र सबै जातलाई एउटै विराटभित्रका विभिन्न अङ्ग मानेको छ। त्यसैले यहाँ कसैको तिरस्कार छैन। सबै जातको फूलबारीको परिकल्पना नै हिन्दू राष्ट्रको विशेषता रहेको छ। सनातनधर्म सेवासमितिले विगत २५ वर्षदेखि गरेका कार्यक्रमहरूको संक्षिप्त चर्चा यहाँ गरिएको छ। यस अवधिमा समितिले विभिन्न उपलब्धीपूर्ण कार्यक्रमहरू सञ्चालन गरेको छ। धार्मिक प्रवचन एवं विभिन्न सेवामूलक कार्यक्रमहरू सञ्चालन गरी आफ्ना शाखाहरूको व्यापक विस्तार गरेको छ भने राष्ट्रमा सनातन हिन्दूधर्ममाथि शंकट आई पर्दा समेत विविध कार्यक्रमहरू सञ्चालन गरी हिन्दू राष्ट्र नेपालको गरिमामय छवि कायम राख्न सक्षम रहेको छ। विगत २५ वर्षको अवधिमा सनातनधर्म सेवासमितिले आफ्ना सेवा मूलक कार्यक्रमहरूलाई वर्षेनी विस्तार गर्दै लगी वार्षिक कार्य तालिका अनुसार सेवा, साधना र संगठन मूलक कार्यक्रमहरूलाई प्राथमिकता दिई सनातन धर्मका सार्वभौम आध्यात्मिक सन्देशहरूको विषयमा जन विश्वास जगाएको छ। समितिले आफ्ना कार्यक्रमहरूमा मन्दिर तथा देवस्थलहरूको सरसफाई, समाजमा पिछडिएका जन जातीहरूको वस्तिमा मन्दिर, सत्सङ्ग भवन आदिको निर्माणका साथै सेवा मूलक कार्यक्रमहरूको प्रशस्त विस्तार गरेको छ। शिक्षा, स्वास्थ्य, खानेपानी तथा थप विद्यालय भवन एवं सामुदायिक सेवाका लागि विविध कार्यक्रम सञ्चालन गर्नुका साथै देशका विभिन्न भागहरूमा नैतिक एवं धार्मिक प्रवचनका विशेष कार्यक्रम सञ्चालन गरी अभिमान र अनुदारताभन्दा सेवा र विनम्रता नै सनातन धर्मको सत् शिक्षा हो भन्ने भावना-

तिर अग्रसर हुँदै विविध समाज सुधारका कार्यक्रमहरू-लाई समितिले अगि वढाउँदै आएको छ। समितिले आफ्नो सदस्यताको निम्ति जाती, वर्ण, लिङ्ग, सम्प्रदाय आदिको कुनै भेद नराखी सबैको निम्ति द्वार खुल्ला गरेको छ। परमात्मा प्रतिको साँचो भक्ति र सनातन-धर्मका पवित्र मर्यादाहरूको अनुसरणद्वारा आध्यात्मिक साधनावाट प्राप्त हुने पवित्रता र आत्म निर्माण सबैलाई उपलब्ध हुन सक्छ भन्ने अखण्ड विश्वासद्वारा प्रेरित समितिका यी मत–प्रयासहरुवाट समाजको सर्वाङ्गीण स्वरुपलाई दृष्टिगत गरी सम्पूर्ण मानव जीवनमा भावात्मक एकताको अभिवृद्धि गर्न धेरै सहयोग पुगेको छ।

समितिका शाखाहरुलाई अधिराज्यव्यापी रुपमा विस्तारित वनाउने क्रममा हाल समितिका ५४ जिल्ला-हरुमा शाखाहरु स्थापित भइसकेका छन् र अन्य स्थानीय शाखाहरु समेत गरी करिव ३०० शाखाहरु समितिको पवित्र उद्देश्य अनुकूल सनातनधर्मको संरक्षण र संवर्धनमा सक्रिय रहेका छन्।

२०४६ को अन्ततिर देशमा भएको राजनीति परिवर्तनपछि प्रजातान्त्रिक संविधानको घोषणासंगै देशमा आएको वहुदलीय प्रजातन्त्रको उदार एवं सङलो वातावरणमा अधिराज्यका शाखा खोल्न वाँकी जिल्लाहरुमा पनि द्रुतगतिले शाखाहरु विस्तारित हुने समितिले आशा राखेको छ। शाखा विस्तारको क्रममा जिल्ला अन्तर्गतका प्रत्येक नगरपालिका तथा गाउं विकास समितिमा यसका शाखाहरु विस्तार गर्ने लक्ष्य समितिले लिएको छ।

मुख्य रूपले भावनात्मक समुत्थानमा क्रियाशील यस समितिले आफ्नो स्थापनाकालदेखि नै देशव्यापी रुपमा विभिन्न धार्मिक एवं सेवा मूलक कार्यक्रम सञ्चालन गरी आध्यात्मिक समुन्नतिको मार्ग प्रशस्त गरेको छ। समितिको स्थापना कालका अध्यक्षका रूपमा यस समितिसंग संलग्न रहने स्व. धरणीधर कोइरालाज्यू तथा संस्थाका मुख्य संस्थापक वर्तमान समितिका केन्द्रीय अध्यक्ष आचार्य श्री खेमराज केशव शरणज्यूको साथै सम्पूण संस्थापक सदस्यहरु प्रति पनि श्रद्धापूर्वक संस्मरण गर्नु सामयिक हुनेछ। स्थापनाकालदेखि नै समितिले श्री ५ को सरकार समक्ष वेला-वेलामा धार्मिक जागरणका लागि सरकारले गर्नु पर्ने कुराहरूको सुझाव दिंदै आएको छ भने समाजको अपेक्षा अनुरूप पटक पटक प्रतिनिधि मण्डल-हरूवाट श्री ५ को सरकारको जिम्मेवार निकायसंग भेट गरेको कुरा पनि स्मरणीय हुन आउँछ।

समितिको स्थापनाकालदेखि नै समितिले श्री कृष्ण जन्माष्टमी पर्वलाई महापर्वको रूपमा प्रत्येक वर्ष विशेष कार्यक्रमका रुपमा भव्यसंग मनाउँदै आएको र यसका अतिरिक्त शिवरात्री, रामनवमी, बुद्धजयन्ती, गुरुपूर्णिमा जस्ता राष्ट्रिय महत्त्वका पर्वहरु एवं चाडहरुमा पनि विविध कार्यक्रमहरुको आयोजना गर्दै आएको छ। समितिले सम्पन्न गर्ने गरेका कार्यक्रमहरुमा नैतिक प्रवचन, मन्दिर तथा देवस्थलहरूको सरसफाई र विभिन्न ठाउँमा हुँदै आएका धार्मिक भेलाहरु महत्त्वपूर्ण छन्।

२०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को गठन भएपछि समिति परिषद् अन्तरगत रहेको र त्यसपछि यसका क्रियाकलापहरु अझ विस्तार हुँदै गएको प्रसंग पनि यहाँ उल्लेखनीय रहने छ। समितिले विगत एक दशकमा सम्पन्न गरेका महत्त्वपूर्ण कार्यहरुमा, २०४० सालमा सपन्न बृहद् हिन्दू सम्मेलन, २०४३ सालमा काठमाडौंमा सम्पन्न समितिको प्रथम राष्ट्रिय अधिवेशन र २०४७ सालमा विराटनगरमा सपन्न दोस्रो राष्ट्रिय अधिवेशनलाई लिन सकिन्छ भने समिति आर्थिक दृष्टिकोणले आत्म निर्भर हुने दिशा तर्फ अक्षयकोष स्थापनार्थ, २०४२ सालमा विराटनगर, धरान र नेपालगञ्ज तथा २०४४ सालमा काठमाडौंमा केन्द्रीय अध्यक्ष आचार्य खेमराज केशव शरणज्यूवाट भएको निष्काम भागवत अनुष्ठानलाई लिन सकिन्छ। समितिको अध्यक्ष कोषमा हालसम्म लगभग रू. ४ लाख ७५ हजार रहेको छ। यसको अतिरिक्त समितिले विभिन्न विदेशी दातृ संस्थाहरूको सहयोग लिएर खाने-पानी, वृक्षारोपण, कृषि, स्वास्थ्य, सामुदायिक विकास, शिक्षा तथा घरेलु उद्योग जस्ता विभिन्न सेवामूलक एवं आयमूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

सनातनधर्मका पावन सन्देशहरू प्रचार प्रसार गरी हिन्दूधर्मसंस्कृतिको उत्थानमा सहयोग पुऱ्याउन समितिले "धर्म सन्देश" नामक पत्रिकाको प्रकाशन नियमित रूपबाट गर्दै आएको छ भने यही उद्देश्य परिपूर्ति गर्न गत वर्षदेखि केन्द्र, तथा विभिन्न जिल्ला र स्थानीय शाखाको पनि गतिविधि झल्किने गरी "सनातनधर्म गतिविधि" द्वयमासिक पत्रिकाको पनि प्रकाशन शुरू गरेको छ। धार्मिक आस्थाको विश्वासमा सहयोग पुगोस भन्ने उद्देश्यले समितिले विभिन्न धार्मिक पुस्तकहरू एवं भक्ति सङ्गीतका क्यासेटहरू प्रकाशन गरी उपलब्ध गराउँदै आएको छ।

यस प्रसंगमा यो पनि उल्लेख गर्नु प्रासंगिक हुने छ कि समितिका विभिन्न गतिविधिहरूको मूल्याङ्कन भई सा. से रा. स. परिषदबाट धार्मिक संघ संस्था मध्ये उत्कृष्ट ठहर भई समितिले नै सो सेवासील्ड पनि प्राप्त गरिसकेको छ।

देशमा प्रजातन्त्रको पुनर्स्थापना गर्ने लहरसंग संगै समितिको वर्तमान भएको कार्यकारीणी समितिको कार्यकाल सबैभन्दा चुनौतिपूर्ण र कठोर रह्यो। किन भने देशमा आएको राजनैतिक परिवर्तनका साथै धार्मिक क्षेत्रमा आएको धर्म सापेक्षता र निरपेक्षता सम्बन्धी हलचलले देशमा आएको धमिलो र अन्योलको स्थितिलाई स्पष्ट पारी नेपाल राष्ट्रले अनादि कालदेखि हिन्दू अधिराज्यको रूपमा राष्ट्रिय एवं अन्तरराष्ट्रिय स्तरमा प्राप्त भएको गरिमामय छविलाई संविधानमा कायम राख्नु पर्ने माग गर्दै विभिन्न धार्मिक भेला, सभा, गोष्ठी, विरोधप्रदर्शन आदि सम्पन्न गऱ्यो भने यसै विषयलाई लिएर पटक पटक समितिको प्रतिनिधि मण्डलले सम्बन्धित जिम्मेवार निकायमा सम्पर्क राख्यो। अन्ततः जनचाहना अनुरूप बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र जनतामा निहित सार्वभौम सत्ता मौलिक अधिकारको संरक्षण जस्ता आधारभूत कुराहरूको साथै नेपाल राष्ट्रलाई हिन्दू अधिराज्यको रूपमा गरिमा प्रदान गरिएको संविधानको घोषणा भयो।

समितिका संगठन, सेवा र साधना मूलक स्वरूपलाई समयानुकूल तुल्याई समितिका कार्यकलापलाई प्रजातान्त्रिक मूल्य मर्यादा अनुरूप अझ परिस्कृत रूपले अगि बढाउनु वान्छनीय भएकोले समितिको विद्यमान विधानलाई अझ प्रजातान्त्रिक बनाउनु पर्ने कुरा महशुस गरी समितिको दोस्रो राष्ट्रिय अधिवेशनबाट पारित प्रस्ताव अनुरूप विभिन्न जिल्लाका प्रतिनिधिहरू सम्मिलित गरी विधान संशोधन समिति गठन गरिएको र सो समितिको काठमाडौं तथा राज विराजमा पटक पटक बैठक बसी अन्त्यमा मिति २०४८।३।२२ मा बसेको साधारण सभाद्वारा अनुमोदन गरी सो स्वीकृतिको लागि जिल्ला कर्यालयमा पेश भयो। अब वर्तमान संशोधित विधान अनुसार प्रत्येक जिल्ला शाखाका प्रतिनिधि समेत समावेश गरी साधारण सभा गठन गरिने छ। संशोधित विधान अनुसारको साधारण सभा रजत जयन्तीका कार्यक्रम सकिएपछि २०५० सालका शुरूमा सम्पन्न गरिने छ।

देशमा आएको राजनैतिक परिवर्तनपछि प्रजातान्त्रिक वातावरणमा समाजमा संयम, सेवा भावना र आत्म चेतनाको विकास गर्न यस संस्थाको योगदान भोलिका दिनहरूमा अझ व्यापक हुनु पर्ने देखिन्छ। समितिले आफ्ना कार्यक्रमहरूलाई समय सापेक्ष बनाई हिन्दू अधिराज्य नेपालको उज्ज्वल छविलाई कायम राख्न समन्वयात्मक एवं धार्मिक सद्भावनाको माध्यमबाट समाजको सर्वाङ्गीण उत्थानको लागि अझ महत्त्वपूर्ण भूमिका खेल्दै जानु पर्ने भएको छ। समितिलाई आज राष्ट्रको अग्रणी धार्मिक संस्थाको रूपमा प्रतिस्थापित गर्ने कार्यमा समितिको स्थापना गरी समितिको विकासमा दिलो ज्यानले लाग्ने संस्थापक, पदाधिकारी एवं सदस्य जो अहिले हाम्रा साथ हुनुहुन्न, उहाँहरूलाई स्मरण गरी श्रद्धाञ्जली अर्पण गर्ने तथा जो अझै हामीहरू बीच रहेर मार्ग निर्देशन गरिरहनु भएको छ, उहाँहरूको अभिनन्दन गर्ने समय पनि आजको पावन दिन नै हो। समितिका मुख्य संस्थापक तत्कालीन महासचिव आचार्य श्री खेमराज केशव शरणज्यू, जो वर्तमान केन्द्रीय अध्यक्ष हुनुहुन्छ, उहाँको त्याग र तपस्याको फलस्वरूप समिति अहिले यस रूपमा पुग्न सकेको हो।

यो समिति त एउटा निमित्त मात्र हो, यसवाट सञ्चालन हुने सम्पूर्ण कार्यक्रमहरूको प्रभावकारिता सनातन धर्मावलम्वी समाजको सहयोगवाट नै सम्भव हुने कुरा हो। यस समितिले सम्पूर्ण धर्मावलम्वी समाजलाई संरक्षकको रूपमा आदरपूर्ण स्थान प्रदान गरेको छ। समितिको विकासमा अतीतमा जिल्ला शाखाहरूले पुऱ्याएको सहयोग पनि महत्त्वपूर्ण रहेको छ।

रजत जयन्ती वर्षको कार्यक्रमको समापन समारोह २०४६ आश्विनमा सामाजिक सेवा दिवसको शुभ अवसर पारेर ३ दिने विशेष समारोहका साथ सम्पन्न गरिने लक्ष्य रहेको र समापनको शुभ–अवसरमा समितिसंग लामो अवधिदेखि आवद्ध रहंदै आउनुभएका महानुभाव-हरू एवं संघ संस्थाहरू, अक्षयकोष सम्वर्धन कार्यक्रममा सहयोग पुऱ्याउने महानुभावहरूलाई अभिनन्दन, पुरस्कार र प्रमाण--पत्र वितरण गरिने कार्यक्रम समेत रहेको छ।

धार्मिक क्षेत्रमा वर्तमान समयमा देखा परेको मुख्य चुनौति युवा जगतमा देखिएका धार्मिक अनास्था तथा नैराश्य नै हो जस्तो लाग्छ। आजका युवा जमा-तमा धार्मिक जागरण ल्याउन नसके भोलि आउने नयाँ पुस्ताले आफ्नो धर्म के हो ? भनेर प्रश्न गर्नु पर्ने हुन्छ। त्यसैले युवा समुदायमा धार्मिक आस्थाको जागरण, धर्म प्रति सम्मान, आफ्नो धर्मको रक्षा गर्नु पर्दछ भन्ने चेतना विकास हुने विविध कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ। हिन्दू धर्मले सवै जाति, वर्ण, लिङ्ग आदिलाई एउटा विराटभित्रका विभिन्न अङ्ग मानेको छ। कसैको तिरस्कार हैन सत्कार गर्ने संस्कार हाम्रो धर्मले दिएको छ। सोही कुरा मनन गरी हाम्रो धर्मलाई परिभाषित गर्न नजानेर अलमलमा परी आफूलाई पृथक मान्ने क्रममा लागेका राई, लिम्बू, गुरूङ्ग, किरांत, दनुवार, सतार, चेपाई जनजातीय समूहहरूमा विशेष कार्यक्रमहरू सञ्चालन गर्नु समयको माग हुन आएको छ। साथै धर्म भनेको कर्मकाण्ड प्रविधि मात्र हो, भन्ने गलत धारणा-लाई हटाई हिन्दूधर्मसंस्कृतिको समाजमा सरल शव्दमा व्याख्या गरी साधना, सेवा र संगठन प्रति अभिमुखता ल्याई समितिका मुख्य उद्देश्य अनुकूल धार्मिक, नैतिक कार्यक्रमका अतिरिक्त सामुदायिक कल्याणका कार्यक्रम-हरू पनि सम्पन्न गर्ने गरेको वस्तु स्थितिलाई स्पष्ट पार्नु छ भने धार्मिक संस्कारका कतिपय नगरी नहुने कुरा वाहेक अन्य कार्यको सरलीकरण गरी आजको समाजले अङ्गीकार गर्न सक्ने वनाउन पनि आजको आवश्यकता भएको छ। यिनै कुराहरूलाई चिन्तन मनन गरी समितिले भावि कार्यक्रम वनाउनु पर्ने आजको आव-श्यकता हो।

अहिले हामी समितिको रजत जयन्ती वर्ष मनाउन लागेका छौं। २०४६ साल आश्विनमा हामी रजत जयन्ती कार्यक्रमको समापनका अवसरमा समितिका शाखा प्रति-निधिहरूसंग भेटघाट गर्ने छौं र २०५० सालको शुरूमा समितिले नयाँ विधान अनुसार तेस्रो राष्ट्रिय अधिवेशन सम्पन्न गर्ने र सो समयमा पनि हाम्रो सुमधुर भेटघाट हुने नै छ।

आगामी दिनहरूमा प्रत्येक जिल्ला शाखावाट सहयोगको अपेक्षा केन्द्रीय समितिले गरेको छ।

⇒ जय सनातन धर्म ⇐

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्

(मलाई जसले जुन रूपमा हेर्छ, म उसलाई त्यही भावना दिन्छु)

– भगवान श्री कृष्ण

पूज्य श्री खप्तडस्वामीज्यूसंग सम्पादकको भेटवार्ता

पूज्य श्री खप्तडस्वामीसंग अन्तर्वार्ता लिन गएका थियौं, तर स्वामीजी अस्वस्थ हुनुभएको हुनाले अन्तरवार्ता दिन असमर्थ हुनुभएको हुँदा वहाँका आशिर्वचनहरू तथा वहाँकै आज्ञाद्वारा वहाँको धर्म विज्ञानवाट केही साभार लिएका छौं–

हिन्दू धर्ममा नैतिकता, शिष्टता, मान–मर्यादा सबै हरायो। धर्मको सीमा ४०–४५ वर्षभित्रको लागि भैसकेको छ। जहाँ तहाँ अनुशासनहीनता भैरहेको छ। विद्यालय तथा महाविद्यालयहरूमा पनि मर्यादा पालन भैरहेको छैन। यसको परिणामस्वरूप देवालय, गंगादि तीर्थहरूको मर्यादाको नाममा हामीले हरेक प्रकारका विकृतिरूपहरू देख्नु परिरहेको छ। यसको लागि सम्पूर्ण विद्वानहरूले ठोस कदम चाल्नु पर्दछ। यसका लागि, शिक्षालाई धर्मानुसार वनाएर लैजाने तथा धार्मिक संघ संस्थाहरूले पनि धर्मानुसारका कार्यक्रमहरूलाई सेवामुखी वनाउँदै लैजाने गरेमा धार्मिक प्रवृत्तिको जागरण हुन सम्भव छ। पाठशाला, विद्यालयहरूमा संस्कृत भाषा सहित धार्मिक विषय नराखुञ्जेल यो यस्तै नै रहन्छ। (साभारः– धर्म–विज्ञान, दोस्रो भाग)

वर्णाश्रम–धर्ममा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रः– यी चार वर्ण तथा ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्यास– यी चार आश्रम छन्। ब्राह्मणको मुख्य धर्म तप र त्याग हो, यसैले गर्दा ऊ सर्वश्रेष्ठ छ। क्षत्रियको धर्म प्रजापालन र त्याग हो। वैश्यको धर्म वाणिज्य तथा त्याग हो र गृहस्थीको धर्म सेवा र त्याग हो। त्यागको मात्रा निम्न वर्गमा न्यून हुने हुनाले ती वर्ग एक अर्कादेखि निम्न मानिएका हुन्। चार आश्रम चारै वर्णको लागि होइन। ब्राह्मण चारै आश्रम धारण गर्न सक्दछ, सन्यासको अधिकार नहुनाले क्षत्रियलाई तीन, र वैश्यलाई ब्रह्मचर्याश्रम तथा गृहस्थाश्रम दुई आश्रम ग्रहण गर्ने अधिकार छ र शूद्र केवल गृहस्थी हुन सक्छ। यस प्रकार त्यागलाई सम्पूर्ण समाजको लक्ष्य मानेर परम पदको प्राप्ति गर्नु नै यस धर्मको मुख्य ध्येय स्वीकार गरिएको छ–

चत्वारो ब्राह्मणस्योक्ता आश्रमाः श्रुतिचोदिताः।
क्षत्रियस्य त्रयः प्रोक्ता द्वावेको वैश्यशूद्रयोः॥

– वृद्धयाज्ञवल्क्य

वर्णाश्रम–धर्ममा ब्राह्मणको शीर्षस्थान छ। समाजको मुख हुनाले ब्राह्मणलाई मुख्य भनेका हुन्। वर्णाश्रम– धर्ममा जन्म, कर्म र संस्कार मुख्य मानिएका छन्। जसको परम्परागत रूपमा द्विजको संस्कार हुँदै आएको छ, जसका आमा–बाबु दुवै द्विज छन् तिनै द्विजोचित संस्कार भएका मात्र द्विज कहलाउने अधिकारी

हुन्छन् । तिनले आफ्नो कर्तव्यको पालन गरी आफ्नो वर्णको लागि बताइएको बृत्तिद्वारा नै आफ्नो आजीविका चलाउनु पर्दछ । उदाहरण– ब्राह्मणको कर्तव्य वेद पढ्नु, दान दिनु, यज्ञ गर्नु हो । अतः त्यसले आफ्नो आजीविका पनि वेद पढाएर, यज्ञ गराएर तथा दान लिएर गर्न सक्दछ । यस प्रकार छः कर्म छन् । क्षत्रिय वैश्य वेद पढून्, दान दिऊन्, यज्ञ गरून्, तर वेद पढाउन, यज्ञ गराउन तथा दान लिन सक्दैनन् । क्षत्रिय आफ्नो आजीविका, प्रजाको पालन गरी दण्ड र करद्वारा गर्न सक्दछ, वैश्य कृषि, गोरक्षा र वाणिज्यद्वारा । ब्राह्मणले दान लिनु पनि उत्तम मानिएको छैन । तिनमा जो जति त्यागी हुन्छन्, ती त्यति नै श्रेष्ठ मानिन्छन् ।

स्वधर्मनिष्ठ शूद्र अर्को पल्ट वैश्यको कुलमा जन्म लिन्छ, स्वधर्मनिष्ठ वैश्य अर्को जन्ममा क्षत्रियको कुलमा जन्म लिन्छ; तथा स्वधर्मनिष्ठ क्षत्रिय अर्को जन्ममा ब्राह्मणको कुलमा जन्म लिन्छ, र तपस्या गर्दा गर्दै मर्ने स्वधर्मनिष्ठ तथा तपोनिष्ठ ब्राह्मण तपोलोक प्राप्त गरी त्यहाँबाट सत्यलोक गएर आफ्नो ज्ञानलाई पूरा गरेपछि क्रममुक्तिमा प्राप्त हुन्छ ।

अन्तिममा बावासंग जिज्ञासा गरेका थियौं कि भौतिक चमत्कारमा लहस्सिएर आध्यात्मिक आस्थालाई नै बिर्सन लागेको मानव समाजका लागि साधनाको सर्वसुगम स्वरूप कुन हुन सक्ला ?

उत्तरः– साधनाको लागि सर्वसुगम स्वरूप भक्ति नै हो ।

भगवानको कीर्तन भक्ति कलियुगमा सर्वसुगम, सर्वसुलभ र सर्वश्रेष्ठ हो । तर अहिले ज्ञानीमा ज्ञान छैन, भक्तमा भक्ति छैन । यस कारणले नै वर्तमान मानव समाजमा भौतिक चमत्कारको बिर्को लागेर आध्यात्मिक साधना व्यापक रूपमा विकसिक हुन सकिरहेको छैन ।

भगवान निम्बार्क परिचय

–मुकुन्द प्रसाद निरौला

संसारको स्वरूप अनुसार भगवानले ब्रह्मा, विष्णु र महादेवलाई सृष्टि, स्थिति र संहार निम्ति नियोजित गर्नुभएको छ । जसमा ब्रह्माको सृष्टिलाई विष्णुले पालन गर्ने र आयु पुगेका प्राणीलाई महादेवले प्रभुपदमा पुऱ्याइदिने काम हुन्छ । यसरी यस ब्रह्माण्डमा हर्दम यही चक्रानुसार सत्य, त्रेता, द्वापर र कली, यी चार युग आउँछन् र जान्छन् । प्रत्येक युगको आ-आफ्नै महत्ता छ । युगानुसारको धर्म त्यहाँ निर्धारित छ, तर तत्तद् युगका धर्मको पालना नगरेर प्राणीहरू जथाभावि हुन लागे भने अधर्म हुन्छ, अधर्ममा यस पृथ्वीलाई अड्न गाह्रो हुन्छ । सन्त, भक्त, साधु–महात्माहरूलाई मुश्किल पर्दछ । त्यस वेला भगवान स्वयं अवतार लिएर सनातन-धर्मको रक्षा गर्नु हुन्छ ।

भगवानको सन्देश छ–

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।।

– गीता– ४/७

भगवानले आफैं अवतार लिएर हुन्छ या आफ्ना पार्षदलाई पठाएर हुन्छ । सनातनधर्मको रक्षा अवश्य गर्नु– गराउनुहुन्छ । भगवानका २४ अवतार प्रमुख छन् र भगवानका पार्षद पनि भगवानको आज्ञाद्वारा यस पुण्यभूमिमा आएर पापी, अज्ञानीहरूलाई प्रभु सेवा, प्रभु भक्तिमा संलग्न गराएर धर्ममा वृद्धि ल्याउँछन् ।

एक समय,– द्वापार युगमा भगवान श्री कृष्ण यस धराको भार उतारेर गोलोक तर्फ प्रस्थान गरेपछि यहाँ पापीहरूमा भारि वृद्धि हुन लाग्यो । माता पृथ्वी खप्न नसकेर गौ रूप धारण गरी ब्रह्मलोक पुग्नुभयो । ब्रह्माजी गौरूप पृथ्वीलाई लिएर गोलोक धाम जानुभयो र भगवान श्री कृष्णसंग पृथ्वीको दुःख दर्शाउँदै प्रार्थना गर्न लाग्नुभयो ।

भगवान श्री कृष्णले चक्रराज सुदर्शनलाई आज्ञा भयो कि "हे सुदर्शन ! अज्ञानमा लुट्पुटिएर मानव मात्रले अपराधद्वारा अधर्मको वृद्धि गरे । अतः तिमी गएर भक्तिमती ज्ञान दिएर सबैलाई परमार्थको बाटो बताऊ–"

"सुदर्शन महाबाहो कोटिसूर्यसमप्रभ ।
अज्ञानतिमिरान्धानां विष्णोर्मार्गं प्रदर्शय ।"

उतापट्टि तैलङ्ग देशको मूगीपट्ट गाउँमा अरुण ऋषि आफ्नी पत्नी जयन्तीका साथ भगवानको आराधनामा आफ्नो समय व्यतित गर्दै हुनुहुन्थ्यो । वहाँका दिनहरू तथा प्रत्येक पल पनि भगवदाराधना विनाको रहँदैनथ्यो । एक दिन भगवानको स्मरण गर्दै सुतेका अरुणलाई स्वप्नमा भगवानले आज्ञा भयो "अरुण ! तिमी जाऊ, नैमिषारण्यमा ऋषिहरू वस्दछन्, वहाँ उनीहरूका संगतमा रहेर मेरो आराधना गर्नू ।"

भोलिपल्ट विहानै नारदजी वीणा वजाउँदै अरुणका पवित्र आश्रममा पुगेर अरुणलाई सुदर्शन मन्त्र प्रदान गरी नैमिषारण्य गएर प्रभुको आराधना गर्ने विधि वताउनुभयो। पवित्रात्मा ऋषि अरुण आफ्ना कुलगुरु अहिर्वुध्नसंग यी सारा कुराहरू वताएर आशिर्वाद मागी नैमिषारण्य गएर तपस्या गर्न लाग्नुभयो। नारदजीले वताए अनुसार एक वर्षसम्म फलफूल र दूध पान गरी सुदर्शन मन्त्र जपद्वारा भगवानको आराधना गर्नुभयो। यहाँ भगवानको चक्रावतार हुन्छ। (यहाँसम्म कुरो मिल्दछ, तर यसपछि आएर कसैले कलिमा भएको वताउँदछन् त कसैले द्वापरमा, तर श्रीमद्भागवतमा समेत भगवान निम्वार्कको नाम पाइएको र वहाँले "दहर" विद्याको उपासना गर्नुभएको प्रसंगले यो अवतार द्वापरमै भएको ठहर्छ) एक वर्ष पूरा भएपछि चक्रराज सुदर्शनले दर्शन दिएर भन्नुभयो– हे अरुण ! तपाईं अव आफ्नै गाउँ ठाउँमा जानुहोस्, कार्तिक शुक्ल पूर्णिमाका दिन तपाईंको अभिलाषा पूर्ण हुनेछ।

समय वित्दै गयो, समयका साथ साथै अरुण जयन्तीको तपस्या पूर्ण हुँदै कार्तिक शुक्ल पूर्णिमा पनि आयो। यसै दिन सर्वैतिर शान्त वातावरण स्वस्थ हुँदै आयो। कृत्तिका नक्षत्र, शरद पूर्णिमाका दिन गुरु सहित ५ ग्रह उच्च स्थानमा रहेका वेला मेष लग्नमा प्रभु सुदर्शको अवतार बालक रूपमा भयो। केही वर्षपछि कार्तिक पूर्णिमाकै दिन भगवानको चक्रावतार दर्शन गर्न नारदजी जानुभयो। भगवान चक्रावतारको नाम नियमानन्द राख्नुभयो। दिन प्रतिदिन नियमानन्द वढ्दै जानुभयो। सवैलाई "भगवान श्री कृष्ण विना गति छैन" भनेर सम्झाउनुहुन्थ्यो। अनि "कृष्णका साथमा श्री राधाको पूजा अनिवार्य छ" भन्दै अगाडि वताउनुहुन्थ्यो– राधा कृष्ण वास्तवमा एकै तत्त्व हो। भिन्न स्वरूप मात्र घोर अपराध हो। भक्तहरूलाई आनन्द प्रदान गर्ने श्री राधा विना जसले श्री कृष्णको मात्र पूजा गर्छ, त्यो तामसी हो, त्यसकारण ऊ भवसागर तर्न सक्दैन। यसरी सम्पूर्ण समाजमा राधा सहित श्री कृष्णको भक्ति गर्न सिकाउनुभयो। जसका चरणमा रहेका नूपुर ध्वनिवाट अनेक सिद्ध मन्त्रहरूको प्राकट्य हुन्छ, त्यस्ती श्री राधालाई भगवान श्री कृष्णका वाम भागमा पूजा गर्ने विधि वताउनुभयो।

अंगे तु वामे वृषभानुजां मुदां,
विराजमानामनुरूपसौभगाम् ॥
सखीसहस्रैः परिसेवितां सदा,
स्मरेम देवीं सकलेष्टकामदाम् ॥

एक दिन आफ्ना सखाहरू लिएर भगवान निम्वार्क गोदावरी पुगेर गोदावरीको प्रार्थना गरी स्नान गर्न लाग्नुभयो। त्यहाँ एउटा कछुवा आयो, त्यसलाई प्रभुले चरणस्पर्श गराउँदा कछुवा सुन्दर रूपमा परिणत भएको देखेर अचम्म मानी त्यसले कछुवा हुनुको कारण सोधे; यसमा उत्तर थियो– अगस्त्य मुनिले स्नान गर्दा पानीमुनिवाट मुनिको चरण समातेर अत्याउँदा मुनिले यो श्रापरूपी वरदान दिनुभएको हो।

यसरी भक्तहरूको उद्धार गर्दै जहाँ तहाँ भगवद्भक्तिको महिमा प्रसार गर्दै रहनुभएको वेला अधर्म र कलि "मुनिभेष" धारण गरी भगवान निम्वार्कको परीक्षा लिन गए र सायङ्काल धेरै वेरसम्म वार्ता सत्संग भए। प्रभुलाई भोग लगाएर भगवान नियमानन्दले मुनिहरूलाई प्रसाद ग्रहण गर्न आग्रह गर्दा, सायं सन्ध्या हुनै लागेकोले मुनिहरूले सूर्यास्तपछि आफूले प्रसाद नलिने विधि वताए। नियमानन्दले आफ्नो घर आँगनमा रहेको निम्बवृक्षमाथि स्वयं सूर्यको प्रकाश वनेर दर्शन गराउनुभयो। सूर्यास्त भएको रहेनछ भनी प्रसाद ग्रहण गरेपछि तुरुन्त नै आकाशमा झलमल्ल ताराहरू देखिन थाले। नियमानन्दले आफ्नै प्रकाशद्वारा दर्शन दिनुभएकोमा ती मुनिहरू गद् गद् हुँदै "यो बालक त विचित्रको रहेछ, निम्वमा प्रकाश छरेर देखायो, यसलाई त "निम्वार्क" भन्नु पर्छ भनेर नियमानन्दसंग आफ्नो अपराधको क्षमा याचना गरे। फेरि यसै क्रममा कलि आफ्नो परिवार– दम्भ, पाखण्डहरूलाई लिएर अधर्मको व्यापक प्रसार गर्न लाग्यो। अधर्म विना संसार टिक्दैन,

हिंसा नगरे प्राणी मर्दैन, अतः हिंसा अनिवार्य छ; जसरी हुन्छ धन कमाउनु पर्छ आदि आदि भाषण उसका थिए। भक्तवत्सल भगवान दम्भ भए ठाउँ आफ्नो प्रकाश फिजाउँदै आउँदा दम्भ भागेछ। प्रभु त्यहीं वसेर भगवान श्री कृष्ण सम्वन्धी गुण गान गर्न लाग्नुभयो। सारा भक्तहरूलाई श्री कृष्ण प्रेम सरोवरमा डुवाइदिनुभयो।

आठ वर्षको उमेरमा माता जयन्तीसंग प्रभुले आफू पढ्न जाने अनुरोध गर्नुभयो । विद्या आर्जन गर्नु गराउनु ब्राह्मणको कर्म हो, विद्या विना विवेक हुँदैन र विवेकहीन मानव पशुतुल्य हुन्छ।

यी कुरा सुनेर आमा बुवा हर्षले गद्‌गद् हुँदै व्रतवन्ध गराउन कुलगुरु अहिर्वुध्नसंग माघ शुक्ल पञ्चमी (वसन्त पञ्चमी) को मुहुर्त लिएर व्रतवन्ध गरियो। यसै वसन्त पञ्चमीका दिनदेखि भगवान निम्वार्कले विद्याध्ययन गर्न शुरू गर्नुभयो।

नारदजीले गायत्री, कुल गुरुले शिक्षा तथा माताले प्रथम भिक्षा दिनुभयो। भगवान निम्वार्क गुरुकुल वस्नुहुन्थ्यो। यसै क्रममा एक दिन गुरुले शैक्षिक भ्रमण गर्न सबैलाई आज्ञा दिनुभयो। ग्रीष्मको दिन, गोदावरी नदीमा सानो एउटा नाउ थियो। बूढो माझीले चलाउन लाग्दा नाउभरि पानी भरियो। भगवान निम्वार्कले सबैलाई श्री राधाकृष्णको ध्यान गर्न लगाउँदै स्वयं पनि भगवानको स्मरण गर्दै स्वयं नै नाउ चलाउन लाग्नुभयो। डुब्नवाट सबैलाई बचाउनुभयो।

एक समय घरमा सुतेका वेला भगवानले दर्शन दिएर भन्नुभयो– "हे निम्वार्क तिमी भक्ति प्रसार गर्न निम्वग्राम जाऊ। (यो ग्राम व्रजमण्डलमा पर्दछ) यो सुनेर निम्वार्क आमा बुवाको आज्ञा लिन जाँदा उल्टै विवाह गर्न आग्रह हुँदा निम्वार्कले आफूले देखेको स्वप्न वारे यथार्थ वताएर आमा बुवालाई पनि लिएर व्रजमण्डल तर्फ लाग्नुभयो। वाटामा नर्मदा, उज्जैन, क्षिप्रा हुँदै व्रजमण्डल पुग्नुभयो।

महाभारतकालमा सबै यदुवंशीको विनाश भयो तर एकजना "वज्रनाभ" बाँचेकै थिए। यिनको राज्य मथुरापुरी थियो। यिनलाई एक स्वप्नमा दर्शन दिएर भगवानले आज्ञा भयो– "हे वज्रनाभ! मेरा भक्त निम्वार्क व्रजमण्डलमा आइपुगे। उनलाई ल्याएर सेवा गर!" वज्रनाभले अनेक ब्राह्मणहरूका साथ गएर निम्वार्कलाई ल्याउनुभयो। तर व्रजको महिमा वताउँदै भगवान निम्वार्क पैदलै प्रवेश गरी गोवर्द्धन, वरसाना, नन्दगाउँ, गोकुल आदिको महिमा वताउनुभयो। केही काल व्रजमा वितेपछि अरुण ऋषिले आफ्नो शरीर छोड्नुभयो, प्रभुमा लीन हुनुभयो। माता जयन्तीले विलाप गर्न लाग्दा भगवान निम्वार्कले संसारको स्वरूप, संस्था र संसारको धर्मवारे सम्झाउनुभयो। यसपछि माता जयन्ती पनि पति देवताका साथ सति गएपछि शुद्ध–बुद्ध स्वयं प्रकाश प्रभु निम्वार्कले लोकमा परम्परा वनाइराख्न आमा बुवाको लौकिक, पारलौकिक क्रिया गर्नुभयो।

एकदिन भगवान निम्वार्क प्रातःकाल ध्यानमा रहँदा भगवान श्री हरिले भन्नुभयो– हे निम्वार्क ! तिमी अव गोवर्द्धन नारद कुण्डको सेवन गर।" त्यहाँ गएर पुनः तपस्या गर्न लाग्दा नारदजीले पञ्चपदी दीक्षा, वैष्णव धर्मशिक्षादि दिनुभयो। तिलक स्वरूपका वीचमा श्याम श्री धारण गरी शंखचक्र धारण गरेर विनियोग सहित मन्त्रराज प्राप्त भएपछि नारदजीका साथ कृष्णगण्डकी गएर शालिग्रामको पूजा गर्नुभयो। नारदजीले एक शालिग्राम उठाएर दिनुभयो, जो आज पनि यस सम्प्रदायका आचार्य आफ्नो वक्षःस्थलमा धारण गर्नुहुन्छ। सूक्ष्मातिसूक्ष्म हुनाले दूरविनबाट मात्र दर्शन गर्न सकिन्छ, यहाँ यही आश्चर्य छ।

यसरी प्रभु निम्वार्क मन्त्रराज र श्री सर्वेश्वर (शालिग्राम) प्राप्त गरेपछि निम्वग्राम आएर तपस्या गर्न लाग्नुभयो। तपस्याको विशाल प्रसार भएपछि कलि र अधर्मले आफ्नो कार्यमा वाधा परेको देखी तपस्या भङ्ग गरिदिन सेना पठाए। निम्वार्क आश्रमका वरिपरि कलिका सेना गएर नाच–गान गरी व्यवधान उत्पन्न गर्न लागे, तर केही नलागेर ती सेना कलिकहाँ गएर आफ्नो विफल कार्य वारे सुनाउँदा कलि अति क्रूर हुँदै

वहाँ आएर विघ्न पार्न खोज्दा स्वयंको पनि दाल नगल्दा कलिले क्षमा याचना गऱ्यो ।

राजा वज्रनाभले एकदिन सायंकालमा भगवान निम्बार्कको दर्शन गरे । वज्रनाभलाई भगवानले मन्दिर-हरु निर्माण गर्ने आज्ञा भयो । साथै राधा उपासनाको दीक्षा दिनुभयो । यसपछि वज्रनाभले मन्दिरहरू वनाई राधाकृष्ण पधराएर प्राण–प्रतिष्ठा गर्न भगवान निम्बार्क-लाई मथुरा बोलाए । वहाँले प्राण–प्रतिष्ठा गर्नुभएको "केशवदेव" मन्दिर मथुरामा वर्तमान पनि अवस्थित छ । यसरी गोविन्द देव, हरिदेव आदि नामले द्वादश मन्दिर वज्रनाभले वनाए ।

एक समय भक्तहरूको आग्रहमा चौरासी कोश व्रजमण्डलको परिक्रमा दिन जानुभयो, त्यस समयदेखि अद्यावधि त्यो चलन चलेकै छ । यो परिक्रमा गरेपछि ८४ योनिबाट छुटकारा पाउने कुरा निर्विवाद छ ।

एकदिन परीक्षा गर्न आएका सन्यासरूप ब्रह्मासंग भगवानले प्रसाद लिन (खाना खान) आग्रह गर्दा साँझ परेपछि आफूले भोजन नगर्ने कुरा सन्यासीले सुनाए । पहिले जस्तै गरी निम्बवृक्षमा प्रकाश फैलाएर दर्शन दिएपछि ब्रह्मा प्रशंसा गर्दै आफ्नै ब्रह्माण्ड तर्फ फर्के ।

सारा व्रजमण्डल लगायत सबै ठाउँमा भगवान श्रीराधा कृष्णको उपासना हुन थालेपछि कलिले आफ्नो धर्मको प्रसार गर्न नसकेर ब्रह्मासंग निवेदन गरेपछि ब्रह्मा पनि यसलाई आश्वासन दिएर प्रभु श्री हरिको ध्यान गर्न लागे । भगवानले ब्रह्मालाई पनि आश्वासन दिएर पठाउनुभयो ।

आद्याचार्य भगवान श्री निम्बार्क युगल सरकारका ध्यानमा मग्न हुनुहुन्थ्यो । भगवान श्री हरिले दर्शन दिएर चक्रवतारलाई आफूमै लीन गर्न खोज्दा भगवानले आफ्ना शिष्य श्रीनिवासलाई आफ्नो गद्दी र नारदजी-द्वारा प्राप्त श्री सर्वेश्वर सुम्पिनुभयो र आफू स्वयं चक्रराज सुदर्शनमा लीन हुन पुग्नुभयो । चारै तर्फ प्रकाश फैलियो । सबै भक्तवृन्दले देख्दा देख्दै दिव्य विमानमा चढेर भगवान श्री निम्वार्क गोलोक तर्फ प्रस्थान गर्नुभयो ।

वहाँले देखाउनुभएको मार्गमा चलेको सम्प्रदाय-लाई "निम्बार्क" सम्प्रदाय भनिन्छ । यो सम्प्रदायमा भक्तिनै भक्ति मात्र छ । तार्किक शास्त्रहरू धेरै मात्रामा छैनन् । किनभने जहाँ भक्ति प्रधान छ त्यहाँ तर्क भन्ने वस्तु नै हुँदैन । केवल अखिल ब्रह्माण्ड नायक प्रभु श्रीको भक्ति गर्नमा मात्र लाग्छ, मुक्ति चाहँदैन । केवल प्रभुको भजन, सेवा, उपासना गर्नका लागि जीवन हो । यस जीवनमा जे केइ पनि गरिन्छ भने प्रभुमा समर्पण गर्ने भावना राख्दछन् ।

अहिले वर्तमान समयमा यस सम्प्रदायको गद्दी तथा श्री सर्वेश्वर प्रभुका सेवामा आचार्य परम्परादेखि चल्दै आएको रीति अनुसार अनन्त श्री विभूषित जगद् गुरु श्री निम्बार्काचार्य पीठाधीश्वर "श्री श्री जी" श्री राधा सर्वेश्वर शरण देवाचार्यजी महाराज हुनुहुन्छ ।

समचित्त, प्रशान्त, क्रोध वर्जित, सुहृद् सन्तहरूको संगत मुक्तिको द्वार हो भने संसारीको संगत चाहिं नरकको द्वार हो ।

— भागवत—५—५-२

आचारः परमो धर्मः

–भीमकान्त पन्थी

यद्यपि "वेदोऽखिलो धर्ममूलम्" भनिएको ठीक हो । किन्तु वेदको अर्थज्ञान गर्न सर्वसाधारण मानिसलाई कठिनता मात्र हैन, असम्भव छ। त्यस्तो कठिनतावाट ठूलठूला विद्वानहरूलाई पनि वेदको मर्म जान्न त मुश्किलनै पर्छ । मर्म जानिहाले पनि आचार छैन भने धर्म कसरी हुन सक्छ ! र धर्म त आचारवाटनै हुनसक्छ। त्यो आचार वताउने शास्त्रलाई धर्मशास्त्र भनिन्छ। ज्योतिष शास्त्रलाई पनि धर्मशास्त्र नै भन्नु पर्दछ। किन भने यो काम यस वेलामा गर्नु पर्छ, यो काम गर्दा यस्तो मुहुर्त वा लग्न चाहिन्छ इत्यादि कर्तव्याकर्तव्यको पहिचान गराउनु धर्मशास्त्रकै काम हो । अत एव ज्योतिष शास्त्र पूरै धर्मशास्त्र हो । त्यस्तै– पुराण न्याय मीमांसा धर्मशास्त्रांग मिश्रिताः । वेदा स्थानानि विद्यानां धर्मस्य च चतुर्दश ।। यो याज्ञवल्क्य स्मृतिवाट धर्मका १४ स्थान वताइएका छन् । यिनवाट पनि विना आचार धर्म कसरी हुन्छ, "श्रुतिः स्मृतिः सदाचारः स्वस्य च–प्रियमात्मनः । सम्यक् सङ्कल्पजः कामो धर्ममूलमिदं मतम् ।। यस वचनले पनि सदाचारलाई ओगटेको छ। "आचारहीनं न पुनन्ति वेदाः यदप्यधीता सह षड्भिरंगैः । छन्दांस्येनं मृत्युकाले त्यजन्ति नीडं शकुन्ता इव जातपक्षाः ।। यस पुराण वचनवाट पनि आचारले हीन भएका अनाचारीलाई वेद, पुराण कुनै शास्त्रले पनि पवित्र गर्न सक्तैनन्, भन्ने वाक्यहरू पाइन्छन् । आचार भन्नु निःषेकादि स्मशानान्त क्रमका शास्त्रले वताएका कर्मको संज्ञा पनि हो । त्यो पनि सत् अगाडि थपिदिएकोले शास्त्रले भनेका कुरा कत्ति पनि न छाडी शक्ति शाठ्य, वित्त शाठ्य न गरिकन गर्नाले मात्र सदाचार हुन्छ। त्यसमा पनि द्रव्य शुद्धिः, क्रिया शुद्धिः, मनः शुद्धि, यी तीन कुराको शुद्धि हुनुपर्छ । पाण्डवहरूले राजसूय यज्ञ गरे, सर्वस्व दान गरे, ठूलो उदारता देखाए। साक्षात् श्री कृष्णको पूजा गरे । तैपनि त्यो गरेको थोरै दिनमा जुवावाट सर्वस्व हारे, पत्नी समेत हारे अनि वाह्र वर्ष वनवास तथा एक वर्ष गुप्त वासको यस्तो दुःख सहनु पऱ्यो । कारण द्रव्यशुद्धि नहुनाले हो भनेर पुरणादिमा उल्लेख गरेको पाइन्छ । सत्पात्र विद्वान व्राह्मण, आचार्य नभई मन्त्र, तन्त्र, पाठ, पूजामा विधि पुग्न सकेन भने क्रियाशुद्धि हुँदैन र उल्टो फल पाइन्छ।

कदाचित् द्रव्यशुद्धि, क्रियाशुद्धि भए पनि मनशुद्धि हुन गाह्रो छ ' अतः सदाचार हुन मुश्किल छ। सदाचारी पुरुषलाई धर्ममा प्रमाण मानिएको पनि छ। ऋषि–मुनिहरू सदाचारी थिए र उनीहरूले निःषेक यसरी गर्नुपर्छ, गर्भाधानादि क्रिया यसरी गर्नुपर्छ भन्ने थाहा भैकन कर्म साथै गर्दथे । त्यस्तै सीमन्तोन्नयन,

पुसवन, जातकर्म प्रभृति सबै कर्म गर्दथे। व्रतवन्ध पनि "गर्भाष्टमेऽष्टमे वापि ब्राह्मणस्योपनयनम्। राज्ञामेकादशे सैके विशामेके यथाकुलम्" इत्यादि शास्त्रको सम्मतबाट व्रतबन्ध गरिन्थ्यो र आचार सम्पन्न हुँदा उनीहरू धर्मात्मा थिए। उनले जे भने पनि पुग्दथ्यो। आज भोलिका मानिसहरू ता छोरो २५ वर्षको हुँदा पनि व्रतवन्ध गर्न मन नगर्ने, १६ वर्षसम्म पनि ब्राह्मणको व्रतवन्ध गरिएन भने सावित्री पतित हुन्छ। ब्राह्मणत्व चुहुँदा चुहुँदै ८ वर्षदेखि १६ वर्षसम्ममा रित्तो हुन्छ। २५ वर्ष-पछि गरे पनि विधि विधान, मन्त्र पाठ कहां हो कहाँ छुटेर जान्छ। उनीहरूलाई यस मार्गमा आउन गाह्रो पर्ने अवस्था हुन्छ।

यसो भएपछि यस्ता वटुहरूबाट आचार सम्पति कसरी बढ्ने? र यिनीहरूले धर्म कसरी गर्छन्? यति लामो कालसम्म भक्षाभक्षको विचार नभएको हुनाले पछि आएर त्यो बानी सुधार्न कसरी सक्छन्? आठ वर्षमा व्रतवन्ध गरेको भए उसको बुद्धि काँचो हुन्छ; काँचो बुद्धि जतातिर लगायो उतैतिर लाग्दछ।

पाठकहरूमा यो कुरा पनि आकृष्ट होओस्— विभाण्डवका पुत्र ऋष्यशृङ्ग पनि १२-१४ वर्षका वालक थिए। बाबुले त आजीवन ब्रह्मचारी गराउने विचार गरेका थिए, तर उनी नभएको वेलामा रोमपाद राजाको घरबाट युवतीहरू गएर कर्णरम्य गीत गाउने र मीठा लड्डु खान दिने गरेर वहकाई "हाम्रो दरवारमा यस्ता फल पाइन्छन्" भन्दै राजदरवारमा लगेछन्। उनको प्रभाव यस्तो थियो कि जहाँ उनी जान्छन् त्यहाँ जलवृष्टि हुन्थ्यो, यही आशयले मुनि राजदरवारमा लगिएका थिए। त्यो प्रभाव जानेर राजा रोमपादले आफ्नी छोरी शान्ताको विवाह यिनै मुनिका साथ गरिदिए। यी कन्या राजा दशरथकी छोरी थिइन्।

समय सालमा दशरथले यिनै मुनिलाई आचार्य वनाएर पुत्रेष्ठी यज्ञ गरे, यस यज्ञका प्रभावले राम, भरत, लक्ष्मण र शत्रुघ्न चार भाइ छोराको जन्म भयो।

यहाँ भन्न खोजेको कुरो के भने मुनि ऋष्यशृङ्गले राजा दशरथलाई यज्ञकालमा निःषेकादि कर्मका सम्पूर्ण मुर्हुतहरू वताएका हुनाले र राजाले पनि आचार्यको भनाइ अनुरूप समयको प्रतिपालन गरेका हुनाले नै छोरा-हरूको जन्म भएको हो। यस कारण आचार पूर्वक रहेर कर्म गर्नु नै धर्म हो।

⇒:०:⇐

ती गुरु–गुरु हैनन्,

ती पिता–पिता हैनन्,

ती माता–माता हैनन्,

ती बन्धु–बन्धु हैनन्,

ती देवता–देवता हैनन्

जसले संसारसागरबाट

पार हुने युक्ति बताउँदैनन्

भागवत–५–५–१८

गीता अध्ययन र स्वास्थ्य

– सहायक रथी डा. ठाकुर नाथ भट्टराई

स्वस्थ र सुखी रहुँ भन्ने भावना मानव मात्रमा हुन्छ। यो स्वाभाविक हो र अनादि कालदेखि निरन्तर अभिलाषा गरी आएको पनि हो। तर साधारणतया मानिसको सोचाइमा 'स्वास्थ्य' भन्ने वित्तिकै शरीरमा लाग्ने विभिन्न किसिमका रोगहरूको कसरी उपचार गर्ने र शारीरिक स्वास्थ्य कसरी ठीक राख्ने भन्ने कुराहरू मात्र आउँछन्। शारीरिक रोग मात्र खास रोग होइनन्, मानसिक एवं बौद्धिक दुर्वलता र आध्यात्मिक अभि-प्रेरणाका अभाववाट पनि विभिन्न दुःख, पीडा र अवस्थाको अनुभूति हुन्छ भन्ने कुरा हामीले विर्सनु हुँदैन।

स्वास्थ्य संस्कृत शव्द हो। यसको व्युत्पत्ति हो– स्वस्मिन् तिष्ठति इति स्वस्थः– स्वस्थस्य भावः कर्म वा स्वास्थ्यम् अर्थात् आफू आफैमा रहनु स्वस्थ हुनु हो र त्यस्तो अवस्थामा ल्याउने कार्य विशेषलाई स्वास्थ्य भनिन्छ। यस अनुसार आफू आफैमा रहनु भन्ने वित्तिकै आफू, आफ्नो शरीर र यसका नियन्ताको पारस्परिक सम्वन्धको ज्ञान भएपछि मात्र सही अर्थमा स्वस्थ भएको मानिन्छ। भौतिक जगत, पञ्चमहाभूत, अविद्या (प्रकृति) र पुरुषको तात्विक ज्ञानले नै त्यस्तो स्वस्थता प्रदान गर्ने हुनाले गीता अध्ययनवाट आध्यात्मिक स्वस्थता प्राप्त हुन्छ।

अज्ञानता प्राचीन संस्कृति र धर्म प्रतिको अनास्था र आधुनिकताको जगजगीले गर्दा प्राचीन आदर्श र सनातन एवं शाश्वत मूल्य र मान्यतालाई उद्वोधन गर्ने शास्त्रीय ग्रन्थ एवं विचारहरूको अध्ययन, मनन् र चिन्तन प्रति आजका मानिसहरूमा एउटा नजानिदो अनिच्छा र उपेक्षा वढ्दै गइरहेको छ। त्यसमा पनि गीतालाई त अवकाश प्राप्त बुढा–बूढी, छोरा–छोरीले हेपेका, छोडिएका, दुःख पाएका, अपुता, दीन दुःखी र सन्यास तर्फ उन्मुख भएकाहरूले मात्र आश्रय लिएर वस्ने विषयको रूपमा लिई आएको पाइन्छ। युवावर्गले पढेमा त जोगी नै भएर घर छोडेर भाग्दछन् भन्ने पनि धेरैको धारणा छ। यो धारणा सरासर गलत हो। वास्तविक अर्थमा गढेर हेर्ने हो भने श्रीमद्भगवद्गीता दर्शनको सागर हो जहाँ व्यवहार, कर्म, भक्ति, ज्ञान, आध्यात्मिक दर्शन जस्ता जीवनका सवै पक्षहरूलाई खंदिलो र सारपूर्ण दिग्दर्शनको खजानाले भरिएको छ। अझ समष्टिमा हेर्ने हो भने गीताका ती ७०० श्लोकका उपदेशहरू सर्वव्यापी, सधैं सामयिक र सवै अवस्थामा आश्रय दिने खालका छन्। त्यसैले गीता यस्तो अध्यात्म दर्शन हो जसले सीमित हिन्दू धर्मालम्वीहरूलाई मात्र सही मार्ग दर्शन नगरी सुनसुर्क जाति, वर्ण, लिंग, मत, पेशाका मानिसहरूलाई पनि सफल जीवन यापन गर्ने

मार्ग दर्शन गराउँदछ। यस अर्थमा संसारकै एक अमूल्य ग्रन्थका रूपमा हामी गीतालाई लिन सक्तछौं। यसको अध्ययनले उपनिषदमा व्याख्यान गरेको "तमसोमा ज्योतिर्गमय" (अज्ञानरूपी अन्धकारबाट ज्ञानरूपी प्रकाश तर्फ लैजाऊ) वाक्यांशलाई चरितार्थ गराउँछ।

यस्तो ज्ञान प्राप्त गर्ने मुख्य साधन पनि शरीर नै हो। शरीर नभएमा धर्म, अर्थ, काम, मोक्ष केही पनि प्राप्त गर्न सकिदैन। "शरीरमाद्यं खलु धर्म साधनम्" ले यही कुरालाई पुष्टि गरेको छ। तर शरीर भएर मात्र पनि ज्ञान प्राप्त हुन सक्तैन, यदि श्रद्धा, आस्था, लगनशीलता, मनन्, चिन्तन, अन्वेषण र अभ्यास छैन भने। तसर्थ मानव जीवनको पूर्णताका लागि शारीरिक स्वस्थताका साथै आध्यात्मिक र चिरकालिक परमानन्द प्राप्त गर्ने क्रममा म को हुँ, यसको सृष्टि कसरी भयो ? जीवन–यात्रामा स्वस्थ चरित्र निर्माण कसरी गर्ने ? मृत्यु के हो ? मृत्युको द्वार के हो, कुन बाटोबाट कहाँ पुगिने हो ? जन्म–मरणचक्रभेद कसरी गर्न सकिन्छ ? भन्ने जस्ता प्रश्नहरूमा चिन्तन–मनन् हुनु पर्छ। गीताको अध्ययनबाट यी सबै प्रश्न समाधान गर्न सकिन्छ भन्ने कुरा संक्षेपमा आफूले जाने बुझेसम्म गीताको अध्ययन गरेको आधारमा यहाँ उल्लेख गर्ने प्रयास गरेको छु।

सर्व प्रथम **म को हुँ** भन्ने विषयको विश्लेषण गरौं —

आध्यात्मिक हिसावले "म" यो देह चलाउने तर देहदेखि भिन्नै रहेको चेतनशील आत्मा हुँ। चराचर जगतमा व्याप्त ब्रह्म नै देहको खोल ओडी उसैको अंशका रूपमा अभिव्यक्त चेतन शक्तिलाई त्यो "म" ले बुझाउँदछ। नित्य शुद्ध, मुक्त, सत्य, चैतन्य, आनन्द, स्वस्थतामा रहेको र निरञ्जन, निराकार निर्विकार, अक्षर, अद्वैत, ब्रह्म, आदि अनेकौं नामबाट व्याख्या गरिएको (गीता २,१९-३०) परमातमा र उसको अंशका रूपमा रहेको जीवको तादात्म्य ज्ञानबाट मात्र सम्भव हुन्छ। व्यष्टि रूपमा संसारमा देखिएको यो शरीर प्रकृततः क्षणभङ्गुर, नाशवान, अनित्य छ र सूक्ष्मातिसूक्ष्म चेतना शक्ति आत्मा भूतको अंशहरूबाट स्थूल शरीर र सूक्ष्म शरीरले बनेको छ र सूक्ष्मातिसूक्ष्म चेतना शक्ति आत्मा (देही)बाट चल्दछ।

गीताले कर्म–भक्ति–ज्ञान तीनै मार्गबाट आत्मबोध प्राप्त गरी जीवनको पूर्णता र स्वस्थता प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई स्पष्ट पारेको छ। कर्मयोगमा (गीता २।३१–३८) निःस्वार्थ भावबाट डटेर काम गर्दै निष्काम कर्मसाधनाबाट विवेकको अनुभूति गर्न सकिने विषयलाई जोड दिइएको छ भने भक्ति योगमा (गीता ६।२६–३२) प्रेम र भक्तिको माध्यमबाट भावले तत्त्व बोध गर्न सकिन्छ भन्ने कुराको व्याख्यान गरिएको छ। त्यस्तै ज्ञानयोगमा जीवात्मा र परमात्माको तात्विक विश्लेषणबाट जीव ब्रह्मैक्य प्राप्त गर्न सकिने शाश्वत वेदान्त सिद्धान्तलाई संपुष्टि दिइएको छ।

जन्म कसरी हुन्छ ?

जब निर्गुण निराकार ब्रह्मको (पराप्रकृति) अंशको जड प्रकृति (अपरा प्रकृति) संग सम्मिलन हुन्छ तब चराचर जगतको सृष्टि हुन्छ। (गीता ७/४–६) जीवको पनि त्यसै गरी सृष्टि हुन्छ। जीवको सृष्टि र चराचर जगतको सृष्टि व्यावहारिक सत्तामा सत्य जस्तो देखिएता पनि पारमार्थिक सत्तामा अर्थात् सही अर्थमा यो मायाको खेल मात्र हो।

जीवन–यात्रा

जीवन–यात्रा एउटा चक्र भ्रमण हो। देहको ढकनी लिएको जीव प्रारब्धको पाशोमा बाँधिएको हुन्छ। पूर्व–पूर्व जन्मको यस जन्ममा र यस जन्मको परजन्ममा प्रभाव परिरहेको हुन्छ। जन्म मरणको चक्र वन्धन नतोडिएसम्म तीन गुणको अनुपातको आधारमा कुनै पनि मनुष्यले विषयभोग गर्दै सुख र दुःखको जीवन–यात्रामा आफूलाई समर्पित गराउँछ (गीता १५/८–९)। त्यो विशुद्ध आत्मा तत्त्व जसको अंशबाट जीव वन्दछ ब्रह्म भने आकाश जस्तो सर्व व्यापक र सूर्य जस्तो निर्लिप्त

छ (गीता १३।३२–३३)। जस्तो आकाश सर्वव्यापी भएपनि एउटा घडा भित्रको आकाशलाई घटाकाश, कोठा भित्रको आकाशलाई कोष्ठाकाश भन्दछौं र आवरणको कारणले मात्र एउटा आकाशलाई विभिन्न नामबाट पुकार्दछौ त्यसै गरी ब्रह्मले प्राणी मात्रको आवरण ओढदा-तत्तत् नामले पुकारेर परमात्मा भन्दा जीवात्मा बेग्लै भएको जस्तो देख्दछौं। तर आवरण हटाइदिनासाथ जस्तै धडा फुटनासाथ वा कोठा भत्कनासाथ आकाश आकाश मात्रै रहन्छ त्यसै गरी ब्रह्म ब्रह्म मात्र रहन्छ। त्यसै गरी जस्तो एउटै सूर्यको शक्तिबाट त्यो शक्ति पाउने यन्त्रको आफ्नो प्रकृति अनुसार तताउने, चिसो गराउने, बत्ती बाल्ने, रेडियो, टि. भी. चल्ने जस्ता अनेकौं कामहरू हुन्छन् तर सूर्यसंग ती यन्त्रको कुनै संसर्ग हुँदैन। त्यस्तै परमात्माको प्रकाशले उद्दीपन भएको जीव आफ्नो गुण र संस्कारको प्रकृति अनुसार निर्लिप्त रही काम गर्दछ। (गीता ३/२७) तर सर्वव्यापक आधार आत्मातत्त्व अर्थात् परमात्मा भने बिलकुलै तटस्थ र निर्लिप्त रहन्छ।

जीवन यात्रालाई प्रभाव पार्ने गुण र गुण अनुसार मानिसमा हुने स्वभाव र त्यसको प्रतिफलको विवरण तलको तालिकामा देखाइएको छ—

गुणका विवरण

(स्वभाव, आहार, विहार, कार्य, कार्यफल आदि)

विषय	सत्व गुण	रजो गुण	तमो गुण
साधक (पात्र) का तहको हिसाबले	उत्तमः— सर्वोच्च ज्ञान र बुद्धि विवेकको तह	मध्यमः— मनको तह	निम्नः— इन्द्रियको तह
गुणको स्वरूप	ज्ञानको उदय हुनु गीता— १४।११	कर्ममा प्रवृत्ति, भोग गर्नमा लग्न हुनु १४।१२ १४।१७	प्रमाद, मोह, कर्तव्याकर्तव्यको ज्ञान नहुनु १४।१३ १४।१७
फल—	निर्मल, सुख, ज्ञान, वैराग्यको उदय आनन्द १४।६ १४।६	कर्म र फलमा आसक्ति १४।७, १४।६	प्रमाद १४।८, १४।६
स्वरूप र फलको नतिजा	सुखमा आसक्ति तथा ज्ञानको अभिमानबाट अधोगति १४।६	काम, क्रोध, लोभ, मोहको बन्धनबाट अधोगति १४।७	अज्ञान, प्रमाद, आलस्य, निन्द्राको बन्धनबाट अधोगति १४।८
उपासना —	देवपूजा आराधनामा मन १७।४	राक्षसको पूजामा मन १७।४	भूत प्रेतको पूजामा मन १७।४
आहारमा मन	निरोगी हुने, पच्ने खालका रत्न आयु वढ्ने, सुख र प्रीति वढाउने रसीलो, ताजा, भोक लगाउने खाने कुरा १७।८	अमिलो, पिरो, नुनिलो हुने, तारेको खाँदा पनि दुःख लाग्ने रोग पैदा गर्ने वा दुःख दर्द हुन सक्ने १७।६	काँचो, कचिलो, खिरसिलो वासी, गन्हाउने जुठो अपवित्र १७।१०

विषय	सत्व गुण	रजो गुण	तमो गुण
यज्ञ, काज कर्म-मा मन	विधिपूर्वक निष्काम भावको कार्य १७।११, १८।६	विधिपूर्वक तर कामना युक्त १७।१२, १८।८	विधिहीन मन्त्र, दान, दक्षिणा श्रद्धाले रहित १७।१३, १८।७
तपको किसिम	श्रद्धायुक्त। किस्काम भावले युक्त १७।१७	आत्म सम्मानले युक्त, अरुलाई देखाउने घमण्ड युक्त १७।१८	आफ्नो शरीरलाई यातना दिएर, अरुको कुभलो चिताउने १७।१९
दान भिक्षा	देश, दान, पात्रलाई मिल्दो–खाना नाङ्गोलाई कपडा १७।२०	यो जन्म अर्को जन्मको लागि स्वार्थ पूर्तिको लागि १७।२१	तात्विक गुणले रहित १७।२२
कम गर्न्	कर्तव्य कर्म बुद्धि विवेकको तहवाट १८।९	स्वार्थ पूर्ति नहुने देखेर संभृत समेत कर्म त्याग १८।८	मोहवाट कर्मको त्याग १८।७

मृत्यु :–

पञ्चमहाभूतको अंशले वनेको स्थूल शरीरको यात्रा मृत्युमा पुगेर टुंगिन्छ। तर त्यसको सञ्चालक देहीले कर्म र संस्कार अनुसार अर्को देहको खोल लिन्छ। भौतिक हिसावले शरीरको अन्त्य हुनु नै मृत्यु हुनु हो तर आध्यात्मिक हिसावले मानिसले पुराना लुगालाई त्यागेर नयाँ लुगा फेरेझैं जीवले पनि यो स्थूल शरीरलाई छाडेर कर्मानुसारी संस्कार बोकी सूक्ष्मशरीरवाट पुनः अर्को स्थूलशरीरमा प्रवेश गर्दछ (गीता २।२२)।

मृत्युद्वार र मृत्यु पछिको यात्राः

गीताका अनुसार जीवले स्थूल शरीरलाई दुई अवस्थामा छाड्दछ (गीता ८।२४)।

१) उत्तरायणको वेला, दिनको समय, शुक्लपक्ष अर्थात् ज्ञानावस्था।

२) दक्षिणायनको वेला, रात्रिको समय अर्थात् अज्ञानावस्था।

पहिलो अवस्थामा निस्केको जीवको पुनर्जन्म हुँदैन, भुटेको वीऊ, उम्रन नसके जस्तै संस्कार रहित भएर परब्रह्ममा विलीन हुन्छ। (गीता ८।१५–१६) यसरी जन्म र मरणको चक्रवाट र संसारवाट मुक्ति पाउँछ। सत्त्वगुण प्रधान भए ब्रह्म हजारौं हजार वर्षसम्म भोग गरेर फेरि जन्म लिनुपर्छ (गीता ८।१७–२०, ८।२४–२८, १४।१४)।

रजोगुण, प्रधान भए देवलोकमा भोग गरी फेरि पृथ्वीमा फर्कनु पर्दछ। तमोगुण प्रधान पुरुष दुःख कष्ट पीडायुक्त नारकीय जीवन यापन गरी नीच योनिमा मर्त्यलोकमै वा आसुरी योनिमा जन्मन्छ।

(गीता १४।१५)

पुनर्जन्म लिदा सूक्ष्मशरीरले स्थूल शरीरलाई छोड्दछ। त्यो सूक्ष्म शरीर पञ्चमहाभूतको अंश, पञ्च कर्मेन्द्रिय पञ्च ज्ञानेन्द्रिय र मन, बुद्धि चित्त, अहङ्कारले वनेको हुन्छ र कर्म र संस्कारको योगफल अनुसार उपयुक्त शरीरमा प्रवेश गर्दछ। (गीता ८।६)‌; "पुनरपि जननं पुनरपि मरणं पुनरपि जननी जठरे शयनम्।"

निष्कर्ण :–

मानिसको जीवनमा शरीर एउटा अङ्ग मात्र हो। त्यसैले हामीले जीवनको सार्थकता र पूर्णताको लागि एउटा अङ्गलाई मात्र हेर्नु र जोड दिनुभन्दा समष्टि जीवनलाई सफल बनाउने तर्फ प्रयास गर्नु वाञ्छनीय देखिन्छ। बाह्य शरीर आन्तरिक शरीरको स्वास्थता र लक्ष्य प्राप्तिका लागि सधैं उद्यत रहनु मानवमात्रको कर्तव्य हो। त्यसैले यस लेखमा शारीरिक स्वस्थताको साथै आध्यात्मिक प्रकाश उद्दीपन गराउने तर्फ हामी सबै लाग्नु पर्ने कुरामा जोड दिएको हुँ।

जीवमात्रको लक्ष्य क्षणिक आनन्द र सुखभोग होइन निरतिशय आनन्द र चिरन्तन सुख हो। परमानन्द भनेको परमात्माको द्योतक हो। पूर्ण स्वास्थ्य (Balanced State) आत्मानुभूति (Selfrealization) बाट मात्र सम्भव हुन्छ। त्यस्तो आत्मस्थितिमा रहनका लागि गीताले सबै प्रकारका मानिसलाई मिल्ने गरी कर्म, भक्ति ज्ञान मार्गको निर्देशन गरेको छ। गहन अध्ययन, अनुगमन र मनन् नगरी गीताका सार्वकालिक उपदेशहरू स्पष्ट हुन सक्तैनन्। गीता अध्ययनमा त्यति ध्यान नदिएका र गहन अध्ययन नगरेका पाठक वर्गलाई गीताको अध्ययन र अनुसरण गर्ने तर्फ यस छोटो लेखले केही हदसम्म पनि प्रेरणा दिन सकि कृतकृत्य भएको सम्झिने छु।

अन्त्यमा, ज्ञानविना हाम्रो पूर्ण स्वस्थता सम्भव छैन। ज्ञानका लागि गीता जत्तिको सुगम, सरल तर गूढार्थ र सर्वोपयोगी उपदेशले युक्त ग्रन्थ अरु केही छैन। त्यसैले गीता अध्ययन र स्वास्थ्य विषयको यो लेख सूर्यको अगाडि बत्ती देखाए झैं सबैका लागि प्रस्तुत गरेको छ।।

⇒ शुभम् ⇐

हिन्दूधर्ममा नारीको स्थान

– श्रीमती अंगूर बाबा जोशी

हिन्दू धर्म ज्यादै व्यापक र विशाल धर्म हो। यो 'धर्म मात्र होइन सुखमय, शान्तिमय एवं आनन्दमय जीवन जिउने कला पनि हो। यसैले व्यापक आधारभूत दृष्टिकोणले र सबभन्दा पहिलो धर्पको नाताले हेर्दा हिन्दू धर्म मानवता धर्म हो, जसले धर्मलाई केही समूहको हित वा मार्ग दर्शनलाई मात्र लक्ष नगरी "वसुधैव कुटुम्बकम्," "धारणाद्धर्म इत्याहु" भन्ने जस्ता उदार विश्वव्यापी परिवेश अंगालेको छ। यसले प्रतिपादित गरेको सनातन उच्च मानव मूल्य र मान्यताहरू, मनुष्यत्वका आधारभूत तत्त्वहरू एवं सदाचार र सद्-विचारका सन्देशहरूबाट हिन्दू जगत मात्र होइन सम्पूर्ण मानव जगत लाभान्वित हुन सक्दछ। अतः मातृशक्ति जस्तो मानव समाजको पचास प्रतिशत अंश ओगट्ने नारी बारे हिन्दू धर्ममा सारै मर्यादित, प्रभावकारी एवं उच्च स्थान रहनु स्वाभाविकै हुन आउँछ।

वैदिक कालमा ब्रह्मवादिनी घोषा, इन्द्राणी, अपाला, लोपामुद्रा विश्वास जस्ता वैदिक मन्त्र द्रष्टा ऋषि नारीहरूबाट शुरु भएको र गार्गी, मैत्रेयी जस्ता प्रकाण्ड विदुषीहरूबाट सुशोभित हिन्दू नारीको परम्परा अत्यन्त प्रेरणादायी छ।

पौराणिक कालमा पवित्र भूमि नेपालको महिमामय सुपुत्री जगज्जननी श्री सीताको उच्च नारी चरित्र एवं पवित्र गाथाले रामायण सुशोभित भएको सर्व विदितै छ। श्री सीता मातालाई हिन्दू धर्ममा नारी धर्मको सजीव मूर्ति भन्नु अत्युक्ति हुने छैन। रावणकी धर्मपत्नी भएर पनि मन्दोदरीको उच्च विचार एवं आफ्नो पतिलाई कुमार्गबाट सन्मार्गमा फर्काउने उनको अथक प्रयास स्तुत्य छ। श्री कौशल्या माता र सुमित्राको उच्च आदर्श पनि रामायणमा ज्यादै प्रभावकारी रूपले प्रस्तुत गरिएको छ। बाल्यावस्थामा कैकेयीले श्री राम प्रति दर्शाएको स्नेहको वर्षा उस्तै स्तुत्य छ। पछि गएर मन्थरा र कैकेयी सम्वाद एवं रामवनवासका जुन घटनाहरू घटे, त्यसमा श्री ईश्वरको लीला एवं दुष्ट संहार र भविष्यको मानव समाजलाई सदा मार्ग दर्शनको निमित्त आफूलाई त्यतो कलङ्कित हुने भूमिका निर्वाह गरेकोमा त्यसलाई एकतर्फी निन्दनीय मात्र भन्न सकिदैन। सूक्ष्म रूपमा भन्ने हो भने यो एउटा स्वार्थ त्यागको नमुनाको रूपमा पनि हेर्न नसकिने होइन।

अर्धाङ्गिनीको रूपमा आफ्नो पतिको दुःख सुखमा सहयोगी, सहभागी र सहगामी बन्ने नारीत्व विकासको लागि महाभारतमा द्रौपदीको भूमिका उत्तिकै प्रेरणादायी छ। आफ्नो सन्तानको उच्च आदर्श, क्षमता र नैतिकबलको बिजारोपण एवं संरक्षण सम्वर्धमा कतो महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने कुराको कुन्तीले ज्वलन्त उदाहरण प्रस्तुत गर्नुभएको छ। पुत्रमोहले आफ्नो

स्वविवेकमा पर्दा लाउनुभएका धृतराष्ट्रकी धर्मपत्नी गान्धारीको गरिमामय गाथामा राष्ट्रहित, न्याय र धर्मलाई मातृस्नेहभन्दा माथि राखेर वीराङ्गना अर्धाङ्गिनीको कर्तव्य निरन्तर पालन गर्ने प्रयासको सुन्दर नमुना प्रस्तुत छ। पछि सावित्री, दमयन्ती जस्ता नारी-चरित्रले हिन्दू नारीको अभिन्न अङ्गको रूपमा रहेको पतिव्रता धर्मलाईझन प्रज्ज्वलित एवं प्रभावारी वनाएको सर्व विदितै छ।

यही पृष्ठभूमिमा हिन्दूत्वको कुनै पनि अधिकारको ग्रन्थ पल्टायो भने हिन्दू नारीत्वको प्रतिष्ठा, प्रतिभा, विशेषता एवं उच्च आदर्श प्रतिविम्वित भएको पाइन्छ। "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता" अर्थात जहाँ नारीको सम्मान हुन्छ, प्रतिष्ठा छ, त्यहाँ नै सुख सम्वृद्धिको वास हुन्छ भन्ने कुरा आज आएर सर्व मान्य छ। ऐतिहासिक कालमा विभिन्न कारणहरूले गर्दा नारीको प्रतिष्ठा एवं मर्यादामा केही आँच आउन पुगेको हो, र "न स्त्री स्वातन्त्र्यमर्हति" (अर्थात नारीले स्वतन्त्रता पाउनु हुँदैन) वा "ढोल गंवार शूद्र पशु नारी ये सव ताडन कै अधिकारी" भन्ने जस्ता वाक्यहरू कोरिन पुगेका छन्। तर यी वाक्यहरूलाई हिन्दू धर्मको अभिन्न अङ्ग भनेर मान्नु पर्ने कुनै वाध्यता छैन। श्रीमद्भगवद् गीतामा "चातुर्वर्ण्यं मया सृष्ट गुण, कर्म विभागश:" भन्ने प्रष्ट उल्लेख हुँदा हुँदै पनि जाति हिन्दू धर्मको अङ्ग हो भन्ने भ्रम अझै यदाकदा देखिन्छ। उपर्युक्त कथनहरू सबै हिन्दू धर्मको नाममा थोपरिएको व्यक्तिगत नकारात्मक धारणाहरू हुन् भन्नु अत्युक्ति नहोला।

अन्ततोगत्वा अहिले आएर फेरि उही उच्च हिन्दू आदर्श र परम्परा पुन: प्रतिष्ठापित हुन लागेका संकेतहरू देखिन थालेका छन्। सन् १९४५ मा अन्तर्राष्ट्रिय नारी वर्ष मनाइनु यसको एउटा प्रष्ट उदाहरण हो। राष्ट्रिय विकासको सन्दर्भमा नारीहरूलाई पुरुषहरू सरह सहयोगी, सहगामी र सहभागी वनाइनु पर्दछ भन्ने तथ्य वर्तमान वैज्ञानिक युगमा पनि सर्व मान्य भइसकेको छ। तदनुरूप सरकारी एवं गैर सरकारी दुवै क्षेत्रबाट पिछडिन पुगेका नारी जातिको चेतना एवं क्षमताको विकासको निमित्त विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेका छन्। यसमा अझ तीव्रता आउने निश्चित छ।


हिन्दू धर्म सनातन धर्म हो। यसको प्रकाश, प्रभाव र प्रवाह निरन्तर रूपमा अगाडि वढिरहने प्रक्रिया हो। यस सन्दर्भमा हामी हिन्दू नारीहरूले विर्सेर पनि विर्सन नहुने केही कुरा उल्लेख गर्नु सान्दर्भिक हुन जाने छ।

१) नारीको अर्को नाम महिला हो। संस्कृतमा यसको अर्थ आदरणीय, पूजनीय हुन्छ। (महयते इति महिला मह पूजायाम्) अत: आजका हिन्दू नारीहरूले आफ्नो उच्च परम्परा र मर्यादाको वर्चस्वलाई क्षणिक लाभ र संकीर्ण स्वार्थपूर्तिको लागि कहिल्यै धमिल्याउनु हुँदैन।

२) पतिव्रता धर्म प्रत्येक नारीको धर्म हो, कर्तव्य हो। सुखमय, शान्तिमय, आनन्दमय दाम्पत्य जीवनको आवश्यकता हो। मन, वचन र कर्मले यसमा कहिल्यै कुनै कारणले पनि आँच आउनै दिनु हुँदैन। वरु यसको साथ–साथ पत्नीव्रत धर्मको पनि प्रचार प्रसार गर्नु आवश्यक छ। हालै कालको रूपमा देखा परेको एड्स (AIDS) रोगले यो कुरा पुन प्रमाणित गरेको छ।

३) विकासको नाममा भ्रमवसात् नारीत्वको बलि चढाइनु हुँदैन। माया, ममता, दया, स्नेह, सेवा सहनशीलता, स्वार्थत्याग जस्ता नारीको स्वभावजन्य मानवीय गुणहरूको अझै विकास विस्तार हुनु पर्दछ र मातृजातिको नाताले नारीले पुरुषवर्गलाई पनि यो सद्गुण समेट्न सक्ने र पर्ने वातावरणको सृजना गर्नु पर्दछ। यो नारीको मातृ कर्तव्य हो भनिएको पनि छ: "कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति।

४) शारीरिक तथा भौतिक तहमा मात्र नारी र पुरुषको भिन्नता देखिते तर भित्री आन्तरिक, मानसिक, बौद्धिक, भावनात्मक एवं आध्यात्मिक तहमा दुवैमा समानता रहेकोले नारीले शिक्षा, सत्य-निष्ठा, सदाचार, सद्विचार तथा नैतिक, चारित्रिक एवं आध्यात्मिक समुत्थानमा सदा सचेत र सजग रही परिवार, समाज, राष्ट्र र क्षमतानुसार विश्वकै विकास र कल्याणको निमित्त रहनु हिन्दू परम्परानुसार नारीको आजको कर्तव्य हो । नारी शक्ति अत्यन्त बलवान छ। प्रभावकारी छ। केनोपनिषद्की उमा र दुर्गा, सप्तसतीकी भगवति महाकाली मात्र होइन, आजकी नारीले पनि अन्तर्ज्योति जगाउन सकिन् भने, आफ्नो शक्तिको पहिचान गरेर जुर्मुराइन् भने, आजका धेरै समस्याहरूको समाधान स्वत: हुन जानेछ।



योगको अभाव नै रोग हो

– नरेन्द्रनाथ भट्टराई

प्रकाशको अभावलाई अन्धकार भने झैं योगको अभावलाई रोग भनिन्छ । अन्धकारको अस्तित्व नै छैन तर प्रकाश शास्वत छ । कुनै कारणवस प्रकाश छेकिन गयो, पर्दा वा छेकवार हाल्यो, आँखा चिम्लियो भने अन्धकार देखिन जान्छ यसै गरी रोगको पनि अस्तित्व नै छैन तर योग शास्वत छ । अज्ञानको कारणले योगमा छेकवार पर्दा अर्थात वेहोश हुँदा रोग निस्किन जान्छन् । प्रकाशको अगाडि अन्धकार टिक्न नसके झैं योगको अगाडि पनि रोग टिक्न सक्तैन ।

रोग भनेको के हो ?

साधारणतया रोग भन्ने वित्तिकै हामी शरीरमा लाग्ने विभिन्न प्रकारका रोगहरू, ज्वरो आउनु, पेट दुख्नु, मुटु दुख्नु, रक्तचाप हुनु, मधुमेह हुनु, क्यान्सर, अल्सर हुनु आदिलाई सम्झन्छौं । यी सबै जरुर रोग हुन् तर यस्ता शरीरमा लाग्ने रोगहरूले मात्र रोग सकिदैंनन् । यी भन्दा बढी खतरनाक रोगहरू अरु नै छन् जसको तुलनामा यी शारीरिक रोगहरू केही पनि होइनन् जस्ता हुन्छन् । यी रोगहरू हुन्– मानसिक र बौद्धिक रोग । यी रोगहरूभित्र चिन्ता, अशान्ति, अतृप्ति, वासना, कामना, कल्पना, भयधारणा, अहंकार, आतंक, जालसाज, मोह, ममता, लोभ, क्रोध आदि पर्दछन् । गहिरिएर सोच्ने हो भने मानिसलाई लाग्ने ९० प्रतिशत शारीरिक रोगहरुका मूल कारण पनि मानसिक रोग नै हुन् । मन स्वस्थ हुने मानिसलाई अल्सर, क्यान्सर, प्रेसर, एड्स जस्ता रोगले छुनै सक्तैनन् । मानसिक रोग लाग्नुको मूल कारण हो बौद्धिक विकार । अस्वस्थ वुद्धि भएको मानिस नै हरप्रकारका मानसिक रोगले पीडित हुन्छ । बुद्धिमा रोग लागेको भनेको सहीलाई गलत देख्ने तथा गलतलाई सही ठानेर गलत कै पछि लाग्नु हो । शारीरिक रोगले जति दु:ख दिन्छ त्यो भन्दा सयगुणा बढी मानसिक रोगले मानिसलाई सताउँदछ भने मानसिक रोगले भन्दा सय गुणा बढी दु:ख बौद्धिक रोगले दिन्छ । शारीरिक रोगले रोग लाग्ने मानिसलाई मात्र धेरै दु:ख दिन्छ कहिले काहिं अलि अलि दु:ख अरुलाई पनि हुन्छ तर मानसिक रोगले आफू, आफ्नो परिवार र इष्टमित्रलाई समेत दु:ख र चिन्तामा पारिदिन्छ । बुद्धिमा रोग लाग्यो भने त त्यस्ता मानिसले आफ्नो साथै समाज राष्ट्र र विश्वलाई नै तहस नहस पार्दछ । यस कुराको प्रत्यक्ष प्रमाण आज घटिरहेका युद्ध, आतंक, अपहरण भ्रष्टाचार, लागु पदार्थ सेवन आदि हुन् । आज वाहिर वाट हेर्दा शारीरिक रूपले मानिस स्वस्थ जस्तो देखिए तापनि भित्र भित्र शरीर मात्र खोक्रो भैरहेको छ मानसिक असन्तुलन र बौद्धिक विकारले गर्दा स मानिस चिन्ता, अशान्ति, भय र अतृप्तिले उकुस मुकुस भैरहेको छ । लिपपोत गरेर मुख राम्रो देखाए पनि विभिन्न बहुमूल्य गहना र लत्ताकपडाले शरीर आकर्षक पारे पनि, जवर्जस्ती हाँसेर हँसिलो देखिन खोजे पनि भित्र भित्र शारीरिक, मानसिक र बौद्धिक रोगले पीडित भएर आजका मानिसको कमाईको आधा भन्दा धेरै पै

औषधोपचारमा खर्च भैरहेको छ। ३६० व्यञ्जनका सुस्वादिष्ट खाना जुटे पनि रुचि र स्वादको अभावले तथा पाचन शक्तिको कमजोरीले सबै निरर्थक हुन्छन्। मनोरञ्जनका आधुनिक साधन सामग्री सबै जुटे पनि मन सधैं चिन्तित र अशान्त नै रहन्छ। जतिसुकै पुस्तक पढे पनि, स्नातक, स्नातकोपाधि खिताव लिए पनि बुद्धि भ्रष्ट भएर विवेकहीन हुन्छ भने यस्ता साधन र प्रमाण–पत्र के काम लागे त? मनमा अशान्ति र बुद्धि विवेकहीन हुन थाले पछि सुख शान्ति पाउने आशामा मानिस अन्धाधुन्ध धन, पद र प्रतिष्ठाको लागि भ्रष्टाचार, व्यभिचार, युद्ध, आतंक, चोरी, घुसखोरी, लागु पदार्थतिर किन नलागून्? उच्चसे उच्चा ओहदामा पुग्न पाए पो सुख हुन्थ्यो होला! धेरै धन कमाउन पाए पो सुख हुन्थ्यो र सुर सुन्दरीको सेवनले नै आनन्द मिल्ला! लागु पदार्थ सेवन गर्दा मात्र शान्ति मिल्ने रहेछ! भनी मानसिक र बौद्धिक रोग लागेका मानिसहरूले आज आफू मात्र होइन विश्वलाई नै तहस नहस पार्न लागिसके। यो बौद्धिक रोगले महामारीको रूप लिएर आज विश्वलाई नै त्रस्त पारिसक्यो। बुद्धि स्वस्थ हुने मानिस मात्र विवेकशील हुन्छ। विवेकशील मानिस मानसिक रोगको चपेटामा कहिल्यै पर्दैन। यस्ता मानिसबाट कहिल्यै कुकार्य र अप्रिय कार्य हुँदैनन्। मानसिक रोगबाट मुक्त मानिस दुर्घटना वा प्राकृतिक प्रकोपमा बाहेक अन्य समयमा शारीरिक रोगबाट पीडित पनि हुनु पर्दैन। हिजो आज देखनमा आएका रक्तचाप, मधुमेह, अल्सर, क्यान्सर, अनिन्द्रा, अरुचि, लागु पदार्थ सेवन तथा एड्स जस्ता रोगहरू वास्तवमा शारीरिक रोग नै होइनन्। यी सबै रोग मानसिक रोग, चिन्ता, अशान्ति, अतृप्ति तथा भयका कारणले गर्दा नै निक्लिएका हुन्। यसै कारणले यो कुरा ठोकेरै भन्न सकिन्छ कि यदि मानिसको मनस्थिति ठीक हुने हो भने विश्वका ९०' प्रतिशत अस्पताल बन्द हुन्छन् तथा शुद्ध पउने पानी र खाद्य वस्तु मानिसले पाउने हुन् भने हाम्रा जस्ता विवेकशील देशमा ५० प्रतिशत भन्दा बढी उपचार खर्च पनि कम हुन जान्छ। दुर्घटना वा दैवीप्रकोपका लागि हालको खर्च मध्ये २।४ प्रतिशत खर्चले जति भने पनि पुग्दछ। रोगलाई यति मै छोडेर अब योगतिर लागौं।

योग भनेको के हो ?

साधारणतया योग भन्ने वित्तिकै हामी अनेक प्रकारका आसनहरू, शिर्षासन, हस्तपादासन, सूर्य नमस्कार आसन, मयूर आसन आदिलाई मान्दछौं। वास्तवमा यी मात्र योग होइनन् तर योगका लागि कसै कसैलाई केही अंशमा चाहिने योगको एउटा अङ्ग मात्र हो। योगको अर्थ हो जोड। आनन्दसंग जोडिनु, सत्यसंग जोडिनु, आत्मासंग अर्थात आफूसंग जोडिनुको अर्थ हो योग। योगको वास्तविक अर्थ नवुझी कोही शारीरिक व्यायामलाई योग मानेर यसैमा भुलेर बसेका छन् भने कोही योगको साधन अपनायो भने मानिस योगी अर्थात जोगी वनेर घरवार छोडेर हिंड्दछ भनी योगदेखि टाढा टाढा हुन्छन्। यी दुवै धारणा गलत हुन्। योग व्यायाम पनि होइन, साधन पनि होइन। योग ता साध्य हो, आनन्दको स्वाद हो, आत्मस्थिति हो। मानिसको आ–आफ्नो प्रकृति, स्वभाव अनुसार विभिन्न साधन मिलाएमा मात्र साध्य अर्थात आनन्दको स्वाद तथा आत्मस्थितिमा पुगिन्छ। कोही भक्तिद्वारा अर्थात प्रभुमा, परमात्मामा समर्पण भएर आत्मस्थितिमा पुग्दछन्, कोही सत् कर्मद्वारा आनन्दको स्वाद पाउँदछन् भने कोही ज्ञानद्वारा सत्यमा डुबेर आनन्दमग्न रहन्छन्। यिनलाई क्रमशः भक्तियोग, कर्मयोग र ज्ञानयोग भनिन्छ। जताबाट जे गरेर भए पनि सत्यमा, आनन्दमा जोडिएर बस्नु नै योग हो। यसको विपरित असत्यमा रहनु, क्षणिक सुखको पछि लाग्नु वियोग हो, रोग हो। वियोग अर्थात रोग भन्नु नै दुःख हो, कष्ट हो, पीडा, चिन्ता, अशान्ति हो। योगको लागि वैदिक कालदेखि नै महा–मानव, महात्मा, योगीजनहरूले अनेक तरीका वताइदिनुभएको छ, अनेक साधन पनि वताइदिनुभएको छ तर पनि शरीर नै योग साधनको माध्यम हो भन्ने कुरा चाहिं सवैले एकै स्वरमा भन्नुभएको छ– "शरीर माध्यं खलु धर्मसाधनम्।" कुनै पनि कुरा साध्य गर्नु छ भने शरीर नै मुख्य साधन हुन्छ। अस्वस्थ वा रोगी

शरीर छ भने त्यस मानिसले भौतिक उपलब्धिमा केही गर्न सक्तैन भने आध्यात्मिकको त के कुरा ? अस्वस्थ मानिसले न त पढ्न नै सक्दछ, न त खेती पाती वन्द व्यापार नै केही गर्न सक्दछ। शरीर ठीक भएमा नै मनलाई ठीक पार्न पनि सजिलो हुन्छ। मन ठीक भए-पछि बुद्धि ठीक हुन ज्यादै सजिलो हुन्छ। बुद्धि ठीक भएपछि त जे गरे पनि, जेमा लागे पनि त्यो मानिस सफल भैहाल्दछ; सफलताको कुंजी नै उसको हातमा हुन्छ। यसको लागि एक मात्र सही र सरल साधन योगाभ्यास हो। योगाभ्यास एक यस्तो प्राचीन वैज्ञानिक प्रक्रिया हो जसको नित्य निरन्तर अभ्यास गर्दै जाने हो भने शरीर, मन र बुद्धि तीनै थोकलाई स्वस्थ पारि-दिएर मानिसलाई आनन्दसंग योग गराइदिन्छ अर्थात जीवनलाई सार्थक पारिदिन्छ।

योगभित्र ८ वटा अनुशासन राखिएका छन्। यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि। यी ८ वटा अनुशासनमा यम र नियम ज्यादै नै महत्त्वपूर्ण छन्। यी २ वटा अनुशासनलाई राम्ररी पालन गर्ने हो भने अरु अनुशासन स्वतः घटित हुँदै जान्छन्। सरल अर्थमा यम भनेको सामाजिक अनु-शासन हो। यसभित्र (१) अहिंसा अर्थात आफूलाई जे गर्दा दुःख हुन्छ त्यस्तो कार्य अरु उपर नगर्नु, (२) सत्य अर्थात मन, वचन र कार्यले असत व्यवहार नगर्नु, (३) अस्तेय अर्थात ढाँट, छल, कालाबजार, घूस, चोरी नगर्नु, (४) ब्रह्मचर्य अर्थात शक्ति अपव्यय नगरेर सञ्चित गर्नु तथा (५) अपरिग्रह अर्थात नभई नहुनेभन्दा बढी कुनै कुरा जम्मा गरेर नराख्नु यी ५ कुरा पर्दछन्। नियम भनेको आत्म–अनुशासन हो। यसभित्र पनि ५ कुरा छन्-- (१) शौच अर्थात शरीरलाई सफा र शुद्ध पार्ने, (२) सन्तोष अर्थात प्रारब्धलाई विश्वास गरी भैपरी आउने जस्तोसुकै परिस्थितिमा पनि सन्तोष रहने, (३) तप अर्थात दृढता र धैर्यता साथ यम र नियमका अनुशासनलाई पालना गर्ने, (४) स्वाध्याय अर्थात आफू को हो भन्ने कुरा बुझ्ने क्रममा सत् शास्त्र पढ्ने, सत्सङ्ग गर्ने तथा मनन् चिन्तन गर्ने तथा (५) ईश्वर प्रणिधान अर्थात भगवानप्रति आस्था राख्ने। तेस्रो अनुशासन आसनले विभिन्न कारणले वाल्यावस्थादेखि विग्रँदै आएको, विग्रन लागेको र विग्रिसकेको हाम्रा शरीरका विभिन्न भागलाई स्थस्थ पारिदिएर सुखमय जीवन जिउन काफी सहयोग गर्दछ। चौथो अनुशासन (प्राणायामको) पालना गर्नाले मनका विकारलाई हटाइदिन्छ, असन्तुलित भएर दुःख र चिन्तामा पार्ने मनलाई सन्तुलित पारिदिएर शान्ति प्रदान गर्दछ। प्रत्याहार भन्ने पाँचौं अनुशासनको अभ्यासले जथाभावि मात्तिएर दुःख दिने हाम्रा इन्द्रियलाई ठीक तरिकाले चलाएर हामीलाई सही दिशामा लाग्न महत्त्वपूर्ण योग-दान प्रदान गर्दछ। छैठौं, सातौं र आठौं अनुशासन एकै कुरा अर्थात आत्मस्थितिमा रहने ध्यानका कुरा हुन्। छैठौं धारणाले मनलाई एकाग्रता गराइदिन्छ। सातौं ध्यानले आत्मा अर्थात आफूतिर मोडिदिन्छ भने आठौं समाधिले योगै गराइदिन्छ।

योग र रोगका वारेमा माथि दर्शाइएका तथ्यका आधारमा योगको महत्वलाई बुझी योगाभ्यासमा आजै-देखि आफू र आफ्ना परिवारलाई समेत सरिक गराउनु सबैको कर्तव्य हुन आएको छ। विना परिश्रम र विना खर्चले निरोगी हुन पाइने, लागेको रोगलाई पनि हटाउन सकिने, चिन्ता र अशान्ति, अनिन्द्रा र अरुचि तथा अपच जस्ता समस्यावाट छुटकारा मिल्ने यस्तो सरल वैज्ञानिक साधनलाई नअपनाउनु मूर्खता मात्र हुने छ। आज विकसित पश्चिमी देशहरूले पनि प्रचूर मात्रामा योगलाई अपनाइरहेका छन्। योग थेरापीको नाममा चिकित्सा विज्ञानमा पनि योगले महत्त्पूर्ण स्थान ओगटि-सकेको छ। यी सबै कुरालाई महशुस गरी सरकारले पनि योगाभ्यासलाई व्यापक पार्नेतर्फ कदम चाल्नु देशकै लागि अति हितकर हुने छ। यसको लागि प्राथमिकदेखि विश्वविद्यालय स्तरसम्म उपयुक्त तरिकाले पाठ्यक्रम तयार गराई अनिवार्य रूपमा शिक्षा–दीक्षाको व्यवस्था हुनुपर्ने र योगाभ्यास केन्द्रहरू खोल्न प्रोत्साहन पनि दिनु पर्दछ। स्मरणीय छ– योग नै सनातनधर्मको शास्वत सन्देश हो। योगको अभ्यास गर्नु नै सनातनधर्म पालन गर्नु हो।

➡ अस्तु ⇐

संगच्छध्वं संवदध्वं संवोमनांसिजानताम् ।
देवा भागं यथा पूर्वे संजानाना उपासते ॥

– चेतोनाथ शर्मा आचार्य

वैदिक साहित्य विश्व साहित्यमा शीर्षस्थान राख्ने साहित्य हो । त्यसमा भाषा विज्ञानको आधारमा अन्वेषण गर्ने आधुनिक अनुसन्धाताहरूले ऋग्वेदलाई प्रथम स्थान दिएका छन् । हुन पनि स्वयंमा ऋग्वेदको ग्रन्थन एक महनीय ग्रन्थको रूपमा भएको छ जससित समता राख्ने अन्य ग्रन्थ भेटिएको छैन । यद्यपि वेद आर्य धर्मसंस्कृतिको प्राथमिक स्वरूप दर्शाउने मुख्यत धार्मिक ग्रन्थ हो, तर यसलाई धार्मिक ग्रन्थ मात्र भन्नु र मान्नु चाहिं यसको सम्पूर्णतालाई नबुझ्नु र नठान्नु ठहरिने छ । किनभने यसमा धर्मको अतिरिक्त भूगोल, खगोल, सामाजिक, राजनैतिक, आर्थिक, साहित्य, कला, संस्कृति, दर्शन, मनोरञ्जन, इतिहास जस्ता सबै विषयमा आफ्नो रूपले प्रकाश पारिएको छ । व्यक्ति या समाजलाई लक्ष्य गरेर भनिएका जो कुरा छन् ती पनि एक दुई नभएर बहुवचनमा प्रयोग भएका छन् ।

यस लेखको आरम्भमा जुन मन्त्र शीर्षक रूपमा छ त्यो दशौं मण्डलको १९१ सूक्तको हो । संवनन ऋषि भएका यस सूक्तमा जति मन्त्र छन् ती सामाजिक रूपले उत्प्रेरणा दिने रूपमा प्रसिद्धि राख्ने छन् । स्तुतिकर्ता या उपासकलाई लक्ष्य गरेर भनिएको उक्त मन्त्रमा सामूहिक रूपले महत्व राख्ने काममा अघि बढ्दा कसरी बढ्ने हो । कसरी बढे वापत मिल्ने या मिलेको फल कसरी उपभोग गर्ने भन्ने बारे निर्देशन गरिएको छ । गम् धातु सामान्यतया गति अर्थमा प्रसिद्ध भएकोले यसबाट हिंड्नु, चल्नु भन्ने अर्थ व्यक्त हुनु त स्वाभाविकै कुरा हो । त्यस धातुमा सम् उपसर्ग लगाएर आत्मनेपदको बहुवचन रूपमा प्रयोग भएको 'सं गच्छध्वं' पदले सुसङ्गत रूपमा मिलेर अघि बढ्न प्रेरित गरेको छ । त्यसै गरी दोस्रो 'संवदध्वं' पदले वचन सम्बन्धी एकता बारे भनेको छ । कुनै पनि काम कुरा गर्दा त्यसमा सरीक हुने व्यक्तिले आफ्नो विचार अलग वा विरोधी रूपमा व्यक्त गर्न थाले भने त्यहाँ ऐक्यमत रहन्न, त्यस्तो नहोस् भन्ने यसको अभिप्राय हो ।

वैदिक साहित्य सभ्यताको उषाकालिक साहित्य हो । त्यति बेलादेखि नै आर्ष दृष्टि राख्ने मन्त्र द्रष्टाहरूले व्यक्ति व्यक्तिको जीवनमा सामाजिक भाव रहनु पर्ने कुरालाई कति गहिरो रूपमा बुझेका र अनुभव गरेका रहेछन् भन्ने कुराको यो स्पष्ट उदाहरण हो । मूल ग्रन्थ वेदमा उल्लेख भएको यस किसिमको शरीर, वचन र मनको समतालाई परवर्ती स्मृति, पुराण र लौकिक साहित्य समेत यथावत् कायम राख्न प्रयास भएको देखिन्छ । मानव धर्मका व्याख्याता मनुले आफ्नो प्रसिद्ध स्मृति ग्रन्थ नवौं अ. को आरम्भमा अष्टादश याने अठार किसिमको व्यवहारको उल्लेख गरेका छन् ।

ती अठार मध्ये एउटाको नाम छ सम्भूय समुत्थान। यसको अर्थ हो मिलेर उन्नति या उत्थानको काममा अघि बढ्नु। परवर्ती कालमा जुन व्यापारिक प्रतिष्ठान र उत्पादनका एकाई तिनको मूल सचेतक यही सम्भूय समुत्थान हो।

ऐतिहासिक, धार्मिक, सामाजिक, राजनैतिक जस्ता बहुविधान विषयको प्रतिकात्मक रूपले निर्वाचन गर्ने रामायण महाभारतका साथ अन्य महाकाव्यहरूमा शरीर, वचन र मनमा समता राखी अघि बढ्ने जीवनको स्थिति र अन्त्यको परिणाम के कस्तो रह्यो र भयो यसको यथार्थ चित्र प्रस्तुत भएको छ। रीति स्थिति, शिक्षा समझदारी, शास्त्रीय मान्यता, लोक सम्मति समेतलाई दृष्टिगत गरी युवराज पदमा अभिषेक गर्न ठीक पारेका रामलाई सौतिनी आमाको माग अनुसार वन जानु पर्ने स्थिति पैदा गरिँदा रामको मनले असंगत भाव सोच्दैन तर आफूले मात्र नसोचेको होइन लक्ष्मणले प्रतिवादको रूपमा प्रतिकार गर्न व्यक्त गरेको भावलाई पनि उनी सम्झाई बुझाई शान्त पारिदिन्छन्। त्यसको परिणाम अयोध्यामा विवाद उठ्न पाउँदैन।

तर त्यसको अर्को पक्ष राक्षसराज रावणकहाँ भने संवादको ठाउमा विवाद खडा हुन्छ। किनभने माहिलो कुम्भकर्ण र कान्छो भाइ विभीषण मात्र नभई प्रमुख पत्नी मन्दोदरी समेतले अन्यायपूर्वक अपहरण गरेर ल्याइएकी जानकी सीतालाई ससम्मान फर्काइदिनु पर्ने राय व्यक्त गरे, तर विषयाकृष्ट एवं अभिमानी रावणलाई त्यो कुरा स्वीकार्न उचित लागेन। बल र अधिकारको उन्मादमा आफूले जे गरेको छु ठीक गरेको छु भनेर ठान्ने रावणले 'संवोमनांसि जानताम्' भन्ने कथनलाई जिन सकेन। नसक्नुको परिणाम के कस्तो भोग्नु पर्‍यो स्पष्टै छ।

व्यक्तिको प्रवृत्तिमा इष्ट साधनता, कृति साध्यता र बलवद् निष्टाननुबन्धित्व ज्ञानलाई कारण मानिएको छ। अर्थात् यो काम मेरो अभीष्ट हो, मेरो सामर्थ्यले पूरा गर्न सकिने हो, यसको पूर्तिबाट कुनै अनिष्ट हुने आशंका छैन भन्ने निश्चय भएपछि व्यक्ति त्यस काममा लाग्दछ, प्रवृत्त हुन्छ। यो निश्चय बाहिरी इन्द्रियबाट नभई अन्तरिन्द्रियबाट हुने भएकोले यसमा मनको प्रमुख स्थान रहन्छ। कुनै सिद्धिमा संयुक्त रूपले लाग्ने व्यक्तिमा ऐकमत्य नभई वैमत्य छ भने त्यो काम कसरी पूरा हुन्छ? त्यसैले मन्त्रको तेस्रो पदद्वारा भनिएको छ 'संवोमनांसि जानताम्' अर्थात् तिमीहरूको मन संयुक्त रूपमा एक किसिमको संकल्प गर्ने होओस्। संकल्पमा एकता भएपछि कार्य सिद्धिमा सबलता आउनु स्वाभाविक हुन्छ।


मन्त्रका पूर्व भागको तीन अंशले अलग अलग रूपमा शरीर, वचन र मन सम्बन्धी प्रवृत्ति बताएपछि उत्तर भाग सिँगैले उदाहरण रूपमा भनेको छ जसरी प्राचीनकालका देवताहरूले (उपासक वा अनुष्ठाताहरूले अर्पण गरेको) हवि मिलेर विना विवाद आ–आफ्नो भाग ग्रहण गरेका थिए (त्यसै गरी तिमीहरू पनि संयुक्त रूपमा गरेको प्रयासको प्रतिफल सहमतिपूर्वक उपभोग गर)। यसै प्रकरणमा उल्लेख भएको अर्को मन्त्रले पनि स्तुति पाठमा समानता, चित्तमा समानता, मन्त्रणा अर्थात् सर–सल्लाहमा समानता हवि अर्पणमा समानताको उल्लेख गर्दै ती सब समानताको प्रतिफल रूप जुन प्राप्ति छ त्यो पनि समानै होस् भन्ने अभिप्राय व्यक्त गरेको छ।


प्रभु सम्मित, मित्र सम्मित, कान्ता सम्मित गरी तीन किसिमका वाक्य मानिएका छन्। तिनमा वेद वाक्य प्रभु सम्मित वाक्य हो। यसलाई व्यवहारमा राजाज्ञासित तुलना गर्न सकिन्छ। राजाबाट घोषणा हुने कुरा पहिल्यै बडो सोचविचारपूर्वक हुन्छ र हुनु पर्छ। घोषणा भैसकेपछि त्यसमा ननु, नच जस्ता टिका-टिप्पणी गर्नतिर नलागी कार्यान्वयन गर्नेतर्फ प्रशासन यन्त्र लाग्नु पर्छ, आवश्यक देखिए नियम, विनियम समेत तयार पारेर। त्यसरी नै प्रभु सम्मित वाक्य रूप वेदले सीमित एवं परिमित शब्दले संकेत गरेको कुरालाई धर्म सूत्र, दर्शन सूत्र, स्मृति एवं पुराणले उदाहरण सहित विस्तृत रूपमा व्याख्या गरेर देखाउनु पर्छ, अनि मात्र त्यो सर्वसाधारणको बोधगम्य हुन्छ। उक्त विषय ग्रन्थबाट त्यस किसिमका व्याख्या भएका छन्।

अतीतमा जे जस्ता काम कुरा भए, घटना घटे ती त घटे नै । अहिले ती भूत वनिसके । भूतबाट व्यक्ति प्रेरणा लिन सक्छ तर वनाउन कोशिश गर्नु पर्छ उसले वर्तमानलाई । जसले वर्तमानलाई स्वच्छ र सुन्दर वनाउन सक्छ उसले त्यसबाट लाभ पनि प्रत्यक्ष नै हासिल गर्न सक्छ । त्यसो हुँदा भूतबाट त्यो प्रेरणा लिई जे गर्दा वर्तमान स्वच्छ एवं सुन्दर वन्छ त्यसै गर्नु अहिलेको आवश्यकता हो, स्वाभाविकता हो ।

भू वनोटको दृष्टिले सानै भए पनि नेपालको भू भागमा विगत समयदेखि निकै किसिमका शासन प्रणाली लागू भए। तर त्यसरी लागू भएका शासन प्रणाली धेरैजसो एक पक्षीय, वर्गीय एवं क्षेत्रीय पक्षलाई प्रश्रय दिने र तिनीहरू कै हित गर्ने भएकोले वहुदलीय र वहुपक्षीय भएन भन्ने जन–गुनासो थियो । लामो समयदेखिको त्यस गुनासोको अन्त्य गर्ने रूपमा विगतका ती वहुरूपी शासन व्यवस्थालाई अन्त्य गरी गत एक वर्षदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्र समेतमा राम्रो मानिने र ठानिने सम्वैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्र हाम्रो यहाँ लागू भएको छ। यस शासन व्यवस्थाले अब थोरै समयमा देशको वहुमुखी विकास गर्ने संकल्प व्यक्त गरेको छ । तर जुनसुकै संकलपलाई कार्यान्वयन गरी मूर्तरूप दिने काममा व्यक्तिदेखि समुदायसम्मको दायित्व रहन्छ । जुन दायित्य परिपूर्तिका लागि उसको संलग्नता आवश्यक मानिन्छ । जोसुकैको संलग्नता र दायित्वको परिपूर्ति सम्बन्धी कुरामा शरीर, वचन र मनको समता एवं सामूहिकता जरुरत पर्छ । त्यसैले यस लेखको शीर्ष स्थानमा जुन वैदिक मन्त्र शीर्षक रूपमा उल्लेख भएको छ, त्यस अनुसार सामूहिक भावले अभिप्रेरित भई अघि वढ्नु अहिलेको यथार्थता हो। यस यथार्थतालाई वढीभन्दा वढी जन समुदायले सकार्न र स्वीकार्न सक्नु पर्छ । यद्यपि वहुदलमा धेरै किसिमका विचारधारा राख्नेको अस्तित्व एवं सत्ता हुनु स्वाभाविक हो। तर अन्य किसिमका विचारधाराको विविधता एवं वहुरूपता भए पनि भौतिक, नैतिक एवं आत्मिक रूपमा यस देशको विकास हुनु पर्छ भन्ने कुरामा भने वैमत्य रहनु पर्ने देखिदैन ।

जो व्यक्ति वा समुदाय आफूलाई कुनै पक्ष वा वर्ग विशेषको पक्षधर एवं हिमायती ठान्छ भने त्यस्ताले अन्य पक्ष र वर्गको हक एवं हितलाई विर्सिनु हुन्न । किनभने वैदिक धर्म संस्कृतिले त सभ्यताको उषाकालदेखि सिकाउँदै र भन्दै आएको छ– मित्रस्य चक्षुषा समीक्षामहे, कृण्वन्तो विश्वमार्यम्, आत्माखलु विश्वमूलम्, वसुधैव कुटुम्वकम् ,सर्वे भवन्तु सुखिनः आदि ।





बुवा–आमा, गुरु, अतिथि यी सबैलाई देवता समान मान्नु,
हाम्रो स्वधर्मसंस्कृति हो ।
हाम्रा प्राचीन हिन्दुदर्शनका शास्त्रहरूले
यही सिकाएका छन् ।





नेपाल हिन्दू–अधिराज्य किन ?

– गोविन्दप्रसाद भट्टराई

परापूर्वकालदेखि नेपाल सम्पूर्ण जात–जाति, वर्ण, धर्म र सम्प्रदायको एकाकार स्थल बन्न गएको पाइन्छ । एकीकरण हुनुभन्दा पहिले बरु स–साना राज्यका बीच आपसमा साना–तिना झगडा हुन्थे, तर यहाँका बासिन्दाका बीच साम्प्रदायिक एवं धार्मिक प्रकृतिका झगडा हुने गरेको प्रमाण पाइन्न । त्यसैले यहाँका जनताको पहिल्यैदेखिको स्वभाव 'मिलेर बसौं' 'आफू पनि बाँचौं र अरुलाई पनि बाँच्न दिऔं' भन्ने भावनामा आधारित रहेको पाइन्छ ।

संसारको मानचित्रमा भलै नेपालको भूभाग नगण्य होस्, औद्योगिक विकास र वैज्ञानिक आविष्कारले यसको कति परिचय नभएको होस्, परन्तु स्वतन्त्रता र धार्मिक–सांस्कृतिक सम्पन्नताले भने अलिकति चासो राख्ने जनकसैका मनमा यसको अमिट छाप परेकै पाइन्छ । वास्तवमा भनूँ भने यहाँका जनताको बानी व्यहोरा नै धर्मनिष्ठ र इमान्दारीयुक्त रहेको यथार्थ कसैबाट छिपेको छैन । यसै स्वभावगत वैशिष्ट्यले नै नेपाल हिन्दू अधिराज्य रहन गएको हो भन्दा अतिशयोक्ति हुने छैन ।

नेपाल विश्वको एक मात्र हिन्दू राष्ट्र हो र यसको आफ्नो छुट्टै पहिचान छ । भौगोलिक वा अन्य कारणले नेपालको जे जसरी परिचय गराए पनि जबसम्म यस राष्ट्रमा निहित अध्यात्म–तत्त्वको उपेक्षा गरिन्छ, तबसम्म यसको खास परिचय हुन सक्तैन । साँच्चिकै भनूँ भने नेपालका सन्दर्भमा हिन्दू अधिराज्य अब मौलिक परिचयको विषय बन्न गएको पाइन्छ ।

नेपालको ऐतिहासिक विशेषताका रूपमा के रहेको पाइन्छ भने यो मुलुक बहु–जातीय, बहु–भाषीय र बहु–संस्कृतीय मुलुक रहि आएको छ । साथै, धर्मकै दृष्टिले मात्र कुरा गर्ने हो भने पनि यहाँ हिन्दू र बौद्ध धर्म एक अर्काका परिपूरकका रूपमा रहँदै आएका छन् र अहिलेसम्म आइपुग्दा अन्यान्य धर्मावलम्बीहरू पनि देखा पर्न थालिसकेका छन्, तर एउटै नदीका दुई धारझैं रहेका हिन्दू र बौद्ध धर्मको बीच मात्र होइन, अन्यान्य धर्म र धर्मावलम्बीका बीच समेत यहाँ पारस्परिक सद्भाव रहिआएको छ । परन्तु २०४६–०४७ को जन–आन्दोलनको सफलता पछि भने धार्मिक विषयमा समेत निकै विवाद उठाउने र बौद्धमार्गीमध्येकै एक सम्प्रदाय हिन्दू धर्मको विरुद्धमा खडा भएको देख्दा भने निकै आश्चर्य मान्नु पर्ने परिस्थिति पनि सिर्जना नभएको होइन । त्यसो त यहाँका मुस्लिम सम्प्रदायले समेत नेपाललाई हिन्दू अधिराज्यका रूपमा देख्न चाहेको धारणा पनि व्यक्त नगरेका होइनन्, परन्तु धार्मिक पृष्ठ-भूमिमा राजनीतिक अस्थिरता निम्त्याई राष्ट्रको

अस्तित्वलाई कमजोर बनाउन चाहने तत्वहरू धर्म निरपेक्षताका नाममा सक्रिय रहेको वास्तविकता चाहिं कदापि बिर्सन मिल्दैन ।

तर, तापनि 'नेपालको संविधान–२०४७' मा पनि नेपालको किटान हिन्दू अधिराज्यकै रूपमा भएपछि विवादको अन्त्य त भएको छ, तर निरपेक्षतावादी तत्त्वले यदाकदा त्यस मामलालाई उठाउन चाहिं छाडिहालेको छैन र किन नेपाललाई हिन्दू अधिराज्यका रूपमा राख्ने भन्ने सतही तर्कले जनमानसमा भ्रम सिर्जना गर्ने प्रयास गर्न पनि छाडेको छैन । यस किसिमका क्रियाकलाप उनीहरूका आफ्ना क्रियाकलाप नभई निर्देशित क्रियाकलाप हुन् भन्ने चाहिं क्रमशः स्पष्टिदै जाने स्थिति छ । त्यसैले नेपाल हिन्दू अधिराज्य नै किन ? भन्ने प्रश्नका विषयमा गम्भीर वहसद्वारा आफ्नो दृष्टिकोण स्पष्ट हुनु जरूरी छ ।

सबभन्दा पहिलो कुरा त, नेपाल हिन्दू अधिराज्य भएर कुन कुन वर्गलाई के के अहित हुन पुगेको छ र यसको त्यो मौलिक परिचय विनष्ट गर्दा यस राष्ट्रका जनतालाई र सिङ्गो राष्ट्रलाई तात्विक रूपमै प्राप्त हुने लाभ के हो – यस विषयमा अहिलेसम्म कसैले ठोस कुरा उठाएको पाइन्न र एउटै मात्र ईर्ष्या यसलाई हिन्दू राष्ट्रका रूपमा तोकिनु हुन्न भन्ने देखिन्छ, जुन कुराको आधारभूत उपलब्धी र राष्ट्रिय स्वार्थको पक्षमा कुनै प्राप्ति हुँदैन, त्यस कुरालाई कोट्याएर राजनीति गर्न खोज्नु सबभन्दा ठूलो अपराध हो ।

यस राष्ट्रलाई हिन्दू राष्ट्र भन्दा अहिन्दू जति बाहिरिएको भन्ने मानसिकता बनाएर बस्ने हो भने आफ्नै नाम र देशकै नामप्रति पनि भोलि त्यस्ता व्यक्तिलाई असन्तोष र ईर्ष्या हुन थाल्दछ र त्यसको परिणाम ती आफैं परिचय विहीन तथा अस्तित्वहीन बन्न पुग्छन् । भोलिका लागि आज सोच्ने बानीको विकास गर्नु पहिले खाँचो हो झैं लाग्दछ र नेपालको परिचय हिन्दू राष्ट्रका रूपमा गराउन पाउँदा गौरवको बोध गर्नु पर्दछ ।

अर्को कुरा, कसैलाई देवी–देवता, धर्म–संस्कृति वा आचार–निष्ठाप्रति विश्वास छैन भने कसैले कर गर्ने कुरा होइन, तर जुन कुरा नभएर भन्दा भएर राम्रो हुन्छ, त्यतापट्टि भने समाजले नै प्रेसर गरेर पनि लगाउँछ– मनुष्यको सामाजिकीकरणको त्यो स्वाभाविक प्रक्रिया हो । जहाँसम्म नेपाललाई हिन्दू अधिराज्यको रूपमा मान्यता गर्दा अन्य धर्मावलम्बीलाई बाधा–व्यवधान पर्छ कि भन्ने हो– त्यसमा अन्य धर्मावलम्बीहरूलाई यहाँ जति स्वतन्त्रतापूर्वक आ–आफ्नो धर्ममा चल्ने अवसर अरु मुलुकमा कमै देखिएको छ । सार्क राष्ट्र वा अन्य विकसित राष्ट्रकै सापेक्षतामा हेर्‍यौं भने पनि त्यो स्थिति स्पष्ट हुन जान्छ ।

प्रायः नयाँ पुस्तालाई के भनेर दिग्–भ्रमित गर्ने गरेको पाइन्छ भने 'धर्म' भनेको धोती लगाउनु, टीका लगाउनु, शंख–घण्ट बजाउनु आदि–इत्यादि मात्र हो, अहिलेको व्यस्त जीवनमा त्यो काम गरेर बस्ने फुर्सद कसलाई हुन्छ र ? त्यसैले धर्मको पछि लाग्नु हुँदैन भन्ने गलत धारणा निर्माण गरिदिएको पाइन्छ तर यथार्थमा त्यस्ता कुरा गरेर 'बस' भनेर धर्मले भन्दैन र जति आफूलाई मानिसले व्यस्त भएको ठानेको छ – धर्मले त्यसभन्दा बढी व्यस्त रहने कर्तव्य–निष्ठा प्रदान गर्दछ, अतः वास्तविक बुझ्नुभन्दा त्यसलाई बङ्ग्याएर आफ्नो दुनो सोझ्याउने तत्त्वका लहै–लहैमा लाग्नु सबभन्दा घातक हुने कुरा बुझ्नु आवश्यक छ ।

पक्कै पनि धार्मिक प्रवृत्तिले विकृतिको रूप धारण गर्दा कतिपय मानिसप्रति प्रतिकूल धारणा बन्न जानु पनि अस्वाभाविक छैन र त्यसैको प्रतिफल आफ्नो हिन्दू–वैशिष्ट्य र गौरवलाई निमिठ्यान्न पार्न खोज्नु पनि सर्वथा परको विषय होइन, त्यस्तै परिणामहरूको संग्रहले गर्दा 'धर्म–निरपेक्षता' को प्रसङ्ग उठ्नु पनि आश्चर्यपूर्ण छैन तापनि, आफ्नो नाक चुच्चो वा थेप्चो भयो भनेर त्यसप्रति मुर्मुरिनुभन्दा त्यो स्वभावतः बनेको हो भन्ने ठान्नु र चित्त बुझाउनु बुद्धिमानी हुने छ, तर कतिपयलाई यिनै कुरा पनि अपच हुन्छन् भने त्यसको औषधी कहाँ खोज्ने ?

नेपाल हिन्दू अधिराज्य हुनु कसैको अस्मिता वा अस्तित्वलाई दबाउनु होइन, बरु यथार्थलाई बढावा दिनु हो र संविधानमा समेत लिपिबद्ध गरिनु ऐतिहासिकता हो। जब कुनै कुराले कसैको अहित गर्दैन र बढीभन्दा बढीको हित गर्छ भने त्यस कुरालाई आफलन खोज्नु आफ्नो जीउ बोझिलो भएर आत्महत्या गर्नु जस्तै हो। हुनत आत्महत्या गर्न पनि पाउनु पर्छ भन्ने दर्शन पनि संसारमा छैन भन्न कसले सक्छ ?

निष्कर्षतिर लम्किदा, नेपाल सर्वप्रथम आस्थाले हिन्दू राष्ट्र हो र राष्ट्रको सर्वोच्च कानून संविधानले पनि त्यो त्यसै रूपमा प्रतिष्ठित भएको छ। सम्पूर्ण जात-जाति, धर्म–सम्प्रदाय र मूल्य–मान्यताका नागरिकप्रति आत्म–सम्मानपूर्ण व्यवहारका लागि यसको परिचय हिन्दू अधिराज्यका रूपमा रहनु आवश्यक छ र यसै कुराको आधारमा यो हिन्दू राष्ट्र रहिआएको हो। भ्रम वा आवेशवश यसप्रति कसैको नकारात्मक धारणा बनेको हो भने त्यो हट्नु आवश्यक छ र भावुकताभन्दा वास्तविकता पट्टि लाग्नु बुद्धिमानी हुने छ। यी कुराको विचार गर्दा नेपाल हिन्दू अधिराज्य नै हुन सक्तछ।

:०:

विजया रहस्य गाथा

(गताङ्कको बाँकी)

– श्रीशनाथ शर्मा "दीक्षित"

देव्या यया ततमिदं जगदात्मशक्त्या न ज्ञायसे हरिहराभिरप्यपारा ।
तामम्बिकामखिल देवमहर्षिपूज्यां तां त्वां नताःस्म परिपालय देवि विश्वम् ।।

आदिशक्ति जगत् –

मातृकला थियो पहिले आदि शक्तिहरू बनी ।
माताहरू अघि सरे तिनैको सृष्टि हो जगत् ।।१।।

तिन्मा भूता जाति पैलो देवयोनिहरू विच ।
घत लाग्दा डरै लाग्दा असभ्य पशु मानव ।।२।।

मातृकाहरू त्यस वेला यौन सृष्टि गराउने ।
विश्वस्त नर नहुँदा सयमी योगिनी थियो ।।३।।

कुलीन गन्दी गणिका नामा छेड हानने हुँदी ।
न्यायकर्त्री हुँदी नारी कुलपान्दी कुटुम्बिनी ।।४।।

माया माता थिए धेरै कुलको हित चाहने ।
अनिष्टता बचाउन दुष्टलाई छकाउने ।।५।।

स्त्रीअजत्यहरूलाई जम्मा गर्ने र डाकने ।
विश्वासघात गर्नेको वध गर्ने वधु भए ।।६।।

छोरा नातीको कुम्ले भै वनिता कार्यकारिणी ।
मातृत्वै पहिलो आर्यत्व शक्ति भै अपराजिता ।।७।।

अम्बिका काम्पिल्यमा थिन् पशु पालन गर्दथिन् ।
सिहले सब् खा दिदा आँधि खिन्न भइन् उनी ।।८।।

शिवा माता स्यालजस्तै वेला समय जान्दथिन् ।
सिहझैं श्वेडा गर्जन्थिन्, ल्याई डमरु पाल्दथिन् ।।९।।

सिहलाई वश गर्थिन् अम्बिका सिहबाहिनी ।
सिहले अर्ना मार्दा पाल्दथिन् रांगा ठूलठूला ।।१०।।

दुर्गा महिषमाता भै महिषी वहलिन् जब ।
वलियो सत्तासीना ती महिषी शक्ति भै तव ।।११।।

ती न्वेडी मातृकाशक्ति वैरीहरू दवाउँदी ।
भइन् भर्ता दैत्य मारी महिषासुरमर्दिनी ।।१२।।

दुर्गा थिइन् महामाया तिनका अवधि तीन थे ।
संकेत तिनको पाई दुर्गा चरित लेखिए ।।१३।।

प्रथमावधिमा वैरी मधु–कैटभ खालका ।
मत्ता हठी दैयहरू निस्के शक्तिविरोधमा ।।१४।।

चारै दिशा शक्तिहरू मिली पञ्चमुखी वनी ।
दशभुजा भगवती एक ता कूटनीतिकी ।।१५।।

महाकवि नाम नीति खेलेर सजिलैसित ।
धराशायी गरिदिइन् आफैं भिड्नु परेनछ ।।१६।।

सिंहासना राज्यलक्ष्मी मध्यमा आदिशक्तिमा ।
स्वयम्भू महिषी दुर्गा प्रादुर्भूत हुँदिभइन् ॥१७॥

दिशा एकमा विरोधी निस्केर महिषासुर ।
भर्ता वन्दो; जोरी खोज्दै उठ्यो वाबै ! फँशाउन ॥१८॥

नवदुर्गा नौं दिशाका संघटित भइकन ।
अष्टा'शभुजा महालक्ष्मी शक्ति बनिन् तव ॥१९॥

नाना शस्त्र जुटाएर मदिरा–सिंह साथ ली ।
हमला गरदा धेरै सेनानीहरू मारिए ॥२०॥

सेना–खाना दुवै छेकी भाला त्रिशूल घोचदै ।
उठ्नै नसकने पारे मातृकापक्षले सबै ॥२१॥

मातृसत्ता आदिशक्ति मायाको अन्तिमावधि ।
वधु रूपै लिनुपर्‍यो दुर्गाले रणनीतिमा ॥२२॥

शुम्भ–निशुम्भ जस्ता यी हत्यारा क्रूर दानव ।
शासकै बन्न सफल भो लूट मार गरिकन ॥२३॥

महिषीको राज्यसत्ता युवती चुक्चुकाउँदा ।
देखेर उनकी भार्या बन्ने हाँक सिधै दियो ॥२४॥

जो युद्धमा मलाई जीती मेरो ममता झार्दछ ।
जो जोडा निस्कनै सक्छ त्यै मेरो भर्ता वन्दछ ॥२५॥

पहिले प्रतिज्ञा गरियो के गर्नु ? मुर्खता भयो ।
ढिलो किन ? तिमी मेरो प्राणीग्रहण गर्न आऊ ॥२६॥

समाऊ मेरो हात चाँडै, लौ त ! जावो छ के र यो ।
स्त्रीरत्नका कुरा सुन्दा हमले गर्न तम्सिया ॥२७॥

पहिलो आक्रमणमा जो सेनानीहरू थिए ।
धूमकेतु, चण्ड, मुण्ड बलिदान हुँदै गए ॥२८॥

रक्तबीज छपाभार संघटन प्रयोगमा ।
गुणित्, वर्णित्, धनित् भै मातृसत्तै ढाल्न आँटेछ ॥२९॥

जनता एकता शक्ति भद्रकाली गठन् गरी ।
वध गर्दै एक एक रक्तपानै पनि गरी ॥३०॥

चामुण्डा चण्डहा उफ्री नाचे दुर्गाहरू नवै ।
रणनीति माहामाया पूर्णतामा पुग्यो अवै ॥३१॥

स्वार्थी शुम्भ–निशुम्भै जो आफैं जुर्मुरिदै भिडे ।
पार्लैसित अन्त्य गरी महासरस्वती बनिन् ॥३२॥

तन्त्रमा तिनको सट्टा तारा नीलसरस्वती ।
जसको उल्लेख पाइन्छ समानै मातृका हुँदी ॥३३॥

रणनीति महामाया, माया त राजनीति थ्यो ।
सफल हुँदी महामाया ताण्डवीनृत्य गर्दथिन् ॥३४॥

माया दक्ष हुँदै जाँदी दक्षिणा कालिका भइन् ।
चामुण्डा ताण्डवै गर्दी क्रूद्धा शान्त हुँदैनथे ॥३५॥३५॥

सहायक भीमरुद्र थकाई मार्न पल्टियो ।
त्यसलाई कुल्चिई जिभ्रो काट्ने ती मुण्डहा भइन् ॥३६॥

ममता छ उदारार्थ अहङ्कार कृपणार्थ छ ।
ममता ग्राह्य छ भने - अहङ्कार त्याज्य वन्दछ ॥३७॥

इच्छालाई शक्ति मान्दा काम ता दुष्ट भार भो ।
प्राप्ति एक, मान्य सिद्धि, लोभ त्यो जेयशत्रु हो ॥३८॥

वैरी प्रपंचिका माया, मोहले मग्न पार्दछ ।
चण्डिका विजया सेना चण्ड क्रोध विजेय छ ॥३९॥

चामुण्डा चर्चिकाबाटै मदको मुण्ड छिन्न भो ।
काली तामिश्रले ढालिन् डाढे कैटभ मत्सर ॥४०॥

ममतासंग माया थी अहङ्कारले सताउँदी ।
षड्वैरीवर्गै मारेर मातृका विजया बनिन् ॥४१॥

छः वैरीकी विजया ती मातृकाहरूको कथा ।
लेखिए दुर्गा चरित पितृकल्प पुराणमा ॥४२॥

जया र विजया सेना दुर्गाका थे पुरश्चरा ।
विजयोत्सव मानिन्छ आजसम्म दशैं वडा ॥४३॥

:०:

प्रार्थना

यस्याः प्रभावमतुलं भगवाननन्तो–
ब्रह्मा हरश्च नहि वक्तुमलं बलं च ॥
सा चण्डिकाऽखिलजत्परिपालनाय ।
नाशाय चाशुभभयस्य मतिं करोतु ॥

विद्याः समस्तास्तव देवि भेदाः ।
स्त्रियः समस्ताः सकला जगत्सु ॥
त्वयैकया पूरितमम्ब विश्वं ।
त्वं वै प्रसन्ना भुवि मुक्तिहेतु ॥

धार्मिक षोडशोपचार विधिको महत्त्व

– हरिभक्त नेउपाने

धार्मिक जीवनमा सोह्र संस्कारका विधि तथा नियमहरू निकै महत्त्वपूर्ण मानिएका छन् । गर्भावस्थादेखि विकसित भएर जन्मेको बालक शास्त्रोक्त विधि अनुसार नाम करण, कर्ण वेधन, अन्नप्राशन, क्षौरकर्म, उपनयन तथा विवाह आदि सोह्र संस्कारबाट संस्कृत गरिएको हुन्छ । चन्द्रमामा सोह्र कला हुन्छन्, नाम सङ्कीर्तनमा पनि सोह्र नामको जपन तथा स्मरणबाट भगवानको साक्षात्कार गर्न सकिन्छ । कलियुगमा भगवान नाम सङ्कीर्तनको अनन्य महत्त्व छ ।

सत्कर्म तथा सदाचारमा रहेर गृहस्थ जीवन बिताउने व्यक्तिहरूका निम्ति षोडश उपचारबाट नित्य देवपूजा गर्ने विधि अत्यन्त अनुकरणीय र मननीय छ । षोडश उपचार नित्य पूजाका निम्ति रुद्राष्टाध्यायीको दोस्रो अध्याय अन्तरगत पाइने सोह्र मन्त्रहरू उल्लेखनीय छन् । नित्य पूजा आरम्भ गर्नुभन्दा पहिलो पद्मासन बाँधेर पूर्व दिशातिर अभिमुख हुँदै पूजक कुशासनमा बसेको हुनुपर्दछ । षोडश उपचार नित्य पूजा विधिमा शालिग्राम पूजा अतीव महत्त्वपूर्ण छ भनी धार्मिक वेद आदि शास्त्रमा बताइएको छ । नित्य पूजा आरम्भ गर्दा केशव, नारायण, माधव र गोविन्दको नाम उचारण गरी तिनलाई वन्दना गरिन्छ । यसपछि क्रमशः पूरक, रेचक र कुम्भक श्वास क्रमबाट प्राणायाम गरिन्छ । यस प्राणायामबाट मस्तिष्कमा रहेका दूषित कीटाणु तथा विकृतिमूलक भावनालाई शुद्धीकरण गरी मनस्थितिलाई शान्त र सन्तुलित पार्न सकिने हुनाले वैज्ञानिक दृष्टिबाट यसको उपयोग अझ स्वागतयोग्य मानिन थालिएको छ ।

यसपछि माङ्गलिक कार्यमा अधिस्ठाता भएर रहेका शक्ति सञ्चारक देवताहरूको नाम उच्चारणका साथ वन्दना गरिन्छ । पूजकले यस माङ्गलिक नामोच्चारण क्रममा इष्टदेवता, कुलदेवता, ग्रामदेवता, स्थानदेवता, वास्तुदेवता, वाणि हिरण्य गर्भ, शचीपुरन्दर (इन्द्र इन्द्राणी) माता पिताका पावन चरणकमल एवं अन्य सम्पूर्ण देवी देवता र नैष्ठिक ब्राह्मणहरू आदि सम्पूर्ण अधिष्ठाताहरूलाई वन्दना गरेपछि मात्र पूजा विधिको सङ्कल्प गरिन्छ । तर यसभन्दा पहिले स्वस्ति वाचन र भद्र वाचनका पवित्र वैदिक मन्त्रहरूबाट मङ्गलोच्चारण गर्ने पनि अनिवार्य हुन्छ । कुनै पनि धार्मिक कार्य तथा अन्य कुनै गृहस्थ जीवनबाट आरम्भ गरिने कार्यमा सर्वप्रथम गणेश जस्ता सिद्धि विनायक भगवान्को आराधाना गरी स्तुति वन्दना पूर्वक उनको आह्वान गरिन्छ। विघ्नहर्ता भगवान्

गणेशका बाह्रवटा नाम प्रसिद्ध छन्। विद्या आरम्भ, विवाह, गृह प्रवेश यात्रादिगमन, संग्राम तथा सङ्कट आदि विभिन्न कार्यका शुभारम्भमा गणेश भगवान्का द्वादश नाम उच्चारण गरी विघ्नरहित कार्य सिद्धि होस् भन्दै प्रार्थना गरिन्छ। भगवान् गणेशपछि नील वर्णका विष्णु भगवान्लाई शुभ्र शशिवर्ण र चतुर्भुज आकारमा ध्यान गरिन्छ। सम्पूर्ण देव पितृ यक्ष गन्धर्व किन्नर तथा चराचर जगत्का मालिक भगवान् विष्णुलाई नमस्कार गरेर मङ्गलकारिणी भगवती नारायणी जगज्जननीको प्रार्थना गर्नुपर्दछ। जसका हृदयमा भगवान् हरिको निरन्तर सम्झना हुन्छ उसले कुनै पनि भयङ्कर विघ्नको सामना आफ्ना कार्य क्षेत्रमा गर्नु पर्दैन। जसले लोकमाता आदि शक्तिका मालिक विष्णु भगवान्का चरण कमलको निरन्तर क्रमबाट सम्झना गर्दछ उसका निम्ति सुमुहुर्त, सुदिन तारा चन्द्र आदि ग्रह नक्षत्रको बल, ज्ञान विद्या बुद्धि दैवी शक्ति आदि सर्वस्व भगवान्को चरणकमल नै हुनाले शक्ति तथा ऐश्वर्य सञ्चारक भएर रहन्छ, यसमा रत्ति पनि शङ्का लिनु पर्दैन। जसका हृदयमा इन्दीवर भगवान्को निवास हुन्छ उसले आफ्ना जीवन यात्रामा यथेष्ट उन्नति तथा जय प्राप्त गर्दछ र पराजयबाट पराङमुख भई विचलित हुनु पर्दैन। जहाँ योगेश्वर भगवान् कृष्ण र धनुर्धर अर्जुनको कृपादृष्टि रहन्छ त्यहाँ विजय, श्री, ऐश्वर्य सदा सर्वदा प्राप्त भई नै रहन्छन् यसमा कुनै शङ्का लिनु पर्दैन। सम्पूर्ण आरम्भिक कार्य क्षेत्रमा त्रिभुवनका ईश्वर ब्रह्मा, विष्णु र महेश यी तीनै देवताहरूले पूजक तथा उपासकलाई सिद्धि प्रदान गरुन्। यस प्रार्थनाका साथ गणेश, गुरु, सूर्य, ब्रह्मा, विष्णु, महेश्वर र वीणावादिनी सरस्वतीलाई झुकेर प्रणाम गरी सम्पूर्ण कार्य सिद्धिका निम्ति यो माङ्गलिक प्रार्थना गरिन्छ।

यस आद्य प्रार्थनापछि षोडशोपचार पूजा विधिका निम्ति मानस सङ्कल्प गरिन्छ। उक्त मानस सङ्कल्प पश्चात दीप–ज्योतिको प्रज्वलन गरिन्छ र त्यसको पूजन गर्दै शान्ति कलशको पूजा हुन्छ। यस शान्ति कलशमा ब्रह्मादि त्रिदेवको सप्त द्वीपको एवं ऋग्वेद, यजुर्वेद सामवेद, र अथर्ववेद यी चारै वेदको आह्वान गरिन्छ र कलशाश्रित देव–देवाङ्गनाहरूको पूजन गरिन्छ। कलश पूजनपछि पाञ्चजन्य शङ्ख पूजन हुन्छ र घण्टको पनि ध्वनि संयोजनका साथ पूजा समापन गरिन्छ। नित्य पूजाका सन्दर्भमा शङ्ख तथा घण्ट ध्वनिको निकै ठूलो महत्त्व रहेको छ। वर्तमान वैज्ञानिक युगमा अन्धविश्वासलाई कसैले पनि मान्यता दिदैनन्। शङ्ख घण्ट ध्वनिबाट निस्केको नादमय झङ्कारले ब्रह्माण्डमा रहेको विषाक्त वातावरणलाई स्वस्थ बनाउँदछ।

यस पछि षोडशोपचार विधिले पञ्चायन देवताहरूको आह्वान पूर्वक प्रार्थना गरिन्छ र पाद्य, अर्घ्य, आचमन, स्नान, पञ्चामृत, चन्दन, अक्षता, फूल, धूप दीप, नैवैद्य, शुद्धजल, दूध, दही, घिऊ र फल यी सोह्र पूजा उपचारका विधिबाट सहस्रादि वैदिक १६ मन्त्र हरूका उच्चारण क्रमले पञ्चायन देवताको पूजा गरिन्छ। सहस्रादि १६ वैदिक मन्त्रहरूको उच्चारण गर्दै अभिषेक गरिन्छ। षोडश उपचार पूजा विधिमा जल, कुश, चन्दन, अक्षता र फूलहरू प्रक्षेपण गर एउटा कर्म–पात्र बनाइएको हुन्छ। कुनै पनि कर्म गर्न पर्दा यस कर्म–पात्रको जल लिएर मात्र कर्ताले मान सङ्कल्प पढ्दछ। कर्म–पात्रलाई तिलानी भन्ने प्रचलन पनि छ। पूजा स्थल कर्मको साक्षी दीपज्योतिको शिखा अखण्ड रूपमा थालेको कर्म नसकुन्जेल निभ्न दिनु हुँदैन। यस पूजन क्रममा इन्द्र आदि दशदिक्पाल नवग्रह र गृह सुख प्रदान गर्ने वास्तुदेवताको पनि आर धना पूजा गरिन्छ। यस पछि चन्दन, तिलको अक्षता सौभाग्य सिन्दूर, तुलसी दल, द्रव्य आदि सामग्रीबा पञ्चायन देवताको पूजा गरिन्छ। त्यस पछि आर जलाएर आफ्ना आराध्य देवताहरूको सम्झना गर्दै स्तु प्रार्थना पूर्वक सो आरती वरिपरि घुमाइन्छ। आरतीप सम्पूर्ण पाप तथा आन्तरिक कल्मष निवारणका निम्ति सो आरती श्रद्धालु पूजक र भक्तजनहरूबाट सेकिन्छ यसै क्रमबाट क्षमा प्रार्थना गर्दै प्रति दिन गरिने असं अपराध कर्म गरिएकोमा करुणासागर भगवानसंग क्ष याचना गरिन्छ। पूजान्तमा जन्म–जन्मान्तरबाट स

हुँदै आएका अपराध कर्महरू विनाश हुन् भन्दै कृपासागर भगवानसंग प्रार्थना गरिन्छ। यसपछि शान्ति कलशको जलले अभिषेक गरिन्छ र सम्पूर्ण मानसिक सङ्कल्प गरिन्छ र सम्पूर्ण मानसिक सङ्कल्प अनुसार चित्ताएको काम कुरो पूरा होस् भन्दै दण्डवत् प्रणामकासाथ आत्म समर्पण गरिन्छ। पूजान्त पछि चन्दन फूल प्रसाद ग्रहण गरी भगवानको चरणामृत पान गरिन्छ र यावत् कर्म तथा जुटेका षोडशोपचार विधिका सामग्रीहरू मन वचन र कर्मले 'श्रीकृष्णार्पणमस्तु' भनेर भगवानलाई अर्पण गरिन्छ।

अकालमृत्युहरणं सर्व व्याधि विनाशनम्।
विष्णुपादोदकं पीत्वा पुनर्जन्म नविद्यते ।।

शालिग्राम गण्डकीतिर प्राप्त हुनाले यिनलाई विष्णु देवताको प्रतीकका रूपमा विना प्राण प्रतिष्ठा आफ्नो धाममा ल्याएर पूजा गर्नुपर्दछ। जुन इष्ट देवता हुन्, ती इष्ट देवलाई बीचमा राखेर मात्र पूजा गरिन्छ। शालिग्राममा विष्णुको चरणचिह्न पाइन्छ। शालिग्रामको चरणोदक लिनाले अकाल मृत्यु कदापि हुँदैन। यो जल सम्पूर्ण रोग व्याधिको नाशक टनिक तथा महौषधि हो। शालिग्राम (विष्णु)को जलपान गरेपछि वारम्वार यस दुःखमय संसारमा चक्कर लगाएर भुंवरीमा परिनु पनि पर्दैन। अनन्त आनन्द सागरमा स्वतः पुग्न सकिन्छ। शालिग्राम नित्य पूजा गर्ने कुनै पनि व्यक्तिलाई मानसिक शान्ति प्राप्त हुन्छ, कहिल्यै पनि विलौना र चिन्ता गर्नु पर्दैन। पृथिवी, जल, औषधी, बनस्पति आदि सम्पूर्ण विश्वलाई शान्ति सन्तोषका लागि षोडशोपचारको नित्यपूजा अनिवार्य छ।

ॐ शान्तिः ॐ शान्तिः ॐ शान्तिः

परिचय - श्री लक्ष्मी नारायण मन्दिर, शंखमूल

– महन्त खगेश्वर दास

वाणी गुणानुकथने श्रवणौ कथायां हस्तौ च कर्मसु मनस्तव पादयोर्नः ।।
स्मृत्यां शिरस्तव निवास जगत्प्रणामे दृष्टिः सतां दर्शनेऽस्तु भगवत्तनूनाम् ।।

उन्नाइसौं सदिमा पावन वागमतीको किनारमा रहेको यो जगतनारायण मन्दिरको स्थापनाकाल भएको हो भन्ने ठोस प्रमाण यहाँका गडुरनारायणको शिलालेखबाट पाइन्छ । यस खम्भामा कुँदिएको लेख अनुसार श्री ३ जङ्गबहादुरका छोरा श्री जगतजङ्ग जर्णेलद्वारा विक्रम सम्वत १९१२ मा शुरु गरी १९१७, पाँचवर्षको अवधिमा वैशाख शुक्ल द्वादशीका दिन स्थापना भएको भन्ने उल्लेख त्यहाँ पाइन्छ ।

शङ्खमूल भन्नाले यहाँ बसेर शंखासुरले आशुतोष शिवको तपस्या गरेको तथा महाभारतकालमा भीमसेनले पानी पिएको भन्ने जनश्रुतिबाट थाहा हुन्छ । साथै यहाँ शङ्खको रङ्ग जस्तो श्वेत धारा पनि थियो तर त्यो प्रत्यक्ष प्रणाम चाहिं वागमती भासिनाले लोप भयो ! अब यो पनि जनश्रुति अन्तर्गत पर्न आउँछ ।

शुरुमा यो आश्रम बनाइनुभन्दा पहिले यहाँ आर्यघाट थियो, रात दिन यस पुण्यस्थलमा एक न एक अन्तिम दाह संस्कार भइनै रहन्थे भन्ने पनि जनश्रुति छ ।

यस "लक्ष्मीनारायण" मन्दिरमा एक स्तम्भ जसमाथि स्वर्ण निर्मित गरुडनारायण विराजमान हुनुहु भने चारैतिर सत्तलले घेरिएको यस मन्दिर चोकमा म मन्दिर लक्ष्मीनारायणको रही अगाडिपट्टि प्रस्तरनिर्मि गरुड, गणेश र हनुमानको मूर्तिछ । साथै यहाँ हनुमान श्वेत विग्रह पनि स्थापित छ । पूजा खर्च मासि हिसाबले दिएर यहाँ पूजारी राखिएका छन् ।

यस मन्दिर प्रांगणमा द्वादश ज्योतिर्लिङ्ग (जगदीश्वर नामले चिनिएको छ) भएको महादेवस्थ छ, यसमा पनि पूजारी अलग्गै व्यवस्था गरिएको छ


यस मन्दिर (आश्रममा) रहेका सत्तलहरु विचित्र ललित कला, काष्ठ कला छन् । यद्यपि यस जीर्णावस्था भै सक्यो तर पनि यसको जीर्णोद्धार व भएको छैन, जसले गर्दा अमूल्य कलानिधि टुटे फुटे भत्किएर लापरवाहीका साथ हराउने, नाश हुने सम्भा वना पनि छ ।

यस आश्रमको रेखदेख गर्ने क्रममा वि. सं. १९ देखि मेरा दादागुरु महन्त श्रीश्री १००० श्री श्याम

जी महाराज (निम्वार्क सम्प्रदायवाट) हुनुहुन्थ्यो । वहाँपछि मेरा गुरु महन्त श्रीश्री १००८ श्री टीकाराम दासजी महाराज हुनुहुन्थ्यो । वहाँ पनि यस आश्रमको सम्पूर्ण अभिभारा म ''खगेश्वरदासमाथि सुम्पिएर गुरुकुल कुश्मा (पर्वत) तर्फ लाग्नुभयो ।

वर्तमान समयमा यस आश्रममा श्री राधाष्टमी (भाद्रशुक्ल अष्टमी), श्री निम्वार्क जयन्ती (कार्तिकशुक्ल पूर्णिमा), श्रीराम नवमी आदि पर्वहरू विशेष रूपमा मनाउँदै आएका छौं । भगवानकी आह्लादिनी शक्ति जगज्जननी श्रीराधाष्टमी चाहिं गतवर्ष (०४८ को भाद्र शुक्ल ८) देखि मनाउन थालेका हौं । यसमा मुकुन्द निरौला शास्त्रीले भक्तजनहरूमा श्रीराधाको महिमा तथा यस पूण्य दिनको महिमा प्रचार प्रसार गरी भक्तजन भेला गराएर शुरुवात गर्नुभएकोमा वहाँ धन्यवादका पात्र हुनुहुन्छ साथै आशावहादुर नुगःको सक्रियतामा श्री निम्वार्क अक्षयकोष स्थापना गर्न गइरहेका छौं, जसको व्याजवाट प्रतिवर्ष श्री राधाष्टमी तथा श्री निम्वार्क जयन्ती समारोह हर्षोल्लासका साथ मनाउन सकिने छ । यसमा भक्तजनहरूको स्नेह र सेवा भावको अपेक्षा राखदछु ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुखभाग्भवेत् ।।



भ्रम

—श्याम मलेक्


आँखा खोलेर हेर वाहिर के छ साँचो
आफू भुलेर तनमा नवनाऊ वुद्धि काँचो
आँखा खोलेर ... .

हातमा साँचो राखी अन्तै खोजेर हिड्छौं
सम्झेर फेरि पाउँदा झस्केर दङ्ग पर्छौं
आँखा खोलेर ... ...

मृग नाभीमा सुगन्ध थाहा नपाई आफ्नो
खोजी सुगन्ध घाँसमा सहन्छ दुःख गाह्रो
आँखा खोलेर... ... .

दूधमा छ घ्यू भन्ने वुझिन आज मैले
आँखा छ हेर्ने मेरो खुलेन त्यो कहिले
आँखा खोलेर . . ..

जड देह यो नजानी यसलाई सत्य ठानी
गरें कार्य धेरै मैले वनी सदा अज्ञानी
आँखा खोलेर ... .



"संयमद्वारा आयुरक्षाको उपाय"

– वैद्य विश्वंभर दैवज्ञ

हिते जनपदानां च शिवानामुपसेवनम् ।
सेवनं ब्रह्मचर्यस्य तथैव ब्रह्मचारिणाम् ।।

संकथा धर्मशास्त्राणां ऋषीणां च जितात्मनाम् ।
धार्मिकैः सात्विकैर्नित्ये सदास्या वृद्धसम्मतैः ।।

इत्येतद् भेषजे प्रोक्तामायुषः प्रतिपालमत ।
सकल क्षणहीनोऽपि यः सदाचारवान् नर ।
श्रद्धालुरनसूयुश्च शतं वर्षाणि जीवति ।।


सदाचारी व्यक्तिनै धेरै वर्षसम्म निरोगी भै बाँच्न सक्दछ। तर दुराचारीको आयु थोरै हुन्छ र ऊ रोगी पनि हुन्छ ?

दुराचारी हि पुरुषो लोके भवति निन्दितः ।
सततं दुःखभागी स्यात् व्याधितोऽल्पायुरेव च ।।

समय यस्तो आयो कि शुद्ध खोज्ने, शुद्धता हेर्ने हो भने केही पनि शुद्ध वस्तु पाइंदैन। प्रकृतिमा नै यस्तो दूषित वातावरण आइसक्यो, जसले गर्दा माटो, हावा, पानी अन्नादि सर्व नै दूषित छन्। यसले केवल रोग, आधि–व्याधिमात्र निम्त्याएको छ। यस वातावरणमा निरोगी भएर रहन संयम नै चाहिन्छ। संयम विना निरोगी रहन, स्वस्थ रहन सकिन्न। आहार शुद्धि, विहार शुद्धि, विचार शुद्धि, आचरण शुद्धिलाई नै संयम भनिन्छ।

आयुर्वेदले संयमलाई औधि महत्त्व दिएको छ मानिस खानको लागि बाँचेको हैन, अपितु बाँच्नक लागि खानु हो। बाँचेर राष्ट्रको समाजको सेवा ग सक्नु नै असली बाँच्नु हो।

वर्तमान समयमा जता हे-यो, जता देख्यो उ मादक द्रव्यले, नशालु पदार्थले मानिसलाई जकडिसके छ। जसले गर्दा मुटुको रोग, छातीको रोग, फोक्सो रोग, पेटको रोग आउंछ। उँदाखाँदाको ज्यूंदो जव विवशतासाथ मृत्युलाई अंगाल्न पुग्दछ। त्यसव समाजमा विकृति पैदा हुन्छ। राष्ट्र नाङ्गो हुने अवस आउँछ। यसैले यी सव रोग आउनुभन्दा पहिले रोग व्याड मान्छलाई संयमी वनौ। संयम नै महत्त्व सार हो।





जगदम्बा वचन–

इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति ।
तदा तदाऽवतीर्याहं करिष्याम्यरिसंक्षयम् ।।

–दुर्गा चरित



"वेदोऽखिलो धर्ममूलम्"

– प्रेमराज गौतम

धर्म जिज्ञासामानानां प्रमाणं परमं श्रुतिः। वेदबाटनै धर्मको ज्ञान हुने भएकोले हिन्दूमात्रले वेदको प्रमाण स्वीकार गरेर धर्मको परिपालन गर्नुपर्दछ। वेद विहित धर्म हो र वेद अविहित अधर्म हो। "स्व धर्मे निधनं श्रेयः" यो गीताको वचनानुसार आफ्नो धर्ममा कट्टरपना हुनु पर्ने कुरा स्पष्ट छ। धर्मको आचरण न गर्नाले मानव दानव हुन पुग्दछ। हामीलाई वेदले जुन मार्गमा हिड्न सिकाउँछ त्यसै मार्गको परिपालन गरेर हिड्नु पर्छ। गर्भाधानदेखि लिएर श्मशानान्तसम्मका धर्म ब्राह्मण, छत्रिय, वैश्व, शूद्रादिले गर्नुपर्छ। हामीलाई आमा, बाबु, दिदी, बहिनी, दाजु, भाइ, फुपू, सानिमा ठूलीआमा, ज्वाँइ, ससुरा, इत्यादि भन्न पनि श्रुतिले नै सिकाएको छ तसर्थ हिन्दूधर्म समस्त धर्महरू भन्दा अति उच्च रहन गएको छ। धर्मको परिपालन वर्णाश्रम पूर्वक हुनु पर्दछ। यस कुराको प्रमाण स्मृति ग्रन्थहरूमा विस्तृत रूपले वर्णन भएको छ। मत मतान्तरमा न गै धर्मको पालन गर्नु हिन्दूहरूको कर्तव्य हो।

हिन्दु सनातन धर्मले यवनहरूको पनि उद्धार भएको कुरा भक्तहरूका चरित्रबाट स्पष्ट हुन आउँछ। रयीदास, चेताचमार अरु मुसलमानहरू आदिको चरित्र अध्ययन गरे थाहा भै हाल्छ। धर्मले समाजको राष्ट्रको उद्धार गर्दछ। धृति, क्षमा, अस्तेय, शौच, इन्द्रिय निग्रह, अमानी अदम्भि, अहिंसा, शान्ति, सरलता, आदि गुण धर्मका हुन्। श्रीमद्भागवतमा धर्मको विस्तृत चर्चा सप्तमस्कन्धमा छंदैछ। खानु, पिउनु, सुत्नु, डराउनु, छोरा छोरी पाउनु पशुमा र मानवमा बराबरै हुन्छ। तर मानिसको विशेषता के हो भन्ने प्रश्न उपस्थित हुँदा हामीलाई यो कुरा प्रष्टचाउन बाध्य हुन कर लाग्दछ कि वेद विहित कर्म गर्नाले मात्र धर्म हुन्छ। अर्काको प्रलोभनबाट धर्म परिवर्तन गर्नु हुँदैन। परधर्मो भयावह। अर्काको धर्म डर लाग्दो हुन्छ। धर्मको गति सूक्ष्मातिसूक्ष्म छ। पुराण १८ छन्, ३६ स्मृति छन्, ४ वेद हुन् यी सबै शास्त्रको तथ्य के हो भन्ने कुरा थाहा न भै मनोमानी ढंगले धर्मको निर्णय गर्नु उचित होइन।

तीन लोक, १४ भुवनको ऐश्वर्य प्राप्त भए पनि, भगवत्साधनामा लागेको साधक कदापि विचलित हुँदैन।

— श्रीमद्भागवत्

मां

— आशा

यो मां शब्दबाट यस धर्तिमा पदार्पण गर्दा "पुत्री" को रूपबाट प्रवेश भएको हुन्छ । यही शब्दलाई "हिन्दू" ले अति आदरभावले सत्कार गरी "शक्ति" को रूपमा पुजनीय हुन्छ । शक्तिको प्रभावबाट यो विश्व व्रह्माण्ड स्थिर हुन्छ । यसैमा संसार अडेको हुन्छ । त्यसैले मानव मात्रले "मां" लाई आफ्नो धर्ति सम्झिन्छ । यही धर्ति नै रहेन भने मानव समाजको विकास नै कसरी हुन्छ ? त्यसमा पनि "हिन्दू" समुदायले त यसलाई आफ्नो शिरमा राखी आदर गर्दछ । मां पदमा पुग्न "पुत्री" जातले जम्मा चार खुडकिलो पार गर्नु पर्दछ, अनि त्यसले मुक्ति प्राप्त गर्दछ । पुत्रीबाट प्रथम दिदी वा वहिनीको प्रथम खुडकिलोमा पदार्पण गर्दछ । यसमा आफूले वहिनी भै मान्यजनहरूको मन जितेर असल चरित्रवान अनुशासित कर्तव्यवान नारीको पद प्राप्त गर्दछ भने "दिदी" को नाताबाट प्रेम र मायाको अञ्जलीबाट दयालु दिदीको श्रद्धा पाउने गर्दछ । द्वितीय पथमा अति कठिन धैर्यवान भै संसारको सृष्टि कर्ताको रूपमा गृहिणीको अति जिम्मेवारी पद "भार्या" अर्थात् अर्धाङ्गिनीको पदमा पदार्पण गर्दछ । यसै पदबाट "स्त्री" चरित्र निर्माण गरी समाज, देश, कुलधर्म, भुत-भविष्य, वर्तमान सबलाई अंगाली नव जीवन निर्माण गर्ने दायित्व बोकेको हुन्छ । यस पदबाट कुनै पनि समयमा वा घडिमा "कू" मार्गमा लागेमा संसार अन्ध-कार मात्र होइन सदा सदाको लागि यस व्रह्माण्डबाट लोप हुने छ । मां शब्दलाई उच्च एवं संवेदनशील वनाई सुन्दर परिवार अथवा सभ्य समाज निर्माण गर्ने हो भने, आदर्श नारीको परिचय दिने पद नै यही हो । यसैलाई सफल वनाएपछि ऊ तेस्रो दर्जा या "धर्ति" विश्व व्रह्माण्ड अटाउने "मां" पद ग्रहण गर्न पाउने छ ।

यो "मां" पद अति आदरणीय, सम्माननीय, भाग्य-मानी एवं शक्ति सम्पन्न हृदयामृत मां हुने छिन् । यही "मां" ले नै आजको विश्वलाई ठड्याएको छ । यदि कुनै पनि सन्तानले "मां" लाई चिन्न छाड्यो भने उसको वंश नै नाश हुनेछ ।

"मां" सबैकी प्यारी अनि सबैलाई हुर्काउने सत्य मार्ग र सभ्य नागरिक बनाउने अभिवाहक वा संरक्षक हुन् । आध्यात्मिक समयमा पनि "मां" बाट लवकुशले पाएको माया ममताले यही कुरालाई प्रमाणित गर्दछ कि रानी जस्तो अमन चयनले सम्पन्न नारीले वनवासी अवस्थामा पनि आफ्नो सन्तानलाई दिनुपर्ने माया ममता दिएर सबै लक्षणबाट सम्पन्न गराउने कार्यमा त्यही मां ले सुख दुःख गरी सहयोग पुऱ्याएको थियो । आफ्नो सन्तानको भविष्य उज्ज्वल पारी आफू मुक्तिको बाटोमा समर्पित हुनुभयो । ती नारी हुन् । मां दर्जाको कर्तव्य पूरा गरी बांकी धर्तिमा रहेका सम्पूर्ण "नारी" लाई

मां कसरी हुनु पर्दछ भन्ने मार्ग दर्शन गराउनुभएको छ। आज यस विश्व ब्रह्माण्डमा यस्ता "सीता" जस्ती मां अनगिन्ती होलान्, हुनु पनि पर्दछ। अझ भनौ भने वैष्णव धर्म मात्रै "हिन्दू" समुदायले त 'मां" शब्दलाई अति आदरभावले सधैं हृदयमा विराजमान गरेको हुन्छ। "मां" भन्ने स्त्रीलिङ्ग हो। उसले कसैलाई पनि जन्म दिन्छ। त्यसको त्यो जन्मसिद्ध अधिकार हो। जब जन्म दिन्छिन् तब उनले "मां" भन्ने पद पाउँछिन्। त्यसैले वैष्णव सम्प्रदायले "गाई"लाई "मां" बराबर आदर गर्दछ। स्त्रीलिङ्गलाई कुनै किसिमको प्रहार दुर्वचन प्रयोगसम्म पनि गर्दैन। साथै मास्सहारी समुदायले पनि स्त्रीलिङ्गका पशु पंछीहरूको मास्स ग्रहण गर्दैन। हुनत मास्स ग्रहण गर्ने वस्तु नै होइन, तै पनि कोहि कोहि मनुष्यहरूले बलिभोग दिएर मास्स खाने चलित थियो, छ पनि। त्यस्तोमा पनि स्त्रीलिङ्गका पशु पंछीहरूलाई बलि दिइदैन। यसबाट पनि प्रमाणित हुन्छ, कि त्यो पशु वा पंछी नै भएता पनि त्यसले पनि जन्म दिने अधिकार लिई "मां" पद ग्रहण गर्दै आएको हुन्छ। यसरी मां लाई आदर गरी आएकोले हामी हिन्दूहरूले आफ्नो मां लाई के हिसाबबाट सम्मान गर्नु पर्दछ, त्यो अति नै गहन विषय भएको छ।

यदि हामीले मां लाई चिन्न सकेनौ भने हामीले यो धर्तिमा बसी केही पनि खाने अधिकार छैन। बल्कि केवल "फलाम" पगालेर निल्नु बाहेक। यसरी सम्मानित मां लाई कसैले पनि अपमान गर्नु ठूलो पाप हुनेछ।

"मां" को जिम्मा पनि ठूलो छ। "मां" शिक्षित एवं सभ्य भएन भने त्यो परिवार त्यो समाज अति दुषित एवं भ्रष्ट हुनेछ। त्यसैले एक मां ले पूरै परिवार र समाजको उठान गर्दछ। त्यस्तो मां लाई आजको पाखण्डी नग्न समाजले एक कठपुतली र खेलौनाको संज्ञा दिई विभिन्न वेश्यालयमा बिक्री गरी समाजद्रोही द्रव्यपिपाशु गिरोहहरू मोज मस्तीमा लागेका छन्। ती कुलांगार गिरोहलाई कहिल्यै कुनै पनि समयमा सभ्य समाजले क्षमा दिने छैन।

मां लाई सधैं सम्मान गर्नुस्। मां लाई माया र सम्मान गर्नु नै धर्तिलाई बचाउनु हो। धर्तिलाई सिंगार गर्नु भनेको वातावरण स्वच्छ राख्नु हो। मां लाई स्वस्थ राख्नु भनेको नै सेवा गर्नु हो। यो भाव हिन्दू समाजमा अति विकसित भएको छ। कारण किन भने हामी "गाई" पाल्दछौं। त्यसको अति स्याहार सुसार गर्दछौं। जति सेवा हामी गर्दछौं त्यति नै गाईले अमृत बराबरको दूध दिन्छ। त्यस्तै हामी बाख्रा पाल्दछौं। त्यसले पनि दूध नै दिन्छ। त्यस्तै हामी चराचुरङ्गीहरु पाल्दछौं। त्यसबाट सन्तान बढाउँछौं। परेवा पाल्दछौं, फुलबाट बच्चा (चल्ला) जन्माएर त्यसको हावाबाट हामी स्वस्थ हुन चाहन्छौं। कुनै पनि कार्य गर्दा परस्पर दुवैलाई फाइदा अवश्यमेव हुन्छ। प्रत्यक्ष या अप्रत्यक्षबाट त्यसरी नै मां ले आफू वृद्ध भएपछि सन्तानबाट पाउने सेवाको अपेक्षा गर्दछ भने सन्तान पनि मातृ स्नेह पाउनको लागि मां को आज्ञा पालन गरी आज्ञाकारी सभ्य नागरिक हुन चाहन्छ। यस्ता माया र ममता दिने मांहरू हाम्रो समुदायमा थुप्रै छन्। पौराणिक समयमा यस्ता मां हरूले देश र समाजलाई नै रक्षा गरेका छन्। मां ले आफ्नो शरीरभन्दा पनि आफ्नो सन्तानको श्रृङ्गार सुसार र माया बढी गर्दछन्। भगवान गौतम बुद्ध हुनुभन्दा अघि राजकुमार सिद्धार्थ हुनुहुन्थ्यो। राजपाटको मोहलाई त्याग गरी बुद्धत्व प्राप्त गर्न गृहस्थ त्याग गरी जाँदा पनि राहुलकी मां, यशोधरा मा नै थिइन्। तर पतिसंग लाग्नुभएन बल्कि आफ्नो पुत्रलाई मातृ स्नेह दिन "मां" भै विछोडको कष्ट सहनु भै तपस्वी बन्नुभयो। पतिको इज्जतलाई सम्मान गर्न महामाया शक्ति देवी "सीता" ले वनवास बिताई मां ले दिनु पर्ने स्नेह र कर्तव्य पूरा गर्नुभयो। यस्ता मां हरूबाट गरेका अविस्मरणीय उदाहरणहरू पौराणिक कालमा धेरै थिए भने यस आधुनिक युगमा पनि हिन्दू संस्कृतिका नारीहरू सतित्व बचाई आदर्शमा थुप्रै रहेका छन्। जस्तै महान भारतका राष्ट्र प्रमुख भू. पू. प्रधान मन्त्री स्वर्गीय इन्दिरा गान्धी पतिव्रता धर्ममा रही आफ्नो सन्तानलाई मातृस्नेह दिई मां को मर्यादामा रही विश्वका एक आदर्श एवं कर्मठ नारीको रूपमा रहनु-

भयो। नारी भै जन्म भएपछि उसलाई "मां" हुने सौभाग्य अवश्य मिलेको हुन्छ। या आफ्नो गर्भबाट सन्तान जन्म दिएको होस् अथवा अरु मां बाट जन्म लिएका सन्तानलाई आफ्नै सन्तान सम्झी माया ममताले हुर्काउने जिम्मा लिएको होस्। आखिर ती मां नै हुन्। अझ पतिको अपठचारोपनालाई आफ्नो कोखलाई नै बन्द गरी पतिले जिम्मा दिएको सन्तानलाई पालन पोषण गरी हुर्काई बढाई आफ्नै रगतको नातामा गांसी मां बन्नेहरु त दुर्लभ नै हुन्छन्। ती मां प्रति नै त्यागी र दयालुका प्रतिक नै मान्नु पर्दछ। हाम्रो हिन्दू अधि-राज्यकी राजमाता ती त्यागी दयालु तपस्वी (माता) मां होइबक्सिन्छ।

पातिव्रात्य हिन्दूसंस्कृतिको मूल मन्त्र हो। कुनै पनि मां ले मेटिएको सिन्दूरलाई शरीरको एक अङ्गको रुपमा रहेका पतिदेवको आत्मलाई रुवाएर वा सन्तानको निधारमा कालो खोप लाग्ने गरी पुनः सिन्दूर लगाउन चाहँदैनन्। यो हिन्दू नारीको धर्म नै हो। भारतकी स्वर्गीय इन्दिरा गान्धी आदर्श मां हुनुहुन्छ। नेपालकी राजमाता त्यागी दयालु आदर्श मां होइबक्सिन्छ। तर संयुक्त अधिराज्य अमेरीकाका एक भू. पू. राष्ट्रपति (जान अफ केनेडी) की पत्नी पतिव्रतामा अधिक (आदर्श मां) हुन सक्नुभएन। यसैमा छ, अरु समुदाय र हिन्दू समुदायमा देखिने फरकको महत्त्व। यसैमा मातृ विहीन सन्तानले पिताबाट मातृस्नेह पाउन दुर्लभ नै हुन्छ। भएता पनि लाखमा एकले मात्र मातृस्नेह दिन सक्ला। त्यस्ता पिता पनि अवश्यमेव धैर्यवान एवं तपस्वी नै मान्नु पर्दछ। यस्तो मातृस्नेह दिने पिता यो आधुनिक युगमा खोजिको विषय नै छ।

आधुनिक समाज र सभ्य समाज भनेर कुनै पनि हिन्दू आफ्नी मां लाई कन्यादान दिदैन। हो बालविवाह धोका हो, यो अपराध पनि हो। जगत जननी माता सीताले पनि बाल–विवाह गरेकी होइन। स्वयम्बर नै गरेर आफूलाई मन पर्ने वर खोजेकी हो। यसोधराले पनि बाल–विवाह गरेकी होइनन् भने यो बाल–विवाह गर्नु पर्ने बाध्यता र चलन ल्याएको कसले, र किन? हिन्दू धर्मका अग्रणीहरुले नगरेको चलन गर्नु धर्म विरोधी हो। त्यस्तै पतिको दाहसंस्कारसंगै सति जानु पनि अपराध हो। देवी कुन्ती महारानी पति सति गएको देखिदैन। यस्तो नचाहिंदो चलन ल्याई हिन्दूधर्मलाई खोट लगाउने र धर्म प्रति घृणित गराउने दुस्प्रयास मात्र हो।

मां लाई आदर गरौं। लोभ, लाचन, धाक, धम्की र प्रलोभनमा नारी जातिको सतित्व लुट्नु ठूलो अपराध हो। नारी कहिले पनि फस्दैन, अरुकै फसाउन खोज्ने दुष्ट र पाखण्डी हो। स्वइच्छाबाट वैवाहिक सम्बन्ध जोडी आदर्श दम्पतिबाट सृजना भएकी मां नै माया, ममता र स्नेहकी प्रतिक हुने छिन्। त्यही मां लाई सेवा र आदर गर्ने सन्तान यस धर्तिका सभ्य हिन्दू नागरिक हुन्। यही सभ्य नागरिककी मां पछि हजुरमा पदमा पदार्पण गरी सबै सन्तानबाट पूजनीय मर्यादित भै अन्तिम लक्ष्य प्राप्तिको लागि भगवानमा समर्पित हुन्छिन्।

मनुष्य चोलामा आफूले देश, समाज र परिवारको लागि के कस्तो योगदान दिएको छ। त्यसैको प्रतिफल सुख दुःख यसै जुनिमा भोग गर्न पाइन्छ। भोग गराइन्छ। यसै धर्तीमा स्वर्ग र नर्कको भोग गर्ने गरिएका मनुष्य-हरु हामी देख्दछौं। त्यसैले आफ्नो यस मायारूपी शरीरले गर्न सक्ने समयभा केहि न केहि छिन् भर भएपनि राष्ट्रको लागि, प्राणीमात्रको लागि सेवा भावले योगदान दिनै पर्दछ। सत्संगतमा लाग्नु, दुःखी गरीबको सेवा गर्नु, वृद्ध आमा बाबुको सेवा गर्नु, चित्त कसैको नदुखाउनु, परमात्मालाई चिन्नु यी सबै पूण्य कार्यमा लागेको छ भने देखा देखै हाँसी हाँसी भगवानको नाम स्मरण गर्दा गर्दै, परदेश लागेका सन्तान पनि आफ्नो अन्तिम घडिमा टुप्लुक आइपुगी प्राण त्याग गर्ने समयमा भगवान इष्ट देवताको नामोच्चारण गरी पुत्री, बहिनी वा दिदी, मां र हजुरमा भै सन्तानलाई दिएको माया, प्रेम, स्नेहको प्रतिफलको भोग गर्दै "मोक्ष" प्राप्त गर्दछिन्। यस्ता मां को आशिर्वादबाट सन्तान दर सन्तानले यस धर्तिमा वास गरुन्जेलसम्म सुख भोग गर्न पाउँदछ। यसैको लागि "मां" लाई ईश्वर सम्झी सेवा गरौं।

:०: अस्तु :०:

रूद्राक्षमा अद्भूत उपचार शक्ति छन्

(साभार, जनमञ्च– २०४८ चैत्र २० बाट)

नेपालमा रूद्राक्षका बोटहरू छन्। सयौं मन रूद्राक्ष प्रतिवर्ष भारतमा निर्यात हुन्छ तर मुटु र रक्तचापदेखि लिएर यौन शक्तिवर्धक औषधिका रूपमासम्म प्रयोग हुने र त्यसको उपाचार शक्तिको समेत वैज्ञानिक दृष्टिले प्रामाणिकता स्थापित भैसकेको यो प्राचीन फलका बारेमा वहुसंख्यक नेपाली भने अनभिज्ञ नै छन्। साधु सन्तले माला लगाउने धार्मिक दृष्टिले सदियौंदेखि महत्त्व पाएको फल रूद्राक्ष अव विभिन्न रोगको उपचारमा लगाउनेतर्फ एक भारतीय वैद्यराज अनुसन्धान गरिरहेका छन्। स्व० श्रीमती इन्दिरा गान्धीका आयुर्वेदिक चिकित्सक डा० के सत्यनारायण स्वामीले भारतको हैदरावादमा रूद्राक्ष उपचार केन्द्रको स्थापना गरी रूद्राक्षको उपचार शक्तिबारे कैयौं वर्षदेखि अध्ययन शुरू गर्नुभएको छ। रूद्राक्षको उपयोग विधि तीन किसिमले धारण, दर्शन र सेवनबाट हुनसक्ने कुरा बताउँदै उहाँले रूद्राक्षले शरीरमा रोग–प्रतिरोध शक्ति बढाउने र लागेको रोगलाई निवारण गर्न सकिने जानकारी दिनुभयो। वहुमूल्य प्लाटिनमा र हिरा लगाउन सक्ने व्यक्तिहरू अव रूद्राक्ष-तर्फ आकर्षित भएका छन्। उहाँले गत सोमबार राजधानीको एउटा भेलामा रूद्राक्षका उपचार महत्त्वबारे भन्नुभयो—

नेपालको संखुवासभा र पशुपतिको वनमा रूद्राक्षका रुखहरू छन् र वर्षेनी संखुवासभाबाट रूद्राक्ष भारत निकासी हुन्छ। रूद्राक्ष उत्पादन गर्ने मुलुक इण्डोनेशिया पनि हो। इण्डोनेशियाको बालीमा दक्षिण भारतबाट गएर बसोबास गरेका ब्राह्मणहरूले नेपालबाट रूद्राक्षका बोट पुऱ्याएको अनुमान गरिन्छ।

उच्च रक्तचाप, मुटको रोग, टाउको दुख्ने, नासिक रोग, यौन शक्तिमा ह्रास, बाथ, लहरेखोकी आदिमा रूद्राक्ष लगाउने अथवा रूद्राक्ष हालेर पकाएको गाईको दूध र रूद्राक्ष डुबाएर राखेको पानी पिउने गर्दा यो रोग निको हुने डा. स्वामीले आफ्नो रूद्राक्ष उपचारबाट पुष्टि भएको दावी गर्नुभयो। उहाँले भन्नुभयो— सही तरिकाबाट रूद्राक्षको धारण र सेवनले रोग निको पार्छ। मानसिक रोगीलाई शरीरमा रूद्राक्ष धारण गर्न लगाएमा रोग निको हुन्छ।


रूद्राक्ष सामान्यतया एकदेखि चौधमुखीसम्म हुन्छन् र बेग्लाबेग्लै मुखी रूद्राक्षको बेग्लाबेग्लै फल र उपचारको उपयोगिता शिव पुराणमा उल्लेख छ। धार्मिकहरू एकमुखी रूद्राक्षलाई साक्षात् शिवजीको अवतार ठान्दछन् भने डा. स्वामीका अनुसार यसका उपचार, उपयोगिता


विभिन्न रोगीहरूका लागि हुनसक्छ। श्रीमती इन्दिरा गान्धीले एकमुखी रुद्राक्षको दुर्लभता र उपचार महत्त्वका कारण नै भारतको बम्बईमा दशलाख भारतीय रूपैयाँ-सम्ममा यसको किनवेच हुन्छ। डा० नारायण स्वामी रुद्राक्षमा भिटामिन 'सी' प्रचुर मात्रामा हुँदा र यसको तामा जस्तै चुम्बकीय गुणहरूले गर्दा रक्तचाप र मुटुको रोग मात्र होइन मृगौलाको रोग समेत निको हुने कुरा बताउनु हुन्छ। महिनौं वा **वर्षौंदेखि कपाल दुख्ने-हरूका लागि रुद्राक्षको भस्म बनाएर त्यसको तिलक निधारमा लगाउँदा निको हुने** र दक्षिण भारततर्फ यसको खासगरेर महिलाहरूमा व्यापक प्रचलन रहेको उहाँले जानकारी दिनुभयो।

दुईमुखी रुद्राक्षलाई शिव-पार्वती अथवा अर्ध-नारीश्वरका रूपमा लिइन्छ र वशीकरण विद्या साथै एलर्जी रोगमा पनि यसको प्रयोग हुने गर्छ। रुद्राक्षको चार रङ्ग हुन्छ— सेतो, खैरो, कालो र हरियो **सेता** रुद्राक्ष बोटमा एकपटक **एउटै** मात्र **फल्छ** भन्ने धारणा छ। भारतीय बजारहरूमा एउटा मालाको तीन, चार लाख रूपैयाँसम्म पर्न सक्ने सेता रुद्राक्षहरू खास गरेर इण्डोनेशियाबाट आउँछन्।

तीनमुखे रुद्राक्षलाई अग्निस्वरूप मानिन्छ र **रक्तचाप नियन्त्रण गर्न** र नेत्ररोगका निम्ति उपयोग गरिन्छ। रुद्राक्षले रक्तधमनीमा जमेका बोसो पगालेर रक्तप्रवाह प्रणाली तन्दुरुस्त राखी मुटुको रोग र रक्त-चापबाट बचाउँछ। आयुर्वेदमा रुद्राक्षको धारण र सेवन विधिहरूको जानकारी दिइएको छ। चारमुखी रुद्राक्ष गाईको दूधमा उमालेर ४० दिनसम्म लगातार दूध पिउँदा भकभकेको बोली ठीक भएको डा. स्वामीले दावी गर्नुभयो। पञ्चमुखी रुद्राक्षलाई चाँदी अथवा तामाको गिलासमा पानीसंग भिजाइराखेर पानी पिउने गरेमा पनि रक्तचाप निको हुन्छ। ६ मुखी रुद्राक्षले व्यक्तित्व कला बढाउन प्रभाव पार्नुका साथै छारेरोग भएकी महिलालाई दूधमा रुद्राक्ष हालेर उमाली दूध पिउन लगाएमा रोग निको हुन्छ। **नवमुखी रुद्राक्ष** घोटेर ख्वाइदिएमा दादुरा वा **बिफर** जस्ता रोग लागेमा **खत बस्दैन।** सातमुखी रुद्राक्षलाई यौन शक्तिवर्द्धकको रूपमा उपचार सेवामा प्रभावकारी हुने आयुर्वेदमा वर्णन गरिएको छ। डा० स्वामीले भन्नुभयो— हाम्रा ऋषिमुनि साधुसन्तहरूले रुद्राक्ष धारण गर्ने गरेका हुनाले उनीहरूमा रक्तचाप अथवा मुटुको रोग जस्ता कुरा सुनिंदैनन्।

डा० स्वामी रुद्राक्ष उपचार विधिलाई प्रचार गर्न पश्चिमी तथा पूर्वी देशहरूको भ्रमण गर्ने विचार राख्नु-हुन्छ। उहाँले भन्नुभयो -- 'रुद्राक्ष पैदा गर्ने र पशुपति-नाथ भएको यो छिमेकी मुलुकमा आएर पशुपतिको आशिर्वाद लिई भ्रमण शुरू गर्नु उपयुक्त ठानी यहाँ आएको हुँ। **उहाँ हिजो काठमाडौंबाट हैदराबाद फर्कनुभयो।**





छिन्नोऽपि चन्दनतरुर्नजहातिगन्धं वृद्धोऽपि वारणपतिर्नजहाति लीलाम्।
यन्त्रार्पितो मधुरतां नजहाति चेक्षुः क्षीणोऽपि न त्यजति शीलवतां कुलीनः ।।

अर्थः- कुलीन पुरुष जस्तै आपदमा पनि आपनो आचारशीलतालाई छाड्दैन। जस्तै- काटिएर पनि चन्दनले सुगन्ध, पेलिएर पनि ऊखुको रसले- मधुरता तथा बूढो भएर पनि हात्तीले आपनो मन्द गतिलाई छाड्दैन।



सनातनधर्म सेवासमितिका मुख्य संस्थापक एवं वर्तमान केन्द्रीय अध्यक्ष आचार्य श्री खेमराज केशव शरणज्यूसंग ललित सन्देशका सम्पादक मुकुन्दप्रसाद निरौलाले लिएको

अन्तर्वार्ता

प्रश्नः– अध्यक्षज्यू, संस्थाको संस्थापनको लागि कुन आवश्यकता देखिएको थियो ? र यसको स्थापना कसरी भएको हो ? केही प्रकाश पारिदिनुहुन्छ कि !

उत्तरः– धर्मप्राण परम्परामा हुर्किएको हाम्रो सामाजिक जीवनमा मेला भर्ने क्रम चलिनैरहन्थ्यो । पर्व–पर्वमा तीर्थस्थल तथा देवस्थलहरूमा घुइंचो लागि नै रहन्थ्यो । जनसमूह चलनचल्तिको धारामा बगिरहेकै थियो परन्तु धार्मिक आस्थाको समाज र राष्ट्रसंग के कस्तो सम्बन्ध छ, सामाजिक जीवनसंगको धर्मको सापेक्षता कुन रूपमा सोचिनु उपयुक्त हुन्छ भन्ने जस्ता कुरालाई लिएर सामूहिक चिन्तन र प्रतिपादन गर्ने मञ्च तयार हुन सकिरहेको थिएन । यसै आवश्यकताको परिपूर्ति निम्ति समितिको स्थापना भएको हो ।

समितिको स्थापनाको पूर्व भूमिवाको सम्झना गर्दा अलि अघिको कुरा पनि सम्झना भैरहेछ । मेरो अध्ययन पूरा हुने स्थितिना थियो । २०१७ को अन्ततिर स्व. पण्डित धरणीधरज्यूसंग मेरो वाराणसीको ललिताघाट स्थित नेपाली मन्दिरको समारोहमा पहिलो भेटघाट र चिनजान भएको थियो । विद्यार्थीको रूपमा मैले पनि समारोहमा बोल्ने मौका पाएको थिएँ । मलाई उत्साहित गर्न मेरो प्रस्तुती उहाँलाई राम्रो लागेको चर्चा कार्यक्रमपछिको व्यक्तिगत भेटघाटमा उहाँले गर्नुभयो । म पनि उहाँप्रति आकर्षित थिएँ । २०१८ मा मेरो उहाँसंग काटमाडौंमा दोस्रो भेटघाट भयो । ती दुवै भेटघाटमा मेरो प्रस्तुति नेपालमा धार्मिक क्षेत्रबाट उपयुक्त कार्यक्रम सञ्चालन गर्ने बारे चर्चा भएको थियो । २०२० सालदेखि म काठमाडौंमा स्थायी बसाइ गर्न लागें । उहाँ २०१९ सालदेखि नै काठमाडौंमै रहनुहुन्थ्यो । सम्पर्क चल्दै रहन्थ्यो । अति पुरानो र अति नयाँ दुवैको मध्यविन्दुमा रहेर देशमा धार्मिक सेवा प्रस्तुत गर्ने मेरो रहर मैले दोहोऱ्याउँदै रहें । त्यसैबाट श्री दीर्घराज कोइरालाज्यूको समेत सहयोग लिई २०२३ साल कार्तिक १९ गते समितिको स्थापना भयो ।

समितिको गठननिम्ति आयोजित बैठकको संयोजक

यी पंक्तिहरूको लेखक नै थिएँ। हाल शङ्करदेव क्याम्पस रहेको भवनमा त्यस वेला पद्मकन्या कलेज चल्दथ्यो। त्यसै भवनको तल्लोतलाको प्रिन्सिपलको कोठामा बसेको बैठकले सनातनधर्म सेवासमितिको गठन गऱ्यो। समिति स्थापनाको प्रस्ताव अगि सार्दा सर्वैभन्दा पहिले यसलाई उत्साहित गर्ने स्व. पण्डित धरणीधर कोइरालाज्यू नै हुनुहुन्थ्यो। त्यसैले उहाँकै अध्यक्षतामा पहिलो कार्यकारिणी बन्यो। संयोजकको हैसियतले बैठकले मलाई महासचिव (त्यसबेला सचिव) को अभिभारा सुम्प्यो। उपाध्यक्ष र कोषाध्यक्षमा क्रमश: स्व० सरदार सोमप्रसाद उपाध्याय र स्व० तारामान सिंह स्वांर हुनुहुन्थ्यो। सहायक सचिवमा प्रा० चेतोनाथ आचार्य हुनुहुन्थ्यो। अन्य कार्यकारिणी सदस्यहरूमा—

श्री दीर्घराज कोइराला (अहिले पनि हुनुहुन्छ)

स्व. प्रो. देवी प्रसाद रिमाल

प्रा. खड्गमान मल्ल

प्रा. अम्बिका प्रसाद अधिकारी (हाल बडा-गुरुज्यू)

प्रा. रोहणी प्रसाद भट्टराई

प्रा. मधुसूदन रिसाल "प्रदीप"

श्री विश्वनाथ अग्रवाल

श्री चन्द्रानन्द वैद्य

श्री गोपीनाथ दवाडी

श्री भरतमणि रिसाल

प्रा. श्री ऋषिराम पोखरेल हुनुहुन्थ्यो।

समितिको गठनसंगै एक विधान मस्यौदा समिति पनि गठित भयो जसका सदस्य यस प्रकार हुनुहुन्थ्यो :—

श्री दीर्घराज कोइराला

श्री खेमराज केशवशरण

प्रो. अम्बिका प्रसाद अधिकारी

श्री चेतोनाथ शर्मा आचार्य

श्री गोपीनाथ दवाडी

त्यसबेला गठित पहिलो परामर्शदात्री समितिमा निम्नलिखित सदस्यहरू रहनुभएको थियो :—

स्व० पण्डितराज, सोमनाथ सिग्देल

स्व० पूर्णप्रसाद ब्राह्मण

स्व० प्रो० रेणुलाल सिंह

स्व० सरदार रुद्रराज पाण्डे

श्रीमती अंगूर बाबा जोशी

स्व० उज्ज्वलबहादुर शाहीको सौजन्यबाट पुतली सडकमा रहेको वहाँको घरको एउटा कोठामा शुरुमा ६ महिना जति समितिको कार्यालय सञ्चालन भयो। त्यसपछि स्व० सरदार विष्णुमणि आचार्यको सौजन्य एवं गुठी संस्थानको सहयोगबाट भद्रकालीस्थित संस्थानको कार्यालयको एक कोठामा केन्द्रीय कार्यालय सञ्चालन गरियो। समितिका सम्पूर्ण कार्यक्रमहरू त्यस वेला त्यहींबाट सञ्चालित हुन्थे। २०३४ सालदेखि त्यस वेलाका गुठी संस्थानका अध्यक्ष श्री बद्री विक्रम थापाको सौजन्यबाट वेदविद्याश्रमका २ वटा कोठा लिई समितिको केन्द्रीय कार्यालय सञ्चालित गरिएको छ।

यसै ठाउँमा २०३५ सालदेखि २०३८ सालसम्म प्रतिवर्ष श्री कृष्णजन्माष्टमी सम्बन्धी धार्मिक समारोहमा श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीको सवारी चलाउने सुअवसर समितिले पाएको थियो। २०२५ सालदेखि शुभारम्भ भएको श्री कृष्णजन्माष्टमी समारोहको शुभ अवसरमा श्री ५ बाट सन्देश बक्स हुने स्व. श्री ५ महेन्द्रबाट शुभारम्भ भएको क्रम हालसम्म पनि कायम रहेको छ।

समितिको गठनप्रति सर्वप्रथम स्वागत जनाउने विद्वान स्व० पूर्णप्रसाद ब्राह्मण हुनुहुन्थ्यो। २०[illegible] कार्तिक ३० गतेको गोरखा–पत्रमा प्रकाशित उहाँको वक्तव्य यसप्रकार छ :—

श्री पूर्णप्रसाद ब्राह्मणले एक वक्तव्य प्रकाशित ग[illegible] सनातनधर्म सेवासमिति गठनको स्वागत गर्नुभएको छ[illegible] वक्तव्यमा उहाँले भन्नुभएको छ— सनातनधर्मको [illegible] अर्थ हो-- असंकीर्ण, अहिंसक, सार्वभौम, मानवतावा[illegible]

आर्ष चेतना। "हरिरेव जगज्जगदेव हरिः" यस दृढ विश्वासका आधारमा अनासक्त भएर सर्वकल्याणका निमित्त सदा क्रियाशील रहनु र ऋषिप्रोक्त श्रेयोमार्गद्वारा असीम आत्मोन्नति गर्नु नै यस धर्मको लक्ष्य हो। अपौरुषेयता यसको विशेषता हो। र यो (सनातनधर्म) नै विश्व मानवमात्रको सार्वभौम धर्म हो। हिंसा प्रतिहिंसाग्रस्त, अशान्त, कोलाहलपूर्ण, सन्तप्त वर्तमान विश्वमा विश्वबन्धुत्ववादी यस धर्मका शीतल सन्देशहरू र मार्ग निर्देशहरूको नितान्त आवश्यकता छ। अतः यस धर्मका वैज्ञानिक तथ्यहरूको विश्वमा प्रचार प्रसार एवं कार्यान्वयन गरेर विश्वजीवनमा सर्वाङ्गीण परिष्कार एवं उन्नयन ल्याउने उद्देश्य लिएर हालै गठित भएको सनातनधर्म सेवासमितिको म हार्दिक स्वागत गर्दछु। र यसको पूर्ण सफलताको निमित्त आफ्नो शुभकामना पनि व्यक्त गर्दछु।

प्रश्नः– जुन उद्देश्यले यो संस्था स्थापना भएको हो त्यो उद्देश्य के कति पूरा भयो भन्ने लाग्छ यहाँलाई ?

उत्तरः– उद्देश्य पूर्तिका दृष्टिले म धेरै उत्साहित छु। समितिले साधना, सेवा र संगठनको माध्यमबाट राष्ट्रिय जीवनमा सनातन हिन्दूधर्मसंस्कृतिको पुनर्जागरणमा निकै आशा लाग्दो गरी योगदान पुऱ्याएको छ। राष्ट्रको अग्रणी संस्थाका रूपमा समिति प्रतिष्ठित भएको छ र ६२ वटा जिल्लाशाखाका साथ ३०० जति स्थानीय शाखा प्रशाखाहरूको विशाल परिवार खडा गरेर राष्ट्रव्यापी रूपमा अहिले धार्मिक सेवा प्रस्तुत गरिरहेको छ। समितिका क्रियाकलापहरूमा यू. यस. सी. क्यानाडा, साप, वाटर एड जस्ता अन्तरराष्ट्रिय दातीसंस्थाहरूको सहयोगमा भक्तपुर, धादिङ्, काभ्रे तथा सिन्धुपाल्चोक जिल्लाका विभिन्न ठाउँमा सञ्चालित खाने पानी, सिंचाई, घरेलु तालीम, विद्यालयका थप भवन निर्माण, सुँडेनी तालीम आदि कल्याणकारी सेवामूलक परियोजनाहरू उल्लेखनीय छन्। यति मै चित्त बुझाएर बस्न त मन लागेको छैन र बस्नु हुन्न पनि; परन्तु जति भएको छ त्यसबाट मलाई सन्तोष लागेको छ।

प्रश्नः– श्री ५ को सरकारबाट यस समितिले के कति आर्थिक सहायता उपलब्ध गरेको छ अथवा गर्दछ; साथै संस्थाको मुख्य आय स्रोत के रहेको छ ? केही प्रकाश पारिदिनुहुन्छ कि !

उत्तरः– श्री ५ को सरकारबाट यस समितिले स्थापनाकालदेखि नै केही सहायता त पाएको छ तर त्यो नाम मात्र छ। उदाहरणका लागि २०२५ सालदेखि शिक्षा तथा संस्कृति मन्त्रालयबाट प्राप्त हुँदै गरेको रू. ६०००।– को वार्षिक अनुदान सा. से. रा. स. प. को स्रोत पनि तात्कालिक मात्र रह्यो। अहिलेसम्म पनि त्यतिक त्यति नै छ। हो, धार्मिक आस्थाको जगेर्ना सरकारकै मात्र भरमा सम्भव होला भन्ने सोच्नु ठूलो भूल हुन्छ। परन्तु समितिका समाजकल्याणकारी सेवा कार्यक्रमहरूका लागि श्रीं ५ को सरकारले सही मूल्याङ्कन गर्नपट्टि अपेक्षित ध्यान दिन सकेको छैन जस्तो मलाई लाग्छ। सेवाको माध्यमबाट हिन्दूत्वमूलक धार्मिक कार्यक्रममा जोड दिने संस्थाहरूको देशमा साह्रै कमी छ। समिति नै यस दिशामा अग्रणी संस्था रहेको छ भन्नमा अत्युक्ति हुँदैन। परन्तु समितिले अपेक्षित सहयोग कतैबाट पनि पाउन सकेको छैन। श्रद्धालु भक्तजनहरूको सहयोग कै भरमा खडा भएको अक्षयकोष र अन्य साधनबाट समिति क्रियाशील रहेको छ।

प्रश्न – यो संस्था निकै लोकप्रियतासाथ शाखाहरू फैलाउन सफल भइरहेको छ। यसकापछि रहेको कारक तत्त्व के होला ?

उत्तरः– समितिले जे जति जनश्रद्धा प्राप्त गरेको छ यसको मूल कारण यसका पछाडि रहेको सेवा र त्यागको भावना नै हो जस्तो मलाई लाग्दछ,

किनभने यसको स्थापना कालको प्रेरक तत्त्व नै निष्काम ईश्वरीय सेवा रहेको छ। हामीले आफूले गर्ने परमात्माको सेवाको एक अभिन्न अंगका रूपमा समितिलाई लिएका छौं र समष्टि कल्याणको कार्यलाई प्रभुकै सेवा सम्झेर यस निम्ति जीवनको अधिकांश श्रम र समय लगाएका छौं। यसैले समितिमा काम गर्ने कार्यकर्ताहरूमा आशा र विश्वास जगाएको छ र मेरो विचारमा यसको शाखा विस्तारमा पनि त्यसैको प्रत्यक्ष प्रभाव रहेको छ। विगत २५ वर्षदेखि अनेकौं कष्टहरूको सामना गरेर भएपनि समितिले विभिन्न शाखा उप–शाखा-हरूको सहयोगितामा सामाजिक सेवामूलक कार्यक्रमहरू गर्दै आएको छ र यसवर्ष समितिको रजत जयन्ती मनाउन पाउँदा धेरै खुशी लागेको छ।

प्रश्नः– युवा पुस्ता परम्परागत धार्मिक आस्थाबाट कता कता टाढिए जस्तो अनुभव हुन्छ। युवा पुस्ताको सहयोग विना समाजमा आस्थाको कुनै स्थायी जागरण ल्याउन सकिन्न । नयाँ पुस्तालाई समेट्ने दिशामा समितिले के कस्तो प्रयास गरेको छ ? सो बारे जानकारी दिनुहुन्छ कि !

उत्तरः– हामीकहाँ अहिले हिन्दूहरू पूरै लाट्टिएको बेला छ। न शिक्षामा, न पारिवारिक परिवेशमा, कहीं पनि नयाँ पुस्ताका लागि आफ्नो धार्मिक, साँस्कृतिक परिचय दिने र त्यसप्रति आस्था अभिवृद्धि गर्ने वातावरण बनाउनपट्टि कुनै पनि व्यवस्था हुन सकेको छैन। न राष्ट्रिय स्तरमा, न सामाजिक स्तरमा, न त पारिवारिक स्तरमा नै। अनि नयाँ पुस्तामा स्वधर्म संस्कृतिबाट उदास भएर टाढिएको मनस्थिति छ भनेर शिकायत गर्ने हाम्रो हक पनि छ जस्तो मलाई त लाग्दैन। किन भने हामीले तिनका लागि के व्यवस्था गरेका छौं र ? मलाई त वास्तवमा नयाँ पुस्ता सधैं केही गरौं भन्ने भावनाबाट परिचालित भए जस्तो अनुभव हुन्छ। नयाँ पुस्ता त आशा र विश्वासको प्रतीक हो। त्यसमा रहेको दिव्यतालाई जगाउन सक्नु पर्दछ।

समितिको स्थापना गर्दा म स्वयं एउटा युवक थिएँ र त्यसै वेलादेखि धेरै युवक साथीहरूको सहयोग समितिले पाउँदै आएको छ र नै समितिले आजको स्थिति प्राप्त गरेको हो। समितिले नारीवर्ग र युवावर्ग दुवैमा जागरूकता र धार्मिक सेवा प्रति रुचि बनिरहोस् भनेर आफू अन्तर्गत मातृशक्ति महाशाखाको र युव–शक्ति महाशाखाको स्थापना गरेको छ। युव–शक्तिको जागरण प्रति धार्मिक क्षेत्रबाट केही योगदान पुगोस् भनेर नै समय समयमा योग प्रशिक्षण शिविर, शिक्षण संस्थाहरूमा नैतिक प्रवचन, दुर्व्यसन नियन्त्रण कार्यक्रम जस्ता कार्यक्रमहरू समितिले स्थापनाकालदेखि नै यथाशक्ति सञ्चालित गर्दै आएको छ। समाजमा धार्मिक आस्थालाई जीवित र जागृत राख्ने दिशामा यसबाट केही योगदान पनि पुगेको छ।

प्रश्नः– नेपाल संविधानतः हिन्दू अधिराज्य रही आएको छ। यसको प्रतिष्ठालाई जीवित र जागृत राख्न यहाँ के कस्ता उपायहरू आवश्यक ठान्नु हुन्छ ?

उत्तरः– नेपाल संविधानतः हिन्दू अधिराज्य रही आएको छ। वर्तमान जनादेशप्राप्त प्रजातान्त्रिक सरकारको तत्त्वावधानमा जनआकांक्षा अनुरूप बनेको नेपालको सम्विधान २०४७ ले हिन्दू अधिराज्यको रूपमा देशको धार्मिक छवि कायम राख्न ठूलो सघाउ पुऱ्याएको छ, तर सम्विधानले उल्लेख गरेको भरमा हिन्दूसमाज मक्ख परेर बस्न लाग्यो र समाजमा धार्मिक क्षेत्रबाट रचनात्मक सेवाहरू अगि बढ्न सकेनन् भने देशले अपेक्षित लाभ प्राप्त गर्न सक्ने छैन। त्यसैले साधना, सेवा र संगठनको त्रिकोणात्मक कार्यक्रम सामु राखेर हामीले स्वधर्मसंस्कृतिप्रति निरन्तर जागरूक रहनु छ। शैक्षिक क्षेत्र

सामाजिक क्षेत्र, एवं राष्ट्रिय चिन्तनका प्रत्येक पहलुमा स्वधर्मसंस्कृतिप्रतिको हाम्रो आस्थालाई जीवित र जागृत राख्न हामीले सधैं समर्पित रहनु छ। नेपाल राष्ट्र र नेपाली जातिले विश्वको मानचित्रमा आफ्नो अस्तित्व कायम गरेको शुभ वेलादेखि नै प्राप्त गरेको छवि र प्रतिष्ठालाई पुष्ट पार्ने काममा हामीले निरन्तर समर्पित रहनु छ।

प्रश्नः– यहाँले अन्तर्राष्ट्रिय क्षेत्रमा पनि पटक पटक सम्मेलनहरूमा नेपालको प्रतिनिधि वनेर भाग लिइसक्नु भएको हुनाले अन्तर्राष्ट्रमा सनातनधर्म प्रतिको आस्था र जागरूकता कुन हदसम्म पाउनुभयो ? केही जानकारी गराइदिनुहुन्छ कि !

उत्तरः– पाश्चात्य जगतमा अहिले सनातन हिन्दूधर्मको व्यापक प्रभाव परेको छ। सम्पूर्ण संसारलाई शान्ति र सद्भावनाको क्षेत्र वनाउने वैदिकधर्मसंस्कृतिको परिकल्पना अहिले फलीभूत हुन लागेजस्तो छ। अमेरिका, युरोपका विभिन्न मुलुक, जापान, हङकङ, आदि जहाँ जहाँ मैले पुग्ने सुअवसर पाएँ सनातन हिन्दूधर्मका पवित्र धार्मिक स्थलहरू स्थापित भएको, वैदिकसंस्कृतिका पवित्र शिक्षाहरूले जन जीवनमा मानवीय मूल्य यार्यादाहरूप्रति प्रेरणा जगाएको धेरै थोरै मात्रामा सवै ठाउँमा मैले देख्न पाएँ। हिन्दूधर्म संस्कृतिका विशिष्ट साधक, सन्त महात्माहरूको सत्प्रयासवाट सवैतिर मानवीय मूल्यमर्यादा प्रति प्राच्य संस्कृतिले जगाएको आस्थालाई समाजमा प्रतिष्ठापित गर्न ठूलो सघाउ पुऱ्याएको अनुभव मलाई भयो। अहिले आत्माको पुनर्जन्म, संयुक्त परिवार प्रणाली र शाकाहारी भोजनको प्रवृत्ति यी तीनवटा कुराप्रति पाश्चात्य समाजमा नयाँ चेतना जागृत भएको मैले देखें र यो सनातन हिन्दूधर्मसंस्कृतिको प्रचार प्रसारकै सुप्रभाव भन्नु वास्तविक तथ्य हुन्छ।

तर विश्व प्रेरणाको मूलस्रोत रहेको आर्यावर्तलाई "दीयाको मुनि अँध्यारो" वनाउने अनेकौं विकृतिहरूले ग्रस्त पार्न लागेको देख्नु परिरहेको छ। यस विडम्वनावाट समाजलाई वचाउने दिशामा हामीले प्रयत्न गर्नु छ। देवी देवताको नाममा हुने गरेको काटमार, जातिगत आधारमा समाजमा रहेको घृणा भावना र वढ्दो तामस आहार विहार आर्य संस्कृतिको उज्ज्वल प्रकाशमा लागेका ऐंजेरू हुन्। यिनले आध्यात्मिक संस्कृतिको प्रकाशलाई मन्द पार्न नपाऊन्। यसतर्फ सावधान रही समाजमा आध्यात्मिकता र सात्विकतालाई पुनर्जीवित तुल्याउनमा सहयोग पुऱ्याउनु छ।

⊂:o:⊃

राम वासनया बन्धं मुक्तं निर्वासनं मनः ।
तस्मान्निर्वासनीभावमाहराऽऽशु विवेकतः ।।

अर्थ— हे राम ! वासनायुक्त मन वन्धनको कारण हो भने वासनाले रहित मन मुक्तिको कारण हो।
"अतः मनलाई विवेकपूर्वक यथाशीघ्र वासनारहित वनाऊ।"

– योगवाशिष्ठसार, मनोलय– १०

ललितपुर शाखा

पुनर्गठन पश्चात् भएका कार्यक्रमको एक झलक

– सचिवको कलमबाट

सनातनधर्म सेवासमिति ललितपुर जिल्ला शाखाको पुनर्गठन केन्द्रीय अध्यक्ष आचार्य श्री खेमराज केशव शरण ज्यूको उपस्थितिमा सातदोबाटो ललितपुरमा चक्रपथ स्थित श्री लक्ष्मी महालक्ष्मी काष्ठ उद्योग, कार्यालय भवनमा श्री उपेन्द्र गोपल श्रेष्ठको सभापतित्वमा २६ सदस्यीय कार्य समितिको पुनर्गठन ०४८ आषाढ २९ गतेका दिन गरिएको थियो। नव गठित कार्य समितिका अधिकांश सदस्यहरूको जोश र जाँगरलाई सदुपयोग गर्न समितिको उद्देश्य अनुरुप सेवा र धर्म सँगसँगै लाने कार्यक्रम तर्जुमा गरेको थियो; जस अनुसार मिति ०४८ मार्ग २७ गतेदेखि सात दिनसम्म लगनखेल स्थित श्री महालक्ष्मी स्थानमा प्रमुख वक्ता आचार्य श्री खेमराज केशवशरण ज्यूबाट वाचन हुनेगरी श्री मद्भागवत ज्ञान महायज्ञको शुभारम्भ गरिएको थियो। सो सप्ताहको शोभायात्रा विभिन्न बाजाका उपस्थितिमा अभयदाता भगवान श्री कृष्णको प्रतिमूर्ति मोटरमा सजाई मंगलबजार स्थित श्रीकृष्ण मन्दिरबाट शुरु भई सयकडौं श्रद्धालुहरूको उपस्थितिमा श्रीमद्भागवतको पुस्तक सहितको शोभायात्रा मंगल बजार, धौगल, लगनखेल हुँदै सप्ताहमण्ड (महालक्ष्मी स्थान) मा पुगेर टुंगिएको थियो।

आचार्य खेमराज केशवशरणद्वारा गरिएको क प्रवचन सुन्ने सयकडौं श्रद्धालुहरूको उपस्थिति हुन्थ्यो।

शाखाको अनुरोधलाई स्वीकारी उक्त सप्ताह ज्ञ महायज्ञको प्रमुख वाचकको रूपमा के. अ. आचार्य श्री खेमराज केशवशरण हुनुहुन्थ्यो। वहाँले निःस्वार्थ भाव सप्ताह अवधिभर संकलित दक्षिणा तथा दाताहरूब दिएको चन्दा आदि रकम अक्षय कोषमा जम्मा ग निर्देशन दिनुभएको थियो। संकलित ५७,०००।– रक अक्षय कोषमा जम्मा गरिएको छ।

सप्ताह आरम्भ भैरहेका वखत गीता जयन्ती पुण्य तिथि पनि परेकोले के. का. को आह्वानमा सो स्थानमा गीता जयन्ती सम्बन्धी कार्यक्रम पनि मनाइए थियो। उक्त कार्यक्रममा भू. पू. प्रधानमन्त्री श्री कृ प्रसाद भट्टराईले गीताको महत्व बारे प्रकाश पार्नुभए थियो।

सप्ताहको अन्तिम दिन सप्ताह कार्यमा चन्दा दिई सहयोग गर्ने महानुभावहरूलाई मन्त्री श्री जगन्नाथ आचार्यज्यूले प्रशंसा पत्र तथा व्याज वितरण गर्नुभएको थियो।

सामाजिक सेवा दिवसको उपलक्ष्यमा यस ललितपुर शाखाले एकदिने रक्तदान शिविरको पनि आयोना गरेको थियो। उमा महेश्वर स्कूल तिखेदेवलको सक्रियतामा उक्त स्कूलमा भएको कार्यक्रममा १४ जना दाताहरूले रक्तदान गरेका थिए। राष्ट्रिय सभाका अध्यक्ष श्री वेनी वहादुर कार्कीले सो शिविरको उद्घाटन गर्नुभएको थियो। शाखाको तर्फवाट चीसो पेय पदार्थ वितरण गरिएको थियो।

यसै गरी यस शाखाले केही गरीव तथा जेहेन्दार वाल वालिकाहरूलाई प्रति वर्ष केही संख्यामा छात्रवृत्ति दिने योजना अनुरूप यस शैक्षिक वर्षदेखि एक जना वालकलाई छात्रवृत्ति दिने कार्य थालनी गरिसकेको छ।

यस सनातनधर्म सेवा समिति ललितपुर शाखाले माथि उल्लेख गरिएका कार्यहरूको साथ साथै केही मन्दिर तथा देवस्थलको पनि सरसफाई गर्दै आएको छ। यस शाखाको हालसम्म कुनै नियमित आय नभैसकेको र खाली चन्दादाताहरुवाट सङ्कलित रकमले मात्र धार्मिक तथा सामाजिक कार्यहरू गर्न अफठ्यारो पर्न गएकोले नियमित आयको खोजीमा शाखा अग्रसर रहेको छ।

उक्त सप्ताहमा चन्दा दिई आजीवन सदस्य तथा सदस्य बन्ने चन्दा दाताहरूको नामावली निम्न वमोजिम छ–

	नाम	टोल		चन्दा दिएको रकम
१)	वैकुण्ठ कलात्मक काष्ठ उद्योग—	पाटन औद्योगिक क्षेत्र—	—	५००।–
२)	नेपाल ऊड सर्भिस —	,,—	—	५००।–
३)	हिमालयन ब्रुअरी—	गोदावरी, ललितपुर—	—	१,०००।–
४)	चांद सिंह—	एकान्तकुना, ललितपुर —	—	५०१।–
५)	वावुकाजी प्रधान—	महालक्ष्मीस्थान, चक्रपथ—	—	५०१।–
६)	नरेन्द्र गिरी—	तिखेदेवल, ललितपुर—	—	५००।–
७)	बाल नरसिंह सिजापति—	ताल्छीखेल ,, —	—	५०१।–
८)	वल वहादुर वुढाथोकी—	सोमाहिटी, ,, —	—	५०१।–
९)	रत्न थापा—	ज्ञानेश्वर—	—	५०१।–
१०)	वीर वहादुर राई—	वालुवाटार—	—	५०१।–
११)	प्रजय, प्रसिद्ध र प्रसन्न राणा—	महालक्ष्मी स्थान, ललितपुर—	—	५०१।–
१२)	आर. वि. गुरूङ्ग—	ढोंलाहिटी, ,,	—	५०१।–
१३)	कृष्ण भक्त—	सोंठ ,,	—	५०१।–
१४)	कृष्ण कुमार ढुङ्गाना—	महालक्ष्मी स्थान ,,	—	५५५।–
१५)	वल वहादुर सुनुवार—	,, ,,	—	७०५।–

१६)	किरण श्रेष्ठ—	सातदोबाटो ललितपुर	—	५०१।–
१७)	मोहिनी सँजु—	मानभवन "	—	५०१।–
१८)	कृष्ण वहादुर श्रेष्ठ—	ल. पु., वार्ड नं. ५ —	—	५५०।–
१९)	आर. के. कार्पेट उद्योग—	महापाल—	—	५०१।–
२०)	ललितपुर उद्योग वाणिज्य संघ–	ल. पु. भीमसेनस्थान—	—	७,००१।–
२१)	पृथ्वी वहादुर थापा क्षेत्री—	—	—	११०५।–
२२)	पार्वती थापा—	ल. पु महालक्ष्मीस्थान—	—	११०१।–
२३)	धन अधिकारी—	डिल्लीवजार—	—	५००५।–
२४)	कृष्णमान प्रधान—	सनवहाल—	—	१,१०१।–
२५)	भक्त नरसिंह अमात्य—	ल. पु. मङ्गलवजार—	—	१,१०१।–
२६)	हिरण्य मान प्रधान—	त्यौड, काठमाडौं—	—	२,१०५।–
२७)	कृष्ण देवी श्रेष्ठ—	चक्रपथ, ल. पु.—	—	१,१०१।–
२८)	श्रीमती शान्ती सिजापति—	ल. पु. लगनखेल—	—	१,१०१।–
२९)	कमान सिंह गुरुङ्ग—	महालक्ष्मीस्थान ललितपुर—	—	१,१०१।–
३०)	सुन्दरलाल ताम्राकार—	ल. पु. हौगल –	—	१,१०१।–
३१)	आफूलाल र रामलाल—	" तुम्बाहाल--	—	१,१०१।–
३२)	वि० के० श्रेष्ठ—	ताहाचल—	—	१,१०१।–
३३)	ऋद्धिहर्ष वज्राचार्य—	वागवजार—	—	१,१०१।–
३४)	सनातनधर्म सेवासमिति—	सिन्धुपाल्चोक शाखा—	—	१,१०१।–
३५)	सरदार कर्नल सिंह—	ल. पु. झम्सिखेल—	—	१,१०१।–
३६)	रामकृष्ण श्रेष्ठ—	" भीमसेनस्थान—	—	१,१०१।–
३७)	राजभाई महर्जन—	" नःटोल—	—	१,१०१।–
३८)	जुजुभाई महर्जन—	" " —	—	१,१०१।–
३९)	नरेश कुमार ताम्राकार—	" हौगल—	—	३,४००।–
४०)	गुञ्जमान महर्जन –	" प्रयागपोखरी—	—	४,६००।–
४१)	उपेन्द्र गोपाल श्रेष्ठ—	" चक्रपथ —	—	६,१००।–
४२)	हरि नरसिंह अमात्य—	" मङ्गलवजार—	—	३,५००।५०
४३)	कान्छा थापा—	" तिखेदेवल —	—	१,००१।–
४४)	माणिक रत्न शाक्य—	" चक्रपथ—	—	३,५०१।–
४५)	हिमाल चरण प्रधानाङ्ग—	पाटन औद्योगिक क्षेत्र—	—	३,४००।–

४६)	सुरेश कार्की—	ललितपुर तिखेदेवल—	१,०००।–
४७)	ईन्द्र कुमार तन्डुकार—	—	१,००१।–
४८)	यज्ञ वहादुर के. सी.	ललितपुर सातदोवाटो—	४,६००।–
४९)	उमेश श्रेष्ठ	,, धोविघाट—	१,०००।–
५०)	काभ्रे आईरन इण्डस्ट्रिज—	,, तिखेदेवल—	१,०००।–
५१)	हिमालय डेयरी—	,, लगनखेल—	१,००१।–
५२)	आशा वहादुर नुगः—	,, सुन्धारा—	५००।–
५३)	मीरा न्यौपाने—	,, सातदोवाटो—	५००।–
५४)	शङ्कर महर्जन—	,, पाटन ढोका—	५००।–
५५)	सरमिता र सर्वज्ञमान मास्के	,, चक्रपथ—	५००।–
५६)	हरि गोविन्द फैजु—	,, चक्रपथ—	५००।–
५७)	गोवर्धन थापा—	,, लगनखेल—	५००।–
५८)	गुरु प्रसाद ढुङ्गाना—	,, थसिखेल—	५००।–
५९)	विश्वम्भर थापा—	ललितपुर सातदोवाटो—	५००।–
६०)	प्रदीप पौडेल—	जनकपुर—	५००।–
६१)	रत्न थापा—	ज्ञानेश्वर—	५००।–
६२)	आफूलाल—	ललितपुर तुम्वहाल—	५००।–
६३)	उदयलाल—	,, सातदोवाटो—	५०१।–

सप्ताहको सागि नपुग थप रकम दिई सहयोग गर्ने व्यक्तिहरूको नामावली यस प्रकारकार छ–

१)	उपेन्द्र गोपाल श्रेष्ठ—	ललितपुर सातदोवाटो—	२,०००।–
२)	यज्ञ वहादुर के. सी.—	,, ,, —	१,५००।–
३)	माणिक रत्न शाक्य—	,, ,, —	१,५००।–
४)	हरि नरसिंह अमात्य	,, मङ्गलवजार—	१,०००।५०
५)	नरेश कुमार ताम्राकार—	,, सातदोवाटो—	१,५००।–
६)	हिमाल चरण प्रधान—	,, पाटन औद्योगिक क्षेत्र—	१,५००।–
७)	गुञ्जमान महर्जन	ललितपुर प्रमाग पोखरी—	१,५००।–

यसरी छोटो समयमै श्रद्धालु भक्तजन एवं आस्थावान सहयोगी वन्धु वान्धवहरूको ममता र प्रेमले सप्ताह र रक्तदानको कार्य सञ्चालन गर्न सकेका थियौं। यस्तै श्रद्धालुवाट सहयोग पाइरहने आशा समितिले लिएको छ।

पुनर्गठित कार्यसमितिमा कार्यकारी सदस्यहरूको नामावली यस प्रकार छ—

१) सभापति – श्री उपेन्द्र गोपाल श्रेष्ठ
२) उप-सभापति – श्रीमती मीरा शर्मा नेउपाने
३) सचिव – श्री सुरेश कार्की
४) कोषाध्यक्ष – श्री हरिनरसिंह अमात्य
५) सह-सचिव – श्री मुकुन्द प्रसाद निरौला
६) सदस्य – श्री आशा वहादुर नुगः
७) " – श्रीमती शान्ति सिजापती
८) " – श्री मोहन प्रसाद जोशी
९) " – श्री धनकान्त राजोपाध्याय
१०) " – श्री माणिकरत्न शाक्य
११) " – श्री सुवर्णलाल जोशी
१२) " – श्री यज्ञवहादुर के. सी.
१३) " – श्री गुन्जमान महर्जन
१४) " – श्री चन्द्रकुमार राई
१५) " – श्री वज्रवहादुर राई
१६) " – श्रीमती सीता वोहरा
१७) " – श्रीमती पवित्रा जोशी
१८) " – श्री श्याम मलेकू

सल्लाहकार


१) डा० वासुदेव पौडेल
२) डा० रामछायामान अमात्य
३) ई० ऋषि शर्मा.

आर्थिक उप-समिति

१) श्री हिमाल चरण प्रधानाङ्ग
२) श्री नरेश कुमार ताम्राकार

प्रचार प्रसार उप-समिति

१) श्री केशव गजुरेल
२) श्री प्रद्युम्न वहादुर प्रधान
३) श्री लक्ष्मणध्वज कार्की







२०४९ भाद्र ५ गते, पाटन सुन्धाराबाट शुरू हुने श्रीकृष्णपूजामा सहभागी बनौं

ललितपुर एक यस्तो स्थल हो जो मन्दिरै मन्दिरको नगरमा गनिन्छ। यहाँ जता-ततै मन्दिरै मन्दिर छन्। यस नगरको मुख्य स्थान मङ्गलबजारमा ढुङ्गाको एक भव्य मन्दिर छ। जसमा भगवान श्री कृष्ण सत्यभामा र रुक्मिणी सहित बालगोपालको राज भएको छ। हिन्दूधर्मावलम्वीहरूका लागि अति उत्तम मानिने यो पवित्र स्थल पर्यटकहरूको लागि अवलोकनको विषय बनेको छ।

यसै मन्दिरबाट प्रथम पटक, आजभन्दा ७०-८० वर्ष पहिले श्रीकृष्णजन्माष्टमीका भोलिपल्ट अर्थात् नवमीका दिनमा "श्रीकृष्णपूजा" सञ्चालन भएको थियो। यस नगरमा जम्मा ३६० "श्रीकृष्णप्रतिमा"हरूको स्थलगत यात्रा गर्ने चलन थियो। विहान ५ बजेदेखि शुरू भई साँझ ५ बजेसम्म नगर-परिक्रमा गर्ने गरिआएको यो २०४९ साल भाद्र ५ गते, (श्रीकृष्णजन्माष्टमीको दोस्रो दिन) "श्रीकृष्णपूजा" चलाउने दिन भएकोले सम्पूर्ण श्रद्धालु भक्तजनहरू विहान ५ बजे पाटन सुन्धारामा भेला भई पुण्य सञ्चय गर्नुहुन सम्पूर्ण भक्तजनहरूमा सादर अनुरोध छ-

श्रीकृष्ण भजन मन्दिर
ललितपुर सुन्धारा

ॐ कार परिवार

– उपेन्द्र गोपाल श्रेष्ठ

सभापति– सनातनधर्म सेवासमिति
जि. शा., ललितपुर

ॐ परब्रह्म हो । यसलाई वैदिक, बौद्ध, जैन र सिक्ख यी चारै सम्प्रदायले स्वीकारेको छ । तसर्थ यी चार सम्प्रदायहरू ॐकार परिवार भनेर चिनिन्छन् । यसैले यी चार सम्प्रदाय विशाल हिन्दूधर्म संस्कृतिका चार हांगा हुन् । वास्तवमा यी चारै सम्प्रदाय (हिन्दू धर्मावलम्वी) अनुयायीहरूले जुनसुकै धार्मिक कार्य जस्तै– विवाह, व्रतवन्ध आदि आदि विभिन्न शुभकार्य शुभारम्भ गरी सञ्चालन गर्दा मङ्गल, सुख, शान्ति प्राप्त हुने नै मानि आएका छन् । जसवाट हामीहरूको धर्म–संस्कृति एउटै हो भन्ने कुरामा दुई मत हुँदैन । यो निर्विवाद कुरा हो ।

हामी एउटै धार्मिक धरातलमा हिँडिरहेका छौं । ईश्वरको आराधना पनि एउटै प्रक्रियावाट सञ्चालन भैरहेको छ । हाम्रो मूल मन्त्र पढ्दा "ॐ" नै पहिले उच्चारण हुन्छ, यसवाट पनि यी चार सम्प्रदाय एउटै मूलवृक्षका हांगा हुन् भन्ने कुरा स्पष्ट भएको छ ।

हो, दर्शनहरू आ–आफ्नै किसिमका छन्, तर प्रत्येक दर्शनको भावना र लक्ष्य एउटै रहेको छ– "अहिंसा परमो धर्म " ।

भगवान श्री कृष्णको दिव्य उपदेश गीतामा पनि विशेषतः यही कुरा पाइन्छ, भगवान गौतम वुद्धले पनि यही कुरा सिकाउनु भएको छ; गुरु नानकको पनि यही शिक्षा आफ्ना शिष्यहरूमा छ एवं भगवान महावीरले पनि यही कुरा वोध गराउनु भएको छ । यसर्थ हामी एकै परिवारका हौं । एउटै धारामा प्रवाहित र प्रभावित छौं ।

"ॐ स्वस्ति"

भोगवासनमा याति बन्धो दार्ढ्यमवस्तुजः ।
तयोपशान्तया याति बन्धो जगति तानवत् ।।

अर्थ– भोग वासना बढे भने संसार वन्धनमय हुन्छ तथा भोग वासना हट्नासाथ जन्म मृत्युको वन्धन पनि हट्दछ ।

– योगवाशिष्ठसार, जगन्मिथ्या– १२

वाद्य शिरोमणि गणेशलालको जीवनी

—संगीत प्रवीण —मोहन प्रसाद जोशी

सम्वत् १९५८, मार्ग शुक्ल चतुर्दशीका दिन ललितपुर गा:वहालमा जन्मनुभएका वाद्य शिरोमणि गणेशलालका पिताको नाम प्रेमलाल र माताको नाम पद्मकुमारी थियो। ५ वर्षको उमेरदेखि नैं उहाँ नाचगानमा लागेर धेरैंजसो देवस्थलहरू घुमिसक्नुभएको थियो। ७ वर्षको उमेर मैं वहाँका आँखा विफरले लगेको थियो। यस्तो सुरदास अवस्थामा पनि वहाँले आफ्नो संगीत क्षेत्र छोड्नुभएन। ललितपुरको इखालखु बस्ने स्व० लक्ष्मीदासवाट तवलावादन सिक्नुभयो। ११ वर्षको उमेरमा संगीत शिक्षा हासिल गर्नका लागि भारत जानुभयो। १२ वर्षको उमेरमा गायन तथा वादनमा रिकर्ड पनि गर्नुभयो। वहाँले भारतमा पं० विष्णुनारायण भातखण्डे तथा विष्णु दिगम्वर पलुस्कर जस्ता सुप्रसिद्ध संगीतज्ञहरूसित संगीत ज्ञान हासिल गर्नुभएको हो।

वहाँका कार्य :-

भारतका ग्वालियरवासी हाफिज अली खां सरोद वादकले एकदिन दौडिरहेको घोडालाई आफ्नो सरोदको धुनमा टक्क रोकिदिएका थिए भने नेपालका वाद्य शिरोमणि गणेशलालले उडिरहेका चरालाई आफ्नो वाजाका धुनमा नचाइदिएका थिए।

एकदिन २०१६ साल भाद्र महिनाको दिन थियो, जावलाखेल खोकना हुँदै दक्षिणकालीको वाटो फर्पिङ्ग नारायणनाथमा आराम गरिरहेका वेला, रातको करीव ६ वजेको समयमा भीमसम्शेरवाट वकस पाएको "एकभित्ते" वाँसुरी जस्तो वाजा वजाउँदा आकाशमा उडिरहेको कोइली वाजाको धुन अनुसार आफू पनि त्यही धुनमा सार मिलाउँदै, सुर मिलाउँदै त्यही धुन, त्यही सुर निकाली दक्षिणकालीसम्म गणेशलालका पछि पछि

लागेर पुगेको थियो ।


एकदिन, अमेरिकी एकर्डियन वादक "लाभोयति" चकित हुनुभयो । वहाँले "हार्मोनियम बजाएको होइन, यसभित्र त मिशिन छ," भन्ने आशंकाले अनुसन्धान गर्नुभयो, तर त्यो मिशिनरी वाजा नभएर साधारण हार्मोनियम नै थियो ।

स्व० गणेशलालले १६ वटा तबलाको तरंग सृजना पनि गर्नुभयो। जुन तरंगलाई सुनेर पं. श्री विष्णु दिगंबर ज्यूले वहाँलाई पदकले समेत विभूषित गर्नुभएको थियो । यस तरंगको प्रभावले स्व. पं० जवाहरलाल नेहरू तथा चीनका तात्कालिक प्रधानमन्त्री चेवेन समेत अति प्रभावित भएका थिए।

तबलाको उक्त तरंगमा झ्याउरे एवं आधुनिक गीतहरुको पनि धुन बजाउने गणेशलालले धेरै शिष्यहरू वनाउनुभएको थियो । शिष्य वनाउँदा, पहिले गाना सिकाएर मात्र वाद्य वादनमा हात लगाउन दिने गणेशलालका चेलाहरू एक वाजामा निपुणता प्राप्त गरेर अरु पनि वाजाहरू सिक्दथे ।

विहानचुली–

२०१६ सालमा रेडियो नेपालले नेपालीपनको आफ्नै मौलिकताको धुन रिर्काडिङ गर्न गणेशलाल र गोविन्दलाललाई वोलाएको थियो । फलस्वरूप गणेशलालले "विहानचुली" नामक धुनमा अलाप्न लाग्दा शुरु देखि नै तान, टुक्रा, झाला, तिहाई इत्यादि राखी शृङ्गार भरिदिनुभयो । यो त उहाँले रेखामात्र कोर्नुभएको थियो । त्यस प्रकारका धेरै नै नेपाली रागहरू वहाँले दिनुभयो । ती रागहरूको खोजी गरेर तिनमा अझ शृङ्गार ल्याउनु हामी सवै कलाकारको कर्तव्य हो ।



न कुर्यात्कर्हिचित्सख्यं मनसि ह्यनवस्थिते ।
यद् विश्रम्भाच्चिराच्चीर्णं चस्कन्द तप ऐश्वरम् ॥

अर्थ :– चञ्चल मनको विश्वास तपस्वीले पनि गर्दैनन् । किनभने एकपल्ट पनि मन अर्कातिर पुग्योभने सम्पूर्ण तपस्याको फल लिएर जान्छ ।

— भागवत्



सनातन धर्म सेवा समिति ललितपुर शाखाद्वारा आयोजित श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञको शुभारम्भमा मंगल वजारदेखि शुरु भएको शोभा - यात्राको एक झलक ।



सप्ताह ज्ञान महायज्ञ उद्यापन (साङ्गे)को लागि कार्यकर्ताहरू चरुमा संकल्प लिँदै हुनुहुन्छ ।





उमामहेश्वर इङ्गलिश स्कूलको सक्रियता तथा ल.पु. शाखाको आयोजनामा रक्तदान शिविर को उद्‌घाटन गर्नुहुँदै राष्ट्रिय सभाका अध्यक्ष - श्री वेणीवहादुर कार्की ।



रक्तदान शिविरमा भाग लिई रक्तदान गर्दै हुनुहुन्छ श्री सुरेन्द्र गोपाल श्रेष्ठ ।

नव वर्ष २०४९ को

सुखद अवसरमा

समस्त देशवासीको उत्तरोत्तर प्रगति

एवं

सुख समृद्धिको लागि

हार्दिक मंगलमय

शुभ-कामना व्यक्त गर्दछ ।



जावलाखेल ह्याण्डिक्राफ्ट सेन्टर (प्रा०) लि०

जावलाखेल एकान्तकुना

ललितपुर

पो० ब० नं० २६३

मुद्रक :- जोशी मुद्रणालय (प्रा.) लि., बबाको, शहीद शुक्र मार्ग, ललितपुर । फोन नं. ५-२१४७६